CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवत महापुराणबाट

ज्ञान र भक्ति

सम्बन्धी केही श्लोकहरू २०६३

शरत्कुमार भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवत महापुराणबाट

भक्ति र ज्ञान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

☞ प्रकाशित ग्रन्थको नाम:

भक्ति र ज्ञान

☞ लेखक:

श्रीशरत्कुमार भट्टराई

☞ सर्वाधिकार: @ लेखकमा सुरक्षित

☞ प्रकाशक: श्रीराजर्षिजनकस्मृति कोष

☞ प्रकाशन मिति: २०६३ साल नववर्ष

☞ प्रथम पटक:

१००० प्रति

☞ मूल्य: रु. १००/-

☞ कम्प्यूटर टाइप सेटिङ्ग:

श्रीराजेन्द्रराज दाहाल

☞ प्राप्तिस्थान:

१. साझा प्रकाशन

२. श्रीपशुपतिनाथ धार्मिक पुस्तक पसल,
शङ्कराचार्य मठ, पशुपति, काठमाडौं

☞ मुद्रक: nptc 4811226, 4811371

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

श्रीराजर्षिजनकस्मृति कोषकातर्फबाट यसको स्थापनाकालदेखि नै कोषको मुखपत्रको रूपमा दार्शनिक पत्रिका जनकको साथै ज्ञान भक्ति वा धर्मका सम्बन्धमा लेखिएका कृतिहरू यस कोषले साधनले भ्याएसम्म प्रकाशन गर्दै आएको छ। यस कोषले पहिलो सहप्रकाशनका रूपमा जनकशिक्षासामग्रीकेन्द्रसँग मिलेर गीतातत्त्वप्रकाशको प्रकाशन गरेको थियो । दोस्रो प्रकाशनका रूपमा ब्रह्मजिज्ञासा कृतिको प्रकाशन गरेको थियो । तेस्रो प्रकाशनमा पशुपतिको सेरोफेरो परेको थियो भने चौथो प्रकाशनमा भक्ति र ज्ञान नामक कृति परेको छ। कोषले भ्याएसम्म भर्सक अद्वैतवेदान्त, ज्ञान र भक्तिका सम्बन्धमा लेखिएका वा अनुदित गरिएका ग्रन्थहरूका साथै धर्म र संस्कृतिका सम्बन्धमा लेखिएका ग्रन्थहरू पनि क्रमशः प्रकाशन गर्दै जाने लक्ष्य राखेको छ। यस पटकको प्रकाशनमा श्रीशरत्‌कुमार भट्टराईले श्रीमद्‌भागवत महापुराणका महत्त्वपूर्ण श्लोकहरूको छन्दमा अनुवाद गरी तयार गर्नुभएको कृति पर्न गएको छ। यो कृति प्रकाशन गरी रसिक तथा भावुक पाठकहरूका समक्ष प्रस्तुत गर्न पाउँदा यस कोषलाई अत्यन्त आनन्दको अनुभूति हुन गएकोछ। आफ्नू यस कृतिलाई पुस्तकका रूपमा प्रकाशन गर्ने मौका कोषलाई दिनुभएकोमा कोषका तर्फबाट भट्टराईजीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

धन्यवाद।

२०६३ नव वर्ष

श्रीराजर्षिजनकस्मृतिकोष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविताक्रम

क्रम	कविता	पृष्ठ
१.	भूमिका	१
२.	मङ्गलाचरण	२६
३.	भीष्मस्तुति	३७
४.	सबीजयोग (भक्तिको लक्षण)	४६
५.	आमाको गर्भबाट जिवात्माले गरेको स्तुति	६४
६.	रहूगणजडभरतसम्वाद	७०
७.	देवताहरूको गीत	१०८
८.	वृत्रासुरको स्तुति	११२
९.	प्रहलादको उपदेश	११५
१०.	प्रहलादको स्तुति	११८
११.	वेणुगीत	१४४
१२.	प्रणयगीत	१५४
१३.	गोपीगीत	१५९
१४.	युगलगीत	१६६
१५.	विरहगीत	१७६
१६.	भ्रमरगीत	१८२
१७.	गोपिनीहरूलाई श्रीकृष्णको सन्देश	१८८
१८.	वेदस्तुति	१९७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवत महापुराणबाट

भक्ति र ज्ञान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

योऽन्तःप्रविश्य मम वाचमिमां प्रसुप्तां
सञ्जीवयत्यखिलशक्तिधरः स्वधाम्ना ।
अन्यांश्च हस्तचरणश्रवणत्वगादीन्
प्राणान्नमो भगवते पुरुषाय तुभ्यम् ॥

आफैं पसी हृदयका तह भित्रसम्म ।
शक्ति प्रसारण गरी सबतर्फ टम्म ॥
दिन्छौ प्रसुप्त जड वाक्कन शक्ति नाथ !
गर्छु प्रणाम भगवन् ! अति भक्तिसाथ ॥

मैले २०१५ सालदेखि कविता लेख्न थालिसकेको थिएँ । साहित्यमा रुचि लिनु र त्यसमा पनि कविता विधामा बढी आकर्षण हुनु मेरो खानदानी परम्परा र घरको वातावरणले गर्दा पनि हो । भानुभक्तीय रामायण, नेपाली महाभारत, बुद्धिविनोद, सत्यकलीसम्वाद र नेपाली कृष्णचरित्र आदि त्यस समयका लोकप्रिय छन्दोबद्ध कविताहरू मेरा घरमा सधैंजसो पठनपाठन भइरहन्थे । मैले वास्तवमा मेरी गुरुआमा बालकुमारीज्यूको काखमा बसेर नै भानुभक्तीय रामायण पढ्दापढ्दै अक्षर चिनेको थिएँ । त्यतिमात्रै होइन मेलापात, बिहाबारी, चाडपर्व र स्थानीय जात्राहरूमा समेत छन्दमा लेखिएका कविताहरू कण्ठस्थ गरेर जुवारीका रूपमा समेत गाउँने चलन थियो । पढेका र नपढेका महिला तथा पुरुषहरू दुःख र सुखमा समेत यिनै छन्दोबद्ध कविताहरू गुनगुनाउने गर्दथे । यी कविताहरू सबै समयमा मनका भावनाहरू अभिव्यक्त गर्ने माध्यम बनेका थिए । यसका अतिरिक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस वेला स्थानीयरूपमा प्रचलनमा आएका सँगिनै, झ्याउरे, भजन, बालुन र लोकगीत आदि गाउने व्यापक प्रचलन थियो। अपठित व्यक्तिहरू खास गरेर महिलाहरू आफूले घरमा भोगेका बुहार्तनका दुःखहरू, सासु र बुहारीका बीचका झगडाका कुराहरू, पतिसँग भएको बिछोडको विरह, पतिले हेलाँ गरेको कथाव्यथाका साथै माइती घर सम्झेरसमेत आफैं स्वस्फूर्तरूपमा कविता र गीतहरू कथेर गाउँथे र आफ्नो अन्तर्हृदयको भावना बाहिर अभिव्यक्त गर्दथे। मेरा पिताजी सामान्य व्यवहारमा समेत कविता लेखेर आफ्नो भावना व्यक्त गर्नुहुन्थ्यो। चिट्ठी र चिना लेख्दासमेत कवितामा नै लेख्ने उहाँको बानी थियो। उहाँले मलाई कवितामा लेख्नुभएका पत्रहरू मसँग अझै सुरक्षित छन्। मेरी गुरुआमा कविता तयार गर्नमा सिद्धहस्त नै हुनुहुन्थ्यो। मेरी आमा रन्धता कविता, गीत र भजनहरू कथेर कण्ठै गाउनुहुन्थ्यो। त्यसै गरी मेरा दिदी बहिनीहरूमा पनि त्यो परम्परागत गुण आएको छ। यही गुण मेरा दाजु श्रीपशुपतिप्रसाद भट्टराईमा पनि अझ प्रखररूपमा अभिव्यक्त हुनगएको छ। उहाँ सानैदेखि वार्णिक छन्दमा, यदाकदा मुक्तकमा र गद्यमा पनि कविता लेख्ने गर्नुहुन्छ। दाजुले २०१७-१८ सालतिर खोटाङ जिल्लाको बुइँपा माध्यमिक विद्यालयमा शिक्षक भएर बस्दा एउटा हस्तलिखित साहित्यिक पत्रिका गोरेटो निकाल्नुभएको पनि थियो।

यसरी सानैदेखि घरको परिवेश र स्थानीय वातावरणसमेतले पनि मलाई साहित्यतर्फ कलम चलाउन प्रेरित गरेको थियो। २०११ सालतिर दाजु श्रीपशुपतिप्रसाद भट्टराई काठमाडौंबाट घर जाँदा राष्ट्रकवि श्रीमाधवप्रसाद घिमिरेको अप्रकाशित गौरी काव्यको हस्तलिखित प्रति लगेर उहाँले घरमा सस्वर सुनाउनुभएको थियो। सो कविता सुनाउँदा मेरा घरका सबै जना रोएका थिए। त्यसले पनि मेरो बालहृदयमा गहिरो छाप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारेको थियो । यी सबै कारणले गर्दा म काठमाडौं पढ्न आएको वेलादेखि नै नेपाली साहित्यको अध्ययन र लेखनतर्फ प्रवृत्त भएको थिएँ । शुरुशुरुमा मैले निबन्ध र कहानीका साथै गद्य तथा पद्य दुवै विधाका कवितामा कलम चलाएको थिएँ । २०५१ सालमा मैले प्रकाशित गरेको कवितासङ्ग्रह सिर्जनाका फूलहरूमा मेरा प्राथमिक कालका सिकारु अवस्थाका गद्य तथा पद्य दुवै थरी कविताहरू समाविष्ट भएका छन् ।

उपर्युक्त अनुसार मेरो काव्ययात्राको उल्लेख गर्ने सन्दर्भमा २०५१ सालसम्म पुगेकोमा म फेरि २०१८ सालतर्फ नै फर्कन लागेकोछु । मैले उत्तरमध्यमा उत्तीर्ण गरिसकेपछि मेरो इच्छा साहित्य विषय लिएर नै शास्त्री र आचार्यसमेत गर्ने थियो । साहित्यमा रुचि भएको र साहित्य विषय लिएर पढेपछि साहित्यतर्फ अघि बढ्न अत्यन्त सुगम हुन्छ भन्ने मेरो धारणा थियो । त्यतिमात्र होइन यसबाट जीवनयापन गर्न सजिलो हुनेछ, नाम चल्नेछ, जीवन सरस र सुगम हुनेछ भन्ने पनि मलाई लागेको थियो । यस सम्बन्धमा मम्मटाचार्यले आफ्नो साहित्यप्रकाशमा उल्लेख गर्नुभएको "काव्यं यशसेकर्थकृते व्यवहारविदे शिवेतरक्षतये । सद्यः परनिर्वृतये कान्तासम्मिततयोपदेशयुजे"का साथै विश्वनाथ कविराजले साहित्यदर्पणमा "चतुर्वर्गफलप्राप्तिः सुखादल्पधियामपि । काव्यादेव यतस्तेन तत्स्वरूप निरूप्यते"का साथै "धर्मार्थकाममोक्षेषु वैचक्षण्यं कलासु च । करोति वृत्तिं प्रीतिं च साधुकाव्य निषेवणम्" भनेर उल्लेख गर्नुभएको कुरा पनि मैले सम्झिएको थिएँ । यसतै र यिनै खालका प्रेरणादायी भनाइहरूसमेतबाट म साहित्य विपय लिएर संस्कृत तर्फको उच्च शिक्षा प्राप्त गर्ने आकाङ्क्षा लिएर अग्रसर भइरहेको वेलामा संस्कृत जगत्का मूर्धन्य विद्वान् तथा त्यस वेलाका संस्कृत महाविद्यालयका प्रधानाचार्य श्रीपद्मप्रसाद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भट्टराईज्यूले एक दिन आफ्नो कार्यकक्षमा मलाई बोलाएर मेरो पढाइको बारेमा सोध्नुभएको थियो । वास्तवमा यसरी मलाई सोध्नुपर्ने कारण के थियो भने, २०१४ सालमा मैले संस्कृत पढ्न शुरु गरेको पनि उहाँकै प्रेरणा र निर्देशनबाट नै थियो । २०१३ सालमा रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रथमा पढ्दापढ्दै बेरामी भएर म सोही वर्षको श्रावण महिनामा घर फर्किएको थिएँ । २०१३ साल फागुनमा तुरुन्तै पढ्न भनेर फेरि म काठमाडौं आएपछि संस्कृत नपढ्ने तर अङ्ग्रेजी नै पढ्ने निश्चय गरी नक्सालको रात्रिपाठशालामा भर्ना भएर मैले पढ्न पनि थालिसकेको थिएँ । त्यस वेला आदरणीय श्रीपद्मप्रसाद भट्टराईज्यू वनारसबाट काठमाडौं आएर मैतीदेवीफाँटमा डेरा गरेर बस्नुभएको थियो । ऐतिहासिक दृष्टिकोणबाट हाम्रा पुर्खाहरू गुरु पद्मप्रसाद भट्टराईको गृहस्थल सालु नजिकैको सुनारपानी विर्ताबाट पूर्वतर्फ बसाईं सरेर गएका थिए भने उहाँका पुर्खाहरू चाहिँ सालुमा नै बसेका रहेछन् । बसाइका दृष्टिकोणले टाढा भए ता पनि रगतको साइनु भने उहाँसँग हाम्रो नजिकैको रहेछ । गुरुलाई बिहानको समयमा गएर डेरामा नै मैले भेटेको थिएँ । भेटघाटको क्रममा उहाँले संस्कृत पढ्ने सल्लाहा मलाई दिनुभएको थियो । त्यस समयमा चाँडै नै तीनधारा संस्कृत छात्रावासमा श्री ५ को सरकारले नयाँ विद्यार्थीहरू भर्ना गर्ने भएको रहेछ । भर्ना गर्नका लागि विद्यार्थीहरूको आवश्यकता परेको कुरा पनि उहाँले मलाई बताउनु भएको थियो । तीनधारा संस्कृत छात्रावासमा धेरै वर्षदेखि अवरुद्ध रहेको भर्नाको क्रम फेरि शुरु हुने कुरा सुनेपछि र गुरुको प्रेरणासमेत प्राप्त भएपछि म संस्कृत पढ्न उत्साहित भएको थिएँ । घरबाट आफ्नै खर्च खेपेर उच्च शिक्षा हासिल गर्न म जस्तो निम्नमध्यम वर्गको दुर्गम पहाडको विद्यार्थीलाई सम्भव पनि थिएन । गुरुको प्रेरणाले मैले रानीपोखरी संस्कृतप्रधानपाठशालामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर्ना भई संस्कृत पढ्न थालेको थिएँ । (यस क्रममा मलाई परेका बाधाव्यवधानहरूको सम्बन्धमा र म कसरी पूर्वमध्यमाको कक्षामा भर्ना भई पढ्न सफल भएँ भन्नेसमेत कुराको विवरण मेरो पत्रैपत्र नामक किताबको भूमिकामा मैले उल्लेख गरिसकेको छु) पूर्वमध्यमाको अध्ययनका क्रममा एकै वर्षमा धेरै पढ्नुपर्ने भएको हुँदा आदरणीय अग्रज श्रीश्याममणि सिग्देलबाट मैले पढाइमा सहयोग पाएको थिएँ । २०१५ सालमा मैले पूर्वमध्यमाको परीक्षा साहित्य विषय लिएर वाराणसेय संस्कृत विश्वविद्यालयबाट उत्तीर्ण गरेँ । त्यसपछि २०१५ सालमा नै तीनधारा संस्कृत छात्रावासमा भर्ना खुल्यो र म भर्ना पनि भएँ । त्यसबाट मेरो भविष्यको मार्ग प्रशस्त भएको थियो । म रातमा अङ्ग्रेजी र दिनमा संस्कृत पढ्दथेँ । यसरी दोहोरो पढ्नुपर्दा मैले साह्रै मिहिनेत गर्नुपरेको थियो । यसका अतिरिक्त २०१५ सालको आम निर्वाचनमा भाग लिन पूर्वी पहाडको भ्रमणमा नेपाली काङ्ग्रेसका नेता श्रीसूर्यप्रसाद उपाध्यायकासाथ केही विद्यार्थीहका साथ म गएको थिएँ । पूर्वी पहाडका विभिन्न जिल्ला हुँदै खोटाङ पुगी आफूले चाहेका उम्मेदवारहरूलाई विजय गराइ ३ महिनापछि साथीहरूका साथ म संस्कृत छात्रावास काठमाडौंमा फर्किएको थिएँ । यसरी आम निर्वाचनमा भाग लिएको हुँदा मलाई राजनीतिको रङ्ग पनि चढेर आउन थालेको थियो । विद्यार्थीको नेतृत्व गरेर विभिन्न मागहरू लिई सरकारलाई ढकढक्याउनुपर्ने, हड्ताल तथा नाराजुलुससमेतको नेतृत्व गर्नुपर्ने हुँदा वेलावेलामा मैले जेल र नेलको पनि सामना गर्नुपरेको थियो । २०१७ साल पुष १ गतको राजनैतिक परिवर्तनपछि विद्यार्थीनेताको नाताले सुरक्षाकानून अन्तर्गत काठमाडौंका तत्कालीन मेजिष्ट्रेट भुवनेश्वर नेपालीबाट थुनुवा पूर्जी पाई केही समय मैले केन्द्रीय कारागार काठमाडौंमा बस्नुपरेको पनि थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी छात्रनेताको नाताले मैले नाना थरीका क्रियाकलाप गर्नुपरेको थियो ता पनि म आफ्नू दुवैतिरको अध्ययनलाई भने निरन्तर जारी राख्न सफल भएको थिएँ । मैले २०१७ सालमा साहित्य विषय लिई उत्तरमध्यमा पनि वाराणसेय संस्कृत विश्वविद्यालयबाटै उत्तीर्ण गरेँ । यसपछि मैले साहित्य विषय लिई शास्त्री र आचार्यमा पढ्ने इच्छा गरेको थिएँ ता पनि गुरु तथा प्रधानाचार्य श्रीपद्मप्रसाद भट्टराईज्यूको आज्ञालाई शिरोपर गरी उहाँकै इच्छा अनुसार मैले शास्त्रीमा अद्वैतवेदान्त विषय लिएर संस्कृत महाविद्यालय पुतलीसडकमा अध्ययन गर्न शुरु गरेको थिएँ । मलाई पढाउने गुरु श्रीगोपालनिधि तिवारीज्यू हुनुहुन्थ्यो । उहाँ विद्वान्, सौम्य र मृदुभाषी हुनुभएकाले उहाँकै सुयोग्य निर्देशनमा अद्वैतवेदान्त विषय लिएर आचार्यको खण्डसम्म उत्तीर्ण हुन म सफल भएको थिएँ । त्यसै समयमा मैले तात्कालीन नेशनल कलेजबाट बी.ए.को पढाइ पनि पूरा गरिसकेको थिएँ । तर त्यसको परीक्षा भने २०२६ सालमा दिएँ र उत्तीर्ण पनि भएको थिएँ । अद्वैतवेदान्त विषय लिएर आचार्यको खण्डसम्म उत्तीर्ण गरे ता पनि म आफ्नू विषयमा निपुण हुनभने सकिन ।

श्रीपद्मप्रसाद भट्टराईज्यू जस्ता प्रसिद्ध विद्वान्को सान्निध्य पाएर पनि मैले उहाँबाट केही सिक्न सकिन । त्रिभुवन विश्वविद्यालयमा संस्कृत विषय लिएर एम्. ए.को अध्ययन गर्दा मैले केही दिन गुरुबाट सिद्धान्तकौमुदी पढ्ने सौभाग्य पाएको थिएँ । तर पनि पढ्नेतर्फ नलागी गुरुको अनुमतिसमेत नलिई म बीचैमा पढाइ छोडेर जागीर खान लोकसेवा आयोगमा परीक्षा दिन गएँ । विश्वविद्यालयमा अध्ययन गर्दा वक्तृत्वकला प्रतियोगितामा भाग लिई म प्रथम भएको थिएँ र तत्कालीन युवराजाधिराज श्री ५ वीरेन्द्रका बाहुलीबाट पुरस्कृत हुने मौका पनि थिएँ । मबाट प्रभावित भएर गुरु श्रीगोकुलचन्द्र शास्त्रीले मलाई छात्रवृत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिलाएर अझ अगाडि पढ्ने मौका दिई विद्वान् बनाउन खोज्नुभएको थियो । तर मेरो प्रारब्धमा विद्वान् बन्नु थिएन, त्यसैकारण उहाँको भावनालाई पनि कत्ति वास्ता नगरी म जागीर खान गएको थिएँ । नेशनल कलेजका प्रिन्सिपल श्रीशङ्करदेव पन्तज्यू पनि मलाई असाध्य नै स्नेह गर्नुहुन्थ्यो । उहाँ अङ्ग्रेजी भाषा र साहित्यका धुरन्धर विद्वान् हुनुहुन्थ्यो । कलेजका कक्षामा पढाउँदा उहाँको सानु आवाज भएकाले पहिलो बेञ्चमा बस्ने विद्यार्थीहरू बाहेक पछाडिका बेञ्चका विद्यार्थीहरूले उहाँले पढाएको सुन्दैनथ्यौं । हामी केवल हाँसेको मात्र देख्तथ्यौं । नेता भएर हिँड्नुपर्ने हुँदा म धेरैजसो कलेजमा समयमा पुग्न सक्तिनथेँ । ढिला भएपछि सबभन्दा पछाडिको बेञ्चमा बस्नु पर्दथ्यो । उहाँले पढाएको अङ्ग्रेजी म कहिल्यै पनि राम्रोसँग सुन्न पाउँदिनथेँ । एक दिन डराउँदै डराउँदै मैले पछाडि बस्नेले नसुनेकाले माइक राखौं कि सर ? भनेर सोधेँ । तर उहाँले मान्नु भएन । मैले पढ्न सकिन । मेरो अङ्ग्रेजी विषय कमजोर भएर गयो । परीक्षामा उत्तीर्ण हुन्थें तर अत्यन्त कम नम्बर आउँथ्यो । त्यो कुरा थाहा पाएर पन्तलज्यूले मलाई घरमा नै पढ्न बोलाउनु भएको थियो । २, ४ दिन गएपछि बीचैमा जान छोडिदिएको थिएँ । मलाई बोलाएर राम्रो पढ्न फेरि सल्लाह दिनुभएको थियो । उहाँले दायाँबायाँ नलागि पढ्ने र पढाइ पूरा गरेपछि नेशनल कलेज सम्हालिदिन पनि आग्रह गर्नुभएको थियो । राजाबाट तक्मा पाएर पनि अस्वीकार गर्ने आदर्शका मूर्ति पन्तजी मलाई कसैको चाकडी नगर्न र सरकारी जागीर नखान बारम्बार सम्झाइरहनुहुन्थ्यो । तर उहाँको आदर्शमूलक उपदेशको अर्थ नबुझेर म चुपै लागिरहन्थें । उहाँले आफ्नो उत्तराधिकारकी रूपमा तत्कालीन नेशनल कलेजमा मबाट काम लिन खोज्नु भएको रहेछ । सो कुरा मैले लोकसेवा आयोगको परीक्षामा उत्तीर्ण भई नियुक्ति पाइसकेपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक दिन बाटोमा भेट हुँदा अत्यन्त निराश र दिक्क भएर उहाँले मलाई भन्नुभएको थियो । त्यसतो स्नेहपूर्वक मलाई अगाडि बढ्न प्रेरणा दिने आदरणीय गुरु श्रीपद्मप्रसाद भट्टराई, श्रीगोकुलचन्द्र शास्त्री र श्रीशङ्करदेव पन्तसमेतको अनुमति नलिई, अझ भनौं उहाँहरूलाई थाहासम्म पनि नदिई म सरकारी जागीर खान गएको थिएँ । त्यो कुरा सम्झँदा मलाई अहिले आएर अत्यन्त आत्मग्लानि हुन्छ । मैले उहाँहरूले आशा गरे अनुसार पढ्न सकिन र उहाँहरूको इच्छा पूरा गर्न पनि सकिन । भाषाको दृष्टिकोणले संस्कृत र अङ्ग्रेजी दुवैतर्फ कमजोर भएँ र ज्ञानको दृष्टिकोणले पनि म खोक्रै रहें । जागीर खाइसकेपछि पनि म उहाँहरूसँग बिदा हुन जाने हिम्मत गर्न सकिन । म एक किसिमको आफ्नै कुण्ठाले कुण्ठित भएर रहेको थिएँ । उहाँहरू तीनै जना अब यस सन्सारमा हुनुहुन्न तर मलाई उहाँहरूले लगाएको ऋण मैले तिर्न सकेको छैन । यही नै मलाई पश्चात्ताप छ ।

काठमाडौं पढ्न आउनुभन्दा पहिले घरमा परिआउने विभिन्न कामहरू म गर्ने गर्दथें । कहिलेकहीं म आमाले नगर्नु भन्दाभन्दै पनि साह्रै अग्ला डरलाग्दा बडहर, पट्मिरा आदिका रुखहरूमा चढेर घाँस झार्ने र भयङ्कर भीरमा गएर घाँस काट्ने काम पनि गर्दथें । लामालामा बाँसहरू नुवाएर घाँस काट्ने र बाँसका टुप्पा समातेर गहिरा खोल्साका वारिपारि गर्नेजस्तो खतरायुक्त काम पनि म गर्दथें । अग्ला कान्लाबाट हामफाल्ने र चिप्लेटी खेल्ने जस्ता कुराहरू मेरालागि सामान्य नै हुन्थे । त्यसरी म बाल्यकालमा विना भय खतरापूर्ण कामहरू गर्ने गर्दथें । अहिले त्यो सम्झँदा मुटु नै कामेर आउँछ । म पिताजीलाई सकेसम्म घरका सबै काममा सघाउँदथें । मैले खेतीपाती हेर्नु, आसामी उठाउनु र ब्राह्मणले गर्ने कर्मसमेत गर्नु पर्दथ्यो । त्यति गरेर फुर्सद पाउँदा म पाठशालामा पढ्न पनि जाने गर्दथें । मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनचर्या यसरी नै चलिरहेको वेला काठमाडौंबाट श्रीकविप्रसाद गौतमको हरिकीर्तनमण्डली उहाँका भाइ श्रीज्योतिप्रसाद गौतमका नेतृत्वमा धर्मस्तम्भ राख्ने र कीर्तन गराउँदै मेरो गाउँमा पनि पुगेको थियो । मेरा गुरु श्रीमहाप्रसाद तिमल्सिना पनि त्यसमा सक्रिय सहभागी हुनुहुन्थ्यो । मलाई उहाँले त्यस मण्डलीमा लाग्न प्रेरित गर्नुभयो र म पनि उक्त कीर्तनमण्डलीमा समाविष्ट भएको थिएँ । गाउँका घरहरूमा वर्ष दिनमा एक दिन २४ घण्टे अखण्ड हरिकीर्तन गर्ने प्रतिज्ञाका साथ धर्मस्तम्भहरू राखिएका थिए । "हरे राम हरे राम राम राम हरे हरे । हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे" भन्ने महामन्त्रको गुन्जन गाउँभरि भएको थियो । म पनि घरमा धर्मस्तम्भ राखेर वर्ष दिनमा एक दिन २४ घण्टा अखण्ड हरिनामसङ्कीर्तन गराउन चाहन्थें । तर मेरा पिताजीले यसरी दिन तोकेर हरिकीर्तन गर्ने प्रतिज्ञा गर्दा व्यवहारिक कारणले गर्न सकिएन भने उल्टो पाप लाग्छ भन्ने तर्क दिनु भएको हुँदा धर्मस्तम्भ राखिएन । तर धर्मस्तम्भ राख्ने उत्कट चाहना ममा भएको कारण मैले मौका मिलाई धर्मस्तम्भ बनाउन उपयुक्त हुने शिला खोजेर घरमा ल्याएको थिएँ । गोठालाका साथमा गाईगोठमा नै बसी रातरातभरि कर्दले शिला खोपी श्रीकृष्णको मूर्ति सहितको धर्मस्तम्भ तयार गरी तुलसीको मठमा स्थापना गरेको थिएँ । (त्यो धर्मस्तम्भ अहिलेसम्म पनि रावा लामीडाँडाको मेरो पुर्ख्यौली घरको तुलसीको मठमा विद्यमानै छ) मिति तोक्ने सम्बन्धमा पिताजीको विमति रहेको हुँदा मैले ठाउँ खालि नै छोडेको थिएँ । त्यस धर्मस्तम्भलाई आमा हरे राम महामन्त्रका साथ नित्य पूजा गर्नुहुन्थ्यो । भगवान् श्रीकृष्णमा आमाको अत्यन्त भक्तिभाव देखेर मैले कर्दले खोपेरै मुरलीवादक भगवान् श्रीकृष्णको मूर्ति तयार गरेर घरको मूल ढोकामाथि स्थापना गरिदिएको थिएँ । आमा त्यस मूर्तिलाई पनि महामन्त्रका साथ नित्य पूजा गर्नुहुन्थ्यो । सो मूर्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०२६ सालमा पहाड छोडेर मधेश इनरुवा सुनसरी जाँदा आमाले साथै लैजानु भएको थियो । आमाले आफ्नू जीवन पर्यन्त सो मूर्तिको पूजा गर्नुभएको थियो । मैले एक अर्को श्रीकृष्णको मूर्ति तयार गरी ठूली आमालाई पनि दिएको थिएँ । त्यस वेला जहाँजहाँ हरिकीर्तनहरू हुन्थे म सबै काम छोडेर ती ठाउँहरूमा पुगिहाल्दथैं । प्राय:गरेर खार्पा, लामीडाँडा र तलुवा गाउँ आदिमा हुने पुराण सुन्न र हरिकीर्तनमा सम्मिलित हुन भ्याएसम्म म पुग्ने गर्दथे । यसरी धर्मस्तम्भ र भगवान् श्रीकृष्णको मूर्तिसमेत स्वस्फूर्तरूपमा आफैंले निर्माण गरी स्थापना गरेको र भजन मण्डलीमा समर्पितभावले संलग्न भएको खबर काठमाडौंस्थित श्रीकविप्रसाद गौतमज्यूको भागवतकुञ्जमा पुग्न गएछ । त्यताबाट उहाँका भाइ श्रीज्योतिप्रसाद गौतमज्यू आफ्ना मण्डलीका साथ (त्यस वेला मेरो नाम सूर्यप्रसाद भट्टराई थियो, पछि काठमाडौं पढ्न आएपछि मेरो नाम शरदकुमार भट्टराई हुन गएको हो । यो कुराको विवरण पत्रैपत्रको भूमिकामा पढ्न सकिन्छ) श्रीकविप्रसाद गौतमज्यूले स्वर्णाक्षरले लेख्नुभएको मेरो नामको प्रशंसापत्र लिएर एक साँझ मेरो घरमा पुग्नुभएको थियो । त्यो वेला दाजु पनि काठमाडौंबाट बिदामा घर जानुभएको थियो । पिताजी र दाजु एकातर्फ र श्रीज्योतिप्रसाद लगायत मेरा गुरु श्रीमहाप्रसाद तिमल्सिना, श्रीचेतनाथ भट्टराई, श्रीकेशवप्रसाद भट्टराई लगायत अर्कातर्फ भएर धर्मस्तम्भमा मिति राख्ने सम्बन्धमा लामू छलफल भएको थियो । भनाभन र चर्काचर्कीसमेत भएको थियो । दुवैतर्फको हठ बढेपछि धर्मस्तम्भ लिएर हिंड्न श्रीज्योतिप्रसाद गौतम कसिनुभएको थियो । तर मेरा पिताजी र दाजुले धर्मस्तम्भ लान अनुमति नदिएपछि दुवैपक्षका बीच सम्झौता भई धर्मस्तम्भको मैले मिति राख्न खालि छोडेका ठाउँमा काठमाडौंबाट ज्योतिप्रसाद गौतमसँगसँगै गएका कलाकारले वर्ष दिनमा एकदिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथाशक्य हरिनामसङ्कीर्तन गर्ने भनी उत्टङ्कण गरेर छोडिदिएका थिए । म सारै कट्टर हुँदै गएकोले व्यवहारमा काम नलाग्ने ठानी मलाई व्यवहारिक बनाउन काठमाडौं पढ्न पठाउने कुरा घरमा चलिरहेकै वेला ई. श्रीवीरेन्द्रकेशरी पोखरेल घुम्दै मेरो घरमा पुग्नुभएको थियो । मेरो मूर्तिकला र चित्रकलातर्फको प्रवृत्ति देखेपछि उहाँले पनि सो विषयमा अध्ययन गर्न काठमाडौं पठाउने सल्लाहा पिताजीलाई दिनुभएको थियो । यसै वेलामा दाजु सम्पूर्ण मध्यमाको पढाइ पूरा गरी घर फर्कनुभएको थियो । दाजुले गाउँमा शिक्षक भएर काम गर्ने, घर व्यवहारमा पिताजीलाई सहयोग गर्ने र म चाहिँ काठमाडौं पढ्न जाने निश्चय भएको थियो । तदनुसार म २०१२ साल चैत्र महिनामा श्रीचक्रप्रसाद पोखरेलका साथ काठमाडौं आएको थिएँ । रानीपोखरी संस्कृतप्रधानपाठशालामा प्रथमाको कक्षामा भर्ना भई पढ्दापढ्दै ज्वरो आएर निकै बेरामी भएको थिएँ । त्यस वेला स्व. श्री ५ महेन्द्रको शुभराज्याभिषेक समारोह भएको थियो । म बेरामी भएका कारण त्यो समारोह हेर्न जान पनि सकेको थिइन । दाजु त्यसै समयमा शिक्षकको तलब लिन काठमाडौं आउनुभएको थियो । सोही मौका पारी दाजुका साथ म पनि घर फर्किएको थिएँ । २०१३ साल श्रावण महिनाको १३ गते हामी घर पुगेका थियौं । केही दिन घर बसेर स्वस्थ भएपछि म पढ्नको लागि भनेर फेरि २०१३ साल फागुन महिनामा काठमाडौं आएको थिएँ । त्यसपछि मेरो अध्ययन कसरी अगाडि बढ्यो भन्ने सम्बन्धमा मेरो पत्रैपत्र कवितासङ्ग्रहको भूमिकामा सबै उल्लेख गरिसकेको छु ।

मैले मेरो साहित्यिक यात्रा २०१५ सालदेखि शुरु गरेको थिएँ ता पनि लेख्नेतर्फ त्यति ठूलो प्रगति गर्न सकेको थिइन । स्थानीय तथा विद्यालयीय साहित्यिक तथा वादविवाद प्रतियोगितामा भाग लिएर म पहिला र दोस्रा भइरहन्थें । साझाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निबन्ध प्रतियोगितामा मैले २०२० सालमा प्रथम पटक नगद पुरस्कार प्राप्त गरको थिएँ । विभिन्न प्रतियोगिताहरूमा पदक र प्रमाणपत्रहरू भने मैले धेरै पटक पाइसकेको थिएँ । ठूलाठूला प्रतियोगिताहरूका अतिरिक्त २०२१ साल मङ्सिर महिनामा मानव अधिकार दिवसका दिन त्रिभुवन विश्वविद्यालयमा भएको मानव अधिकार सम्बन्धी वादविवाद प्रतियोगितामा पनि प्रथम भएर तत्कालीन श्री ५ युवराजाधिराजका बाहुलीबाट प्रथम पुरस्कार पाएको थिएँ । तीनधारा संस्कृत छात्रावास छोडेर श्री ५ को सरकारको सेवामा प्रवेश गर्नुभन्दा पहिले २०२० ससालमा छात्रावासको छात्रकार्यसमितिका तर्फबाट प्रकाशन गरिएको अरुणोदय नामक साप्ताहिक पत्रिकाको प्रथम सम्पादक र व्यवस्थापक भएर मैले काम गरेको थिएँ । मैले खास गरेर कविलेखकहरूसँग सम्पर्क राखेर रचनाहरू पत्रिकाका लागि सङ्कलन गर्नुपर्दथ्यो । त्यस क्रममा म धेरै पटक साहित्यकार श्रीमाधवप्रसाद घिमिरे, श्रीबालकृष्ण सम र कविशिरोमणि श्रीलेखनाथ पौड्यालका घरमासमेत गएको थिएँ । यस क्रममा कवि शिरोमणि श्रीलेखनाथ पौड्यालसँग भएको कुराकानीका सम्बन्धमा मैले "सिर्जनाका फूलहरू २०५१" को भूमिकामा लेखिसकेको छु । नेपालका मूर्धन्य कविहरूसँगको सम्पर्कले मलाई कविता र काव्यका क्षेत्रमा कलम चलाउन प्रेरणा मिलेको थियो । २०२२ सालमा श्री ५ को सरकारको सेवामा शाखाअधिकृत भएर प्रवेश गरेपछि पनि मैले निबन्ध, समसामयिक लेख र कविता लेख्ने क्रम जारी नै राखेको थिएँ । पुरातत्वविभागबाट प्रकाशित हुने संस्कृति, सूचनाविभागबाट प्रकाशित हुने नेपाल, गोरखापत्र र अन्य पत्रपत्रिकामा समेत मेरा रचनाहरू प्रकाशित हुन्थे । तीबाट केही आर्थिक लाभ हुन्थ्यो र मलाई जीवन यापन गर्न केही सहयोग पुगेको थियो । श्री ५ को सरकारको अधिकृत भएर त्यस वेलाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मासिक तलब रु. ४००।- म पाउँदथेँ । त्यसमा पनि तेजारत सापटी कटाउँदा मासिक रु. २५०।- मात्र हात पर्दथ्यो । यसरी प्राप्त हुने रु. २५०।- बाट डेराभाडा, खानाखर्च, लुगाफाटो र औषधोपचारसमेत सबै कुरा धान्नुपर्दा के कस्तो समस्या आइपर्दथ्यो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । यसरी पारिवारिक र सरकारी जागीरको समेत उत्तरदायित्व वहन गर्दै मैले दिन बाँकी रहेको बी.ए.को परीक्षा र एम्.ए.को परीक्षासमेत त्यसै अवधिभित्र नै मैले पूरा गरेको थिएँ । यसपछि फुर्सदका क्षणमा लेखरचनाका साथै कविता पनि लेख्ने गर्दथेँ । फलस्वरूप २०२६ साल असार ९ गते नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय कवितामहोत्सवमा प्रतियोगी भई म पहिला भएको थिएँ । कविताको विषय अधिकार र कर्तव्य भन्ने थियो । मलाई स्वर्णपदक र नगदपुरस्कारसमेतश्री ५ महेन्द्रका बाहुलीबाट राट्रिय नाचघरमा आयोजना गरिएको विशेष समारोहमा प्रदान गरिएको थियो । (सो कविता मेरो "सिर्जनाका फूलहरू २०५१" नामक कवितासङ्ग्रहमा प्रकाशित भइसकेको छ) त्यो कविताबाट प्रभावित भएर मलाई राष्ट्रकवि श्रीमाधवप्रसाद घिमिरेज्यू र नाट्यसम्राट् श्रीबालकृष्णज्यूले पनि कविता र काव्यको क्षेत्रमा कलम चलाउन त्यही समारोहमा नै प्रेरणा दिनुभएको थियो । उक्त प्राप्त प्रथम पुरस्कारले मलाई कविता र काव्यको क्षेत्रमा अघि बढ्ने प्रेरणा दिएको थियो । रक्षामन्त्रालयमा काम गर्दागर्दै मलाई श्री ५ को सरकारले २०२७ साल असारमा गण्डकी अञ्चलाधीशकार्यालयको रिक्त रहेको शाखाअधिकृत पदमा सरुवा गरेर पठाइदिएको थियो । म त्यस कार्यालयमा हाजिर हुन गएपछि २०२८ साल वैशाख २८ गते दुई छोराहरू जन्मिन गएका थिए । मेरो व्यवहारिक दायित्व झन् बढेर गएको थियो । पहिले दुईओटी छोरीहरू जन्मिइसकेका थिए भने अब दुई छोराहरू जन्मिएपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरमा ६ जनाको परिवार भएको थियो । दुई छोरा एकैचोटी जन्मिएका हुँदा तिनलाई हुर्काउन र लालनपालन गर्न अझ बढी उत्तरदायित्व मलाई बढेको थियो । पोखरामा २ वर्ष रहँदा जतिसुकै व्यस्तता र झन्जट भए ता पनि म कविता लेख्ने गर्दथें । भूपी शेरचन जस्ता कविहरूको जमघट सधैं पोखरामा भइरहने हुँदा त्यसबाट पनि मलाई कविता लेख्ने प्रेरणा प्राप्त भएको थियो । पोखरामा बस्दा मैले लेखेका कविताहरूमा "कवि शिरोमणि (१)", "पोखरा यस्तै लाग्छ" र "म टिप्पणी र आदेश"समेत थिए ।

पोखराबाट २०२९ साल असारमा मेरो सरुवा गृहमन्त्रालयमा भयो । मैले गृहमन्त्रालयमा शाखा अधिकृतको पदमा बसेर काम गर्नुपर्दथ्यो । त्यस वेला **Double Degree** अर्थात् **Double Post Graduation** नभई पदोन्नति नै नहुने भएको हुँदा मैले एम्.ए. गरिसकेको भए ता पनि सोही सरहको बी.एल्.फेरि गर्नुपरेकोथियो । त्यस वेलाको नीति अनुसार बी.ए. गरेर मात्रै बी.एल्. गर्न पाइने भएकाले बी.एल्.लाई पनि एम्.ए. सरहको नै मान्यता दिइएको थियो । २०३१ साल श्रावण १३ गतेका दिन मेरो सानु छोरो सगुनकुमार भट्टराईको जन्म भएको थियो । २०३१ साल श्रावण महिनामा नै उदयपुर जिल्लाको प्रमुख जिल्ला अधिकारीमा नियुक्ति पाई म गएको थिएँ । त्यसै वर्षदेखि श्री ५ को सरकारले जिल्लाप्रशासनयोजना लागू गरेको हुँदा जिल्लामा प्रमुख जिल्लाअधिकारीलाई जिल्लास्तरीय सम्पूर्ण अधिकार र उत्तरदायित्वका साथै गाउँफर्क राष्ट्रिय अभियानको जिम्मेवारीसमेत सुम्पिएको थियो । ती अधिकारहरूमा प्रशासनिक, राजनीतिक, विकास, शान्तिसुरक्षा, भ्रष्टाचारनिवारणसमेत थुप्रै अधिकारहरू पर्दथे । यसरी अधिकार सम्पन्न भएको प्र.जि.अ.लाई सबैतिरबाट दबाब पर्दथ्यो । ती कामका अतिरिक्त उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको बरुवा खोलाको बगरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्थायीरूपमा पुरानु सदरमुकाम उदयपुर डाँडाको पञ्चावतीबाट ल्याएर राखिएको थियो । कुनै खालको व्यवस्था नगरी राजनीतिक निर्णयको भरमा सदरमुकाम सारिएको हुँदा सरकारी कार्यालयका लागि भवनहरूको कुनै व्यवस्था गरिएको रहेनछ । सुरक्षाको दृष्टिकोणले विश्वास गर्न नसकिने व्यक्तिगत काठका घरहरूमा सरकारी कार्यालय र सरकारी तहबिलको तीनसाँचेको सेफसमेत (जसको एउटा साँचो प्र.जि.अ.ले पनि लिनु पर्दथ्यो) राखिने गर्दथ्यो । हिउँदमा जसरी तसरी सरकारी कामकाज चले ता पनि वर्षामा बरुवा खोलो बढेपछि खोलो कार्यालयको क्षेत्रमा पस्तथ्यो र रातविरात ज्यान जोगाउन भागाभाग गर्नुपर्दथ्यो । यसप्रकारको दयनीय स्थितिबाट सदरमुकामलाई स्थायित्व दिन अत्यन्त आवश्यक थियो । तत्कालीन गृहमन्त्रालयका सचिव श्रीशेरबहादुर शाहीले त्यो अव्यवस्थित सदरमुकामलाई व्यवस्थित गराउने उत्तरदायित्व पनि मलाई नै सुम्पनुभएको थियो । सदरमुकाम व्यवस्थित नगरी उदयपुर जिल्लाबाट मलाई अन्यत्र सरुवा नगर्ने उहाँको भनाइ रहन गएको थियो । मैले जसरी पनि सो काम पूरा गर्नुपर्ने भएको थियो । सदरमुकाम बोक्सेमा तोकिएको र त्यहाँको सरकारी ऐलानी करीव १०० बिगाहा जग्गा त्यहाँका स्थानीय केही ठूलाठालुहरू र सुकुम्वासीहरूसमेतले हडप गरेर आफ्नू बनाएका रहेछन् । ठूलो सङ्घर्ष गरेर सो सरकारी ऐलानी जग्गा तिनीहरूका अधीनबाट झिकी तारबार गरी जिल्लास्तरीय सबै कार्यालयहरूका लागि भवन निर्माण गर्न छुट्याइदिएको थिएँ । श्री ५ को सरकारबाट केही रकम निकासा गराएर जिल्लाप्रशासन, जिल्लाअस्पताल, जिल्लाकारागारसमेतका लागि केही कार्यालयभवनहरूको निर्माण शुरु गराउन पनि सफल भएको थिएँ । स्थानीय जनसहयोगसमेत प्राप्त गरी बालमन्दिरको भवन पनि निर्माण गराइएको थियो । बरुवा खोलो वर्षामा बाढी आई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाईघाट क्षेत्रलाई तहसनहस सधैँ गरिरहने भएकाले त्यसको स्थायी समाधानका निमित्त जनसहयोगबाट बाँध निर्माण गरी गाईघाट क्षेत्रको बजारलाई सुरक्षासमेत गरिएको थियो । यी सबै विकास निर्माणका कामहरूमा मेरो प्रत्यक्ष सहभागिता रहन्थ्यो र मलाई सहयोग गर्नेहरूमा मुख्यरूपमा स्थानीय नेता श्रीचक्रबहादुर बस्नेत र असारी निवासी श्रीकेशवराज पोखरेलसमेत हुनुहुन्थ्यो । फलस्वरूप २०३३ सालको श्री ५ वीरेन्द्रको पूर्वाञ्चलको भ्रमणको अवसरमा मेरो कामको मूल्याङ्कन गरी कदरस्वरूप गोरखादक्षिणबाहु चौथो विभूषण सवारीकै समयमा मलाई प्रदान गरिएको थियो । विभूषणको विवरणमा "जिल्लामा भ्रष्टाचार निवारण गर्न पूर्ण सफल भए बापत" भनेर लेखिएको थियो । उदयपुर जिल्लामा २०३१ साल साउन महिनादेखि २०३४ साल असार महिनासम्म काम गर्दा मलाई कहिल्यै पनि फुर्सद भएन । त्यसैकारण त्यस जिल्लामा बसेर मैले एउटा पनि साहित्यिक रचना गर्न सकिन । मेरा तीन वर्ष सिर्जनाविना नै बितेर गएका थिए ।

२०३४ साल असार महिनामा म एक वर्षका लागि **Public Administration** मा **Post Graduate Studies** गर्न **Manchester University, Great Britain** तर्फ गएको थिएँ । बेलायतमा एक वर्ष बसेर अध्ययन गर्दा त्यसै समयमा बेलायतका विभिन्न ऐतिहासिक, औद्योगिक, सांस्कृतिक आदि क्षेत्रहरूकोसमेत भ्रमण गर्ने अवसर मैले पाएको थिएँ । यस सम्बन्धमा यात्रैयात्रा २०५८ मेरो कवितासङ्ग्रहमा उल्लख भइसकेको छ । बेलायतमा बस्दा मैले केही कविताहरू लेखेको थिएँ । तीमध्येमा "मेरो सगरमाथा बेलायतबाट हेर्दा" र अर्को "वसन्त बेलायतमा"समेत दुई कविताहरू उल्लेखनीय छन् । ती दुवै कविताहरू श्रीईश्वर गानन्धरको सम्पादनमा लण्डनबाट प्रकाशन हुने यति नामक पत्रिकाका लागि लेखिएका थिए । मैले ती कविताहरू मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"सिर्जनाका फूलहरू २०५१" मा प्रकाशन गरिसकेको छु । बेलायतमा पढाइ सकेर २०३५ साल असार महिनामा म नेपाल फर्किएको थिएँ । मेरो सरुवा उदयपुरबाट धनुषा जिल्लाको प्रमुख जिल्लाअधिकारीमा भएको रहेछ । बेलायतबाट फर्कनेबित्तिकै म जनकपुर जिल्लाप्रशासन कार्यालयमा हाजिर हुन गएको थिएँ । जनकपुर गएपछि म केही बिरामी भएको थिएँ र बनी समस्या लगायतका थुप्रै समस्याहरूले समेत घेरिन गएँ । त्यसका साथै वामपन्थीको आन्दोलन, प्रहरीनिरीक्षकको आत्महत्या, २०३६ सालको जनआन्दोलन, विद्यार्थी र किसानको सङ्घर्ष, तारापट्टी सिर्सिया गाउँमा प्रहरीको गोलीबाट भोला साहु तेलीको मृत्यु भएको घटनासमेतबाट उत्पन्न भएका जनअसन्तोषसमेत थुप्रै समस्याहरूबाट म घेरिन पुगेको थिएँ । त्यहाँ बस्दा शाही आयोग लगायतका आयोग र कार्यटोलीहरूलाई मैले बयान दिनुपरेको थियो । त्यसैगरी राजनीतिक नेता मनमोहन अधिकारी जस्ता नेताहरूको बयान पनि मैले लिनुपरेको थियो । त्यसरी बयान लिने र दिने काम गर्दागर्दै धनुषा जिल्लामा बसेका मेरा १८ महिना सिर्जनामाविना नै बितेका थिए ।

२०३६ साल मङ्सिर महिनामा मेरो सरुवा धनुषा जिल्लाबाट सामान्यप्रशासन मन्त्रालयको अतिरिक्त समूहको रा.प.द्वितीय श्रेणीमा भएको थियो । त्यसपछि त्यसै वर्षको फागुनमा गृहमन्त्रालयमा फेरि सरुवा भई दाङ जिल्लामा फैलिएको आतङ्कलाई समन गर्न मलाई राप्ती अञ्चलको सहायक अञ्चलाधीश पदमा सरुवा गरिएको थियो । दाङ जिल्लामा फैलिएको आतङ्कको समस्या शान्त गराएर जनमतको समयमा पनि म दाङमा नै बसेको थिएँ । त्यसपछि २०३७ साल मङ्सिर महिनासम्म म त्यहीं नै रहें । म बस्ने आवास एकान्त स्थानमा थियो र सहायक अञ्चलाधीशको खास काम नभएकाले मैले त्यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसेर केही कविता लेख्ने मौका पाएको थिएँ। तिनमा मुख्य "फर्केर हेर्दा", "प्रबोधन", "उनको संझनामा", "पसिना माग्छ देश यो" आदि कविताहरू पर्दछन्। यी सबै कविताहरू "सिर्जनाका फूलहरू २०५१"मा प्रकाशित भइसकेका छन्।

त्यसपछि म २०३७ साल मङ्सिरमा बर्दिया जिल्लाको प्रमुख जिल्लाअधिकारी भएर गएको थिएँ। त्यहाँ वामपन्थी, दक्षिणपन्थी, पञ्चनेता, डाका, तस्कर, भ्रष्टाचारीकर्मचारीका साथै अञ्चलाधीश मनमोहन मिश्र जस्तो खुङ्खार व्यक्तिसँगसमेत सङ्घर्ष गर्दागर्दै मेरो दुई वर्षको अमूल्य समय बितेर गएको मलाई थाहै भएन। मैले बर्दिया जिल्लामा बस्ता पनि कुनै कविता लेख्न सकिन।

२०३९ साल असोजमा मेरो सरुवा बर्दिया जिल्लाबाट झापा जिल्लामा भएको थियो। झापा जिल्लामा गएको दिनदेखि नै मैले विभिन्न समस्याहरूसँग जुध्नुपरेको थियो। अञ्चलाधीशदेखि लिएर जिल्लाका सबै राष्ट्रसेवकहरूका बीचमा राम्रो सम्बन्ध थियो, तर पनि स्थानीय नेता र तत्कालीन गृहमन्त्री पद्मसुन्दर लावतीको पेलाइले मैले अत्यन्त दुःख पाउनु परेको थियो। त्यहाँ बसेर पनि मैले केही लेख्न सकिन। सिर्जनाशून्य भएर २०४० साल फागुन महिनामा गृहमन्त्री लावतीको वक्रदृष्टिमा परी पाल्पा जिल्लाको प्रमुख जिल्लाअधिकारीमा मेरो सरुवा भएको थियो।

२०४० साल फागुनमा म पाल्पाको सदरमुकाम तानसेन दरबारमा रहेको जिल्लाप्रशासन कार्यालयमा गएर हाजिर भएको थिएँ। म त्यस जिल्लामा बसुन्जेल यदाकदा बहुदलबादीहरूको नाराजुलुस, शिक्षकहरूको हड्ताल, धर्ना र विद्यार्थीहरूको घेराऊ बाहेक अरू कुराको झण्झटमा मैले पर्नुपरेन। अत्यन्त शीतल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा शान्त ठाउँ र स्थानीय जनता अत्यन्त सौम्य भएकाले मैले आफ्ना अमूल्य ४ वर्ष पाल्पामा आनन्दैसँग बिताएको थिएँ। मैले त्यहाँ बस्ता एउटा समीक्षात्मक ग्रन्थ "ऋतु मन्थन"को प्रकाशन गरेको थिएँ। यसका अतिरिक्त केही पद्य तथा गद्य कविताहरूको लेखन गरेँ। कविताहरूमा "कवि शिरोमणि (२)", "जिन्दगी", "श्रीनगर (१)", "श्रीनगर (२)", "श्रीनगर (३)", "म अचेल यस्तै भएको छु" र "भानु"समेत पर्दछन्। यी सबै कविताहरू सिर्जनाका फूलहरू २०५१ मा प्रकाशित भइसकेका छन्। यी रचनाहरूका साथै मैले पाल्पा जिल्लामा बस्ता कर्मचारी मिलन केन्द्रको तर्फबाट दीपशिखा नामक एक साहित्यिक पत्रिकाको प्रकाशन पनि गराएको थिएँ। म पाल्पा जिल्लामा प्रमुख जिल्लाअधिकारी भएर रहँदा राजकीय प्रज्ञाप्रतिष्ठानका तत्कालीन प्राज्ञ कवि भूपी शेरचन कवि- सम्मेलनको लागि तानसेन जानुभएको थियो। मैले त्यस अवसरमा तानसेन दरबारको प्रसिद्ध गद्दीबैठकमा कवि सम्मेलनको आयोजना गरेको थिएँ र मैले पनि कविता वाचन गरेको थिएँ। त्यस अवसरमा कवि भूपी शेरचनले मेरो प्रशंसा गर्दै प्र.जि.अ.को ठाउँमा प्र.जी.क. अर्थात् प्रमुख जीवन्त कवि भनेर मलाई उपाधिसमेत दिनुभएको थियो।

२०४४ साल वैशाखमा सहसचिवमा मेरो बढुवा भएपछि म पाल्पाबाट गृहमन्त्रालयमा सरुवा भएको थिएँ। झण्डै एक वर्षसम्म मन्त्रालयले कामको बाँडफाँड नगरिदिएकाले मैले त्यो अवधिमा मन्त्रालयमा हाजिरमात्र भएर बस्नुरेको थियो। त्यसै अवधिमा आमा ब्रह्मलीन हुनभएकाले मेरो त्यो समय रोग र शोकमा नै बितेर गएको थियो। मैले २०४४ सालदेखि २०५१ सालसम्म खास केही लेख्न सकेको थिइन।

२०४९ सालमा श्री ५ को सरकारले का.मु. सचिवमा पदोन्नति दिएर मलाई भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पठाएको थियो । त्यस मन्त्रालयमा राजनैतिक व्यक्तिहरूबाट सिर्जित बिसङ्गतिले गर्दा मन्त्रालयमा जन्मिएका विकृतिहरूको निराकरण गर्दागर्दै मैले सिर्जनाविना नै त्यस मन्त्रालयमा तीन वर्षको अवधि व्यतित गर्नुपरेको थियो । सिकारु अवस्थामा गद्य तथा पद्यमा लेखिएका कविताहरूको सङ्ग्रह "सिर्जनाका फूलहरू २०५१" यसै समयमा मैले प्रकाशन गरेको थिएँ । त्यस सङ्ग्रहबाट मेरो चित्त बुझेको थिएन । त्यसपछि भने मैले श्रीबहादुर शाहलाई नायक बनाएर सानु खण्डकाव्य "बहादुर शाह" लेखें र प्रकाशन समेत गरेको थिएँ । त्यो क्रम लगातार अगाडि बढेको थियो । २०५२ सालमा नै आमाको सम्झनामा लेखिएको शोककाव्य "श्रद्धाञ्जलि" र "गीत तथा भजन सङ्ग्रह" पनि प्रकाशन गरिएका थिए । २०५३ सालमा वीररसयुक्त "अमरसिंहको चिट्ठी" नामक खण्डकाव्य राजकीयप्रज्ञाप्रतिष्ठानले प्रकाशन गरिदिएको थियो । त्यसै सालमा राजनीतिक खण्डकाव्य "क्रान्तिदूत"समेत प्रकाशनमा आएको थियो । त्यसैगरी २०५५ सालमा "विविध यात्रा" नामक कविता सङ्ग्रह साझाले प्रकाशन गरिदिएको थियो । त्यसरी श्री ५ को सरकारको सेवा गर्दागर्दै पनि केही कविता र काव्यको सिर्जना गर्न म सफल भएको थिएँ । दुई समीक्षात्मक ग्रन्थहरू, ४ खण्डकाव्यहरू, २ कवितासङ्ग्रहहरू र गीत तथा भजन नामक एक सङ्ग्रहसमेत मैले २०५५ साल चैत्रसम्ममा प्रकाशन गरिसकेको थिएँ । २०५५ साल चैत्र मासान्तमा मैले सेवाबाट स्वैच्छिक अवकाश लिएँ । मैले ३२ वर्ष २ महिना लामू श्री ५ को सरकारको सेवामा आफ्नू जीवनको मुख्य भाग व्यतित गर्नुपरेको थियो । जुन समयमा म जीवनका लागि अरू धेरै महत्त्वपूर्ण कामहरू गर्न सक्तथैं । सो समयमा मैले मनमा अहङ्कार पालेर डण्डा चलाउने काम नै महत्त्वपूर्ण सम्झिएको थिएँ । शासक भएर श्री ५ को सरकारको आदेश निर्देश पालना गर्नुगराउनु, प्रचलित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कानूनलाई अक्षरशः लागू गर्नु गराउनु आदि काम नै आफ्नू परम कर्तव्य ठानेर मैले गरेको थिएँ । सरुवा, बढुवा, विदेशभ्रमण र व्यक्तिगत स्वार्थमा रङमङिँदै केवल परिवारको भरणपोषणमा नै आफूलाई सीमित गरेको थिएँ । हतियार चलाउनु, शिकार खेल्नु, खेलबाड गर्नु र भोजभतेरमा रमाउनु नै मैले अफ्नू परम पुरुपार्थ ठानेको थिएँ । म सेवाबाट निवृत्त भएपछि २०५८ सालमा मेरा एकैसाथ "यात्रैयात्रा" र "पत्रैपत्र" नाम गरेका २ कविता सङ्ग्रहहरू प्रकाशन भएका थिए । त्यसैगरी २०६२ सालमा "पृथ्वीविजय" नामक ऐतिहासिक खण्डकाव्य प्रकाशन भयो ।

मैले जानी नजानी जे जस्ता रचनाहरू गरें, तीमध्येमा धेरैजसो रचनाहरूमा भगवान्को गुणगान गरिएको थिएन । शास्त्रमा भगवान्को गुणानुवाद नगरिएका रचनाहरू अर्थहीन हुन्छन् भन्ने भएको हुँदा मैले अहिलेसम्म गरेका सिर्जनाहरू प्रायः अर्थहीन भएको मैले ठानेको छु । मेरा रचनाहरूमध्ये केही रचनाहरूमा अति अल्पमात्रामा भगवान्को भजन र गुणानुवादको प्रसङ्ग समावेश हुन गएको छ । जस्तै २०५२ सालमा प्रकाशन भएको बहादुर शाह खण्डकाव्यमा श्रीपशुपतिनाथको स्तुति गरिएका पद्यहरू समाविष्ट भएका छन् । जसमध्येमा "शुभद शम्भु प्रभो" भन्ने भजन प्रायःगरेर प्रत्येक सोमवार बिहान रेडियो नेपालले आफ्नू धार्मिक कार्यक्रममा प्रशारण गरिरहेको सुनिन्छ । त्यसैगरी २०५२ सालमा प्रकाशन भएको गीत तथा भजन नामक किताबका कतिपय भजनहरू पनि विभिन्न कलाकारहरूबाट गाइएर विभिन्न रेडियो र टी.भी.हरूबाट प्रशारण भइरहेका छन् । त्यसपछि २०५५ सालमा साझाले प्रकाशन गरेको विविधयात्रा नामक कवितासङ्ग्रहमा पनि अध्यात्म सम्बन्धी विषयमा लेखिएका कविताहरू समाविष्ट गरिएका छन् । वाराणसी, गङ्गा, श्रीपशुपति आदि मुख्यरूपमा पर्दछन् । त्यसैगरी २०५८ सालमा प्रकाशन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको पत्रैपत्र नामक कविता सङ्ग्रहमा पनि धर्म र अध्यात्म सम्बन्धी कुराहरू परेका छन् । तर भगवान्कै गुणको वर्णन गरेर छुट्टै ग्रन्थ भने मैले प्रकाशन गरेको थिइन । कवितासङ्ग्रह, खण्डकाव्य, समीक्षात्मक ग्रन्थ, गीत र भजन आदि रचनाहरू प्रकाशन गरेर मैले समय बिताइरहेकोमा एक दिन मलाई वेदान्तदर्शन पढाउने गुरुले भन्नुभएको "काव्येन हन्यते शास्त्रं काव्यं गीतेन हन्यते । योषया हन्यते गीतं योषा योषां हन्यात् बुभुक्षया"ले मलाई झल्याँस्स पारेर मेरा आँखा खोलिदियो । त्यसैको फलस्वरूप यो "ज्ञान र भक्ति" नामक कृतिको सिर्जना हुन गएको हो । यस कृतिभित्र परेका कविताहरूको बारेमा चर्चा गर्नु यहाँ सान्दर्भिक हुने म ठान्दछु । ज्ञान र भक्तिको यस भागमा जम्मा १७ कविताहरू सङ्ग्रहित भएका छन् । श्रीमद्भागवत महापुराण ज्ञान, भक्ति, वैराग्यको साथै साहित्य, माधुर्य र विभिन्न रसले परिपूर्ण भएको ग्रन्थ हो । "विद्यावतां भागवते परीक्षा" भनेर यसको महत्ता शास्त्रहरूमा देखाइएको छ । यस ग्रन्थका सम्बन्धमा लेखिएका केही व्याख्या र टीकाहरूसमेत पढेर यसको यथार्थतालाई सकेसम्म बुझ्ने प्रयास गरेको छु । भागवतभित्र रहेका ज्ञान, भक्ति र वैराग्यसमेतका गूढ मर्महरूलाई बुझेर तिनको यथार्थ कुरा यस अनुवादमा उतार्न भने मैले सकेको छैन । केही छानिएका स्कन्धहरूभित्रका केही अध्यायका सबै वा केही अङ्शहरूको मात्र मैले अनुवाद गरेको छु । मङ्गलाचरणमा प्रथमस्कन्धका प्रथम अध्यायका शुरुका तीन श्लोकहरूको छन्दमा अनुवादका साथै गद्यमा पनि व्याख्या गर्ने प्रयास गरेको छु । नेपालीमा अनुवाद गर्दा भर्सक सोही छन्दमा गर्ने प्रयास गरेको छु । पुष्पिताग्रा छन्दमा लेखिएको भीष्मस्तुति, इन्दिरा वा कनकमञ्जरी छन्दमा लेखिएको गोपीगीत, स्वागता छन्दमा लेखिएको भ्रमरगीत, नर्कुटक वा नर्दटक छन्दमा लेखिएको वेदस्तुति र अरू केही श्लोकहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि मैले उही छन्दमा अनुवाद नगरी अनुस्टुप् छन्दमा अनुवाद गरेर प्रस्तुत गरेको छु । अरू बाँकी श्लोकहरू भर्सक उही छन्दमा नै मैले अनुवाद गर्ने प्रयास गरेको छु । भविष्यमा पनि श्रीहरिको कृपादृष्टि रहिरह्यो भने भागवतका महत्वपूर्ण अरू अङ्शहरूलाई पनि यसैगरी अनुवाद गरेर जिज्ञासु पाठकहरूका समक्ष क्रमशः प्रस्तुत गर्दै जानेतर्फ प्रयत्नरत रहनेछु । अहिले यो झण्डै सात दशकको जीवनको उत्तरार्धमा उभिएर म मेरो विगतको जीवनलाई सङ्क्षेपमा सिंहावलोकन गर्ने धृष्टता गर्न लागेको छु । अनकण्टारको दुर्गम क्षेत्रमा सामान्य ब्राह्मण परिवारमा जन्मिएको मैले गाईबाखा हेर्दाहिर्दै बाल्यकाल बिताएको थिएँ । सामान्यरूपमा अक्षरारम्भ गरेर पनि विभिन्न कारणले मेरो पढाइमा विलम्ब हुनगएको थियो । अनजान बल्यकालमा नै विवाह बन्धनमा बाँधिएको मेरालागि पढाइ एक किसिमले असम्भव जस्तो नै भइसकेको थियो । तर त्यो विवाह बन्धन पनि अन्त्यमा गएर मेरालागि बाधक नभएर साधक नै हुनगयो । गाउँमा नानाथरीका व्यवाहारिक काम गर्दागर्दै मेरो किशोर अवस्था बितेर गएको थियो । पढाइको जग बस्नुपर्ने अवस्थामा मेरा दिनहरू त्यसै बितेर गएका थिए । व्यवहारमा अलमलिँदा अलमलिँदै पनि म पढ्न निरन्तर अग्रसर भई नै रहन्थेँ । काठमाडौं पढ्न आएपछि पनि मैले एकहोरो नपढेर दशतिरको क्रियाकलापमा हात हालेकाले म पढाइमा कमजोरै भएँ । श्री ५ को सरकारको सेवामा प्रवेश गरेपछि पनि मैले सङ्घर्ष गरी नै रहनुपरेको थियो । क्रमशः माथिमाथि चढ्दै गएर मैले श्री ५ को सरकारको गृहसचिव लगायतका विभिन्न मन्त्रालयहरूमा सचिव भई काम गर्ने मौका पाएको थिएँ । राष्ट्रिय खेलकूद परिषद्को सदस्यसचिव भएर ओलम्पिक खेलमा नेपोलबाट (**Chef de Mission**) भएर मैले सन् १९९६ मा अमेरिका जाने मौका पनि पाएको थिएँ । अमेरिकामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्कालीन राष्ट्रपति बिलक्लिन्टन, उनकी श्रीमती हिलारी र छोरी चेल्सीसँग समेत भेटघाट गरी कुराकानी गर्ने मौका मैले पाएको थिएँ । नेपाल स्काउटको प्रमुख आयुक्त भएर पनि मैले विश्वका विभिन्न देशहरूको भ्रमण गर्ने मौका पाएको थिएँ । मेरो विदेश भ्रमण सम्बन्धी विवरण मेरो यात्रैयात्रा नामक कवितासङ्ग्रह २०५८ मा प्रकाशित भइसकेको छ । २०५५ साल चैत्र मासान्तमा मैले स्वैच्छिक अवकाश लिएर बसेपछिमात्र आफ्नू सही धरातल म सम्झिन थालेको छु । ती पुराना बाल्यकालदेखि अहिलेसम्मका मेरा जीवनमा बितेका घटनाहरू अब मेरा स्मृतिपटलमा आएर सिनेमाका रिल घुमेझैं घुमेर देखापर्न थालेका छन् । ती सबै दृश्यहरूलाई अब म केवल उदासीन भएर द्रष्टाको रूपमा हेर्ने कोशिश गरिरहेको छु । कैयौं दृश्यहरू मेरा मानसपटलबाट धूमिल भएर हराइसकेका पनि छन् र केही चाहिँ अति टड्कारा भएर मेरा मानसपटलमा नाचिरहेका छन् । यी सबैलाई बिर्सेर म अब शून्य भएर बाँच्न चाहन्छु । मेरा ती पुराना सम्झनाहरू मेरा भित्री अन्तस्करणमा संस्कारको रूपमा रहेर अब केवल मेरा बन्धनका कारणमात्र हुनेछन् भन्ने मैले ठानेको छु । जति सक्यो यी सबैबाट टाढा भएर म बाँकी जीवन बाँच्न चाहन्छु । यी आफैंले जमाएका र कमाएका परिवार र श्रीसम्पत्तिबाट पनि म टाढा हुन चाहन्छु । तर यिनैले मलाई सधैं आफूतिर तानिरहन्छन् र सधैं लुछिरहन्छन् । सन्सारबाट टाढा हुनु नै सार छ भन्ने विस्तारै बुझ्दै आएको छु । आखिरी सन्सारमा भौतिक पदार्थहरूबाट कहिल्यै तृप्ति हुँदैन भन्ने पनि मैले बुझेको छु । भौतिक पदार्थबाट मानिस कहिल्यै पनि तृप्त हुँदैन भन्ने कुरालाई भक्त प्रह्लादले भागवतमा यसरी व्यक्त गरेका छन्-

राय: कलत्रं पशव: सुतादयो
गृहा मही कुञ्जरकोशभूतय: ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वेऽर्थ कामाः क्षणभङ्गुरायुषः
कुर्वन्ति मर्त्यस्य कियत् प्रियं चलाः ॥

सम्पत्ति पत्नी पशु पुत्र कुञ्जर ।
सम्पूर्ण पृथ्वी घर कोश सुन्दर ॥
पाई नवै रत्न बनेर नै धनी ।
ऐश्वर्य सारा जति नै मिले पनि ॥
के पाउला ? मानिस शान्ति या सुख
जो मृत्युकातर्फ सधैं छ उन्मुख ॥

एवं हि लोकाः क्रतुभिः कृता अमी ।
क्षयिष्णवः सातिशया न निर्मलाः ॥
तस्माददृष्टश्रुतदूषणं परं ।
भक्त्यैकयेशं भजतात्मलब्धये ॥

यो लोकका वस्तुहरू सबै थरी ।
समाप्त हुन्छन् क्रमले जसोगरी ॥
यज्ञादिले अर्जित लोक संयुत ।
साना ठूला छन् सब दोषले युत ॥
निर्दोष छन् केवल शुद्ध केशव ।
दिऊँ उनैमा मन बुद्धि यी सब ॥

हरिः ॐ तत्सत् । श्रीकृष्णार्पणमस्तु ।

विनीत-
२०६३ नव वर्ष — शरत्कुमार भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गलाचरण

जन्माद्यस्य यतोऽन्वयादितरतश्चार्थेष्वभिज्ञःस्वराट् ।
तेने ब्रह्म हृदा य आदि कवये मुह्यन्ति यत् सूरयः ॥
तोजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा ।
धाम्ना स्वेन सदा निरस्त कुहकं सत्यं परं धीमहि ॥

जन्मादिकार्यकासाथ बस्छ अन्वय भैकन ।
अकार्यसाथ बस्तैन शुद्ध सद्‌रूप चेतन ॥
ब्रह्मालाई दियो जल्ले ज्ञान चिद्‌रूपदर्शन ।
परं सत्य उसैलाई ध्यान गर्छौं सबै जन ॥

सन्सारको सृष्टि, स्थिति र प्रलयका कारणस्वरूप भएका परब्रह्म परमेश्वरको हामी ध्यान गर्दछौं । 'बहुवचनं शिष्याभिप्रायम्' यहाँ हामीहरू ध्यान गर्दछौं भनेर बहुवचनको प्रयोग गर्नुको तात्पर्य शिष्यहरूलाई समेत लिइएको हो । यस शास्त्रले त्यो परमेश्वरलाई नै स्वरूपलक्षण र तटस्थलक्षणबाट लक्षित गरेको देखिन्छ । यहाँ सत्य शब्दबाट परमेश्वरको स्वरूपलक्षणको ज्ञान हुन्छ । यहाँ सत्यको रूपमा जुन ब्रह्ममा आश्रित मायाका तीन गुणहरू सत्व, रज र तमबाट सृष्टिका समयमा पञ्चमहाभूत, इन्द्रिय र देवताहरू सृष्टि भएर अमृष अर्थात् सत्य जस्ता देखिन्छन् । जुन सत्यको कारण झूठो सृष्टि पनि सत्य झैं प्रतीयमान हुन्छ । त्यसकारण त्यो ब्रह्म परं सत्य हो । यहाँ उदाहरणका लागि– 'तेजोवारिमृदां यथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनिमयः'लाई लिन सकिन्छ। विनिमय भनेको व्यत्यय हो, अर्थात् एउटा वस्तुमा अर्को वस्तुको साटपाट हुनु हो। त्यो मिथ्या मायिक वस्तु पनि अधिष्ठान सत्ताका कारण सत्य नै प्रतीयमान हुन्छ। जस्तै सूर्यका तेजमा पानीको आभास हुनु, जसलाई मृगमरीचिका भनेर चिनिन्छ, माटो र काँच आदिमा पानीको बुद्धि हुनु र पानीमा काँच आदिको बुद्धि हुनु। यसकारण त्यही नै ब्रह्मलाई परमार्थ सत्यको रूपमा प्रतिपादन गर्नका लागि ब्रह्मभन्दा इतर तत्त्वलाई मिथ्याको रूपमा लिइएको हो। जहाँ त्रिसर्ग मिथ्या नै ठहरिन्छन्। वस्तुतः ती सत्य ठहरिँदैनन्। त्यस ब्रह्मको आफ्नै प्रकाशले सम्पूर्ण अन्धकार, कपट या मायालाई हटाउँछ। यो त भयो ब्रह्मको स्वरूप लक्षण। जुन ब्रह्मबाट यस सन्सारको सृष्टि, स्थिति र प्रलय हुन्छ त्यो परब्रह्मको तटस्थ लक्षण हो। यहाँ कारण देखाइन्छ 'अन्वयादितरश्च'। आकाशादि कार्यहरूमा परमेश्वरको 'सत्'रूपले अन्वय हुनु र आकाशपुष्प, बन्ध्यापुत्र जस्ता अकार्यहरूमा व्यतिरेक हुनु, अर्थात् परमात्माको सत्ता नरहनु। अथवा अन्वय शब्दले अनुवृत्ति र व्यतिरेक शब्दले व्यावृत्ति भन्ने बुझाउँछ। अर्को शब्दमा 'अनुवृत्तत्वात् सद्रूपं ब्रह्मकारणं मृत्सुवर्णादिवत्' र 'व्यावृत्तत्वाद्विश्वं कार्यं घटकुण्डलादिवत्, यद्वा सावयवत्वादन्यव्यतिरेकाभ्यां यदस्य जन्मादि तद्यतो भवतीति सम्बन्धः' जस्तै श्रुतिले पनि भनेको छ–'यतो वा इमानि भूतानि जायन्ते। येन जातानि जीवन्ति। यत्प्रयन्त्यभिसंविसन्ति' स्मृतिले पनि भनेको छ– 'यतः सर्वाणि भूतानि भवन्त्यादि युगागमे। यस्मिंश्च प्रलयं यान्ति पुनरेव युगक्षये, आदि'।

अन्वय र व्यतिरेकका सम्बन्धमा चतुश्लोकी भागवतमा आएको 'अन्वयव्यतिरेकाभ्याम्"को व्याख्या गर्दै "अन्वय कार्येषु कारणत्वेनानुवृत्तिः। कारणावस्थायां च तेभ्यो व्यतिरेकः। तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाग्रदाद्यवस्थासु तत्तत्साक्षीतयान्वयः । व्यतिरेकश्च समाध्यादौ, एवमन्वयव्यतिरेकाभ्यां यत्स्मात्सर्वत्र सर्वदा च तदेवात्मा इति" भनेर श्रीधर स्वामीले आफ्नो टीकामा उल्लेख गर्नुभएको छ । यसलाई अझै स्पष्ट गर्दै दीपिका टीप्पणीमा 'अन्वयकार्येष्विति यदा कार्याणि जायन्ते तदोपादानतयेश्वरस्य सर्वत्रैवानुवृत्ति कुण्डलादिषु स्वर्णवत् । यदा अविकृतः कारणरूपेण वर्तते तदा कार्याणामभावात्तेभ्यो व्यतिरेकः, अविकृतसुवर्णवत्, इति' । अर्थात् जुन वेला आकाशादि कार्यहरू सृष्टि हुन्छन् त्यस वेला उपादानका रूपमा परमात्मा परब्रह्म नै सृष्टिका सबै कार्यमा अनुवृत्त भएर रहनुहुन्छ । जस्तै सुनका गहनाहरू- कुण्डल, तिलहरी, बाला आदिमा सुनको अनुवृत्ति हुन्छ । जुन वेला परमात्मा अविकृतकारणरूपमा रहनुहुन्छ, त्यस वखत कार्यको अभाव भएको हुँदा परमात्माको व्यतिरेक हुन्छ । जस्तै कुण्डल, बाला आदिका रूपमा विकृत नभएको ढिक्का सुन हुन्छ । यसैगरी जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थामा परमात्मा साक्षीरूपले अनुस्यूत भएर रहनु हुन्छ । व्यतिरेक चाहिँ समाधि अवस्थामा ती तीन जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थाको अभाव हुनु हो ।

सन्सारको सृष्टिका लागि परमात्मालाई नलिएर प्रकृति (प्रधान)लाई किन लिन नहुने ? भनेर पूर्वपक्षको प्रश्न आउन सक्ने हुँदा यहाँ अभिज्ञ शब्द आएको छ । ब्रह्ममामात्रै अभिज्ञता अर्थात् ज्ञान रहने र प्रधान जड भएकोले जडमा ज्ञान नरहने हुँदा उसबाट सृष्टि आदि काम हुन नसक्ने देखिन्छ । श्रुतिले पनि भनेको छ- 'स ईक्षत लोकान्नु सृजा, स इमाँल्लोकानसृजत इति' । ब्रह्मसूत्रमा पनि 'ईक्षतेर्नाशब्दम्, इक्षतेरीक्षणकर्तृत्वश्रवणात्सर्वज्ञं ब्रह्म जगत्कारणम् । प्रधानस्य जडत्वेनेक्षितृत्वायोगात् । अशब्दं शब्देन जगत्कारणत्वेनाप्रतिपादितं प्रधानं जगत्कारणं न भवतीति' भनेर उल्लेख गरिएको छ । उसो भए जीवलाई किन नलिने ? यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'स्वराट्' स्वतःसिद्ध ज्ञान भन्ने भएको र जीवमा स्वतःसिद्ध ज्ञान नहुने हुँदा जीवलाई लिन मिल्दैन । लौ भइगयो, ब्रह्मालाई नै लिउन त, श्रुतिले पनि भनेको छ- 'हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्' इति । यो कुरा पनि यहाँ मिल्दैन, किनभने आदिकवये=ब्रह्माजीमा ब्रह्म=वेद, यः=जुन परमात्माले, तेने=प्रकाशितवान्, प्रकाशन गरे । श्रुतिले पनि भनेको छ 'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये' । ब्रह्माले कुनै गुरुकुलमा गएर वेद पढेका थिएनन् तर परमात्माको असीम कृपाले ब्रह्माको मनमा नै वेदको स्फुरण भएको थियो । यस सम्बन्धमा जसरी सुतेर उठेको मानिसलाई अघिल्लो दिनको सबै कुरा स्मरण हुन्छ त्यसैगरी ब्रह्माजीलाई पनि प्रलय हुनु अघिको कुरा सम्झना किन नहुनु ? भनेर भन्न सकिन्छ । तर यद्=यस्मिन्ब्रह्मणि जुन ब्रह्मका सम्बन्धमा, सूरयोऽपि=ठूलाठूला ऋषिमुनिहरू पनि मुह्यन्ति=मोहित हुन्छन् भनेर ब्रह्माजीमा त्यसप्रकारको ज्ञान शक्तिको अभाव भएको देखाइएको छ । स्वतःसिद्धज्ञान परमात्मामामात्र हुने हुँदा जगत्को अभिन्न निमित्तोपादनकारण पनि एकमात्र परमात्मा हुने स्वतःसिद्ध छ । 'स्वेनैव धाम्ना महसा निरस्तं कुहकं माया लक्षणं यस्मिंस्तम्,' अर्थात् जुन परमात्माले आफ्ना प्रखर प्रकाशद्वारा सम्पूर्ण मायारूपी अन्धकारलाई हटाउनु हुन्छ, त्यस्ता परब्रह्म परमात्माको हामी ध्यान गर्दछौं ।

सर्वप्रथमः श्रीमद्भागवत महापुराणको प्रारम्भकै यस प्रथम श्लोकमा नै गायत्रीको धीमहीबाट शुरु गरी यसको अन्तिम बाह्रौं स्कन्धको अन्तिम तेह्रौं अध्यायको उन्नाइसौं श्लोकमा गएर पनि गायत्रीको धीमहीबाटै यो पुराण समाप्त गरिएको छ । 'यस शास्त्रलाई गायत्रीको फलितार्थ प्रकाशन गर्ने शास्त्र हो भन्ने गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो कुरा यो शास्त्रको शुरुमा गायत्री मन्त्रका साथै श्रीवेदव्यासले आफ्नो ब्रह्मसूत्रको प्रथम अध्यायको प्रथम पादको दोस्रो सूत्र 'जन्माद्यस्य यतः'बाट शुरु गर्नुभएर यो श्रीमद्भागवत महापुराण ज्ञानपर्यवसायी र ब्रह्मैकप्रतिपादक शास्त्र हो भनेर प्रमाणित गर्नु भएको छ । यसैकारण यस महापुराणलाई 'गायत्र्याख्य ब्रह्मविद्यारूपमेतत्पुराणम्' भनेर भनिन्छ । यस सम्बन्धमा मत्स्य पुराणमा 'यत्राधिकृत्य गायत्रीं वर्ण्यते धर्मविस्तरः । वृत्रासुरवधोपेतं तद्भागवतमिष्यते । अष्टादशसहस्राणि पुराणं तत्प्रकीर्तितम्' भनेर उल्लेख भएको छ।

यस श्लोकको व्याख्याको अन्त्यमा श्रीधर स्वामीले आफ्नो टीकामा 'अतएव भागवतं नामान्यदित्यपि नशङ्कनीयम्' भागवत शब्द अरू पुराणहरूमा जोडिएर आए पनि यही श्रीमद्भागवत महापुराणलाई नै भागवत हो भनेर उल्लेख गर्नुभएको छ । गंगेशोपाध्यायले 'भगवत्या इदं भागवतमिति व्युत्पत्या देवी पुराणमेव भागवत शब्देन व्यवह्रियते' भनेर उल्लेख गर्नु भएको हुँदा सो आशङ्का हटाउन यो कुरा उल्लेख गरिएको हो।

(१)

धर्मः प्रोज्झितकैतवोऽत्र परमो निर्मत्सराणां सताम्
वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम् ।
श्रीमद्भागवते महामुनिकृते किं वा परैरीश्वरः
सद्यो हृद्यवरुध्यतेऽत्र कृतिभिः शुश्रूषुभिस्तत्क्षणात् ॥

यो हो भागवती वार्ता व्यासको दिव्य सिर्जन ।
यहाँ छ मोक्षपर्यन्त गाइने कृष्णकीर्तन ॥
जल्ले सुन्दछ यो शास्त्र तीनै ताप डराउँछन् ।
बस्छन् हृदयमा कृष्ण सारा पाप हराउँछन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो श्लोकले श्रोताहरूलाई श्रीमद्भागवत महापुराणतर्फ प्रवृत्त गराउन श्रीमद्भागवतलाई सर्वश्रेष्ट शास्त्रका रूपमा प्रतिपादन गरेको छ । भागवतलाई ब्रह्मद्रव पनि भनिएको छ । यहाँ परम धर्मको निरूपण गरिएको छ । यहाँ परमत्वको हेतु श्रीधर स्वामी दर्शाउनु हुन्छ 'प्रकर्षेण उज्झितं कैतवं फलाभिसन्धिलक्षणं कपटं यस्मिन्सः' अर्थात् फलाभिसन्धि भएको कपटलाई यहाँ राम्रोसँग हटाइएको छ । यहाँ 'प्र' शब्दले मोक्षको इच्छा पनि हटाइएको हो भनेर बुझ्नु पर्दछ । यहाँ खालि ईश्वराराधनालक्षण भएको धर्मको निरूपण गरिएको छ । यहाँ यो शास्त्र सुन्नयोग्य अधिकारीको निरूपण गरिएको छ । अब कस्तो अधिकारी भन्दा 'निर्मत्सराणां परोत्कर्षासहनं मत्सरः तद्रहितानां सतां भूतानुकम्पिनाम्' अर्थात् अरूको उत्कर्षलाई सहन गर्न सक्ने भूतप्राणीमात्रलाई दया गर्ने व्यक्ति नै यो शास्त्र सुन्ने अधिकारी हुन सक्छ भनेर बुझ्नु पर्छ । यसैकारणले अरू कर्मकाण्ड विषयका शास्त्रहरूभन्दा यो भागवत शास्त्र श्रेष्ठ हो भनेर शुरुमा उल्लेख गरिएको हो । अझ ज्ञानकाण्ड भएका विषयहरूभन्दा पनि श्रेष्ठ देखाउनका लागि यहाँ 'वेद्यं' शब्द आएको हो । 'वास्तवं परमार्थभूतं वस्तु वेद्यं न तु वैशैषिकाणामिव द्रव्यगुणादि रूपम्' । अर्थात् 'वास्तव' भनेर परमार्थभूत वस्तुलाई लिनु पर्दछ । वैशेषिक दर्शन र न्याय दर्शन आदिले भनेजस्तो गुणादि रूपलाई लिनु हुँदैन । अथवा 'वास्तव' शब्दले जीव, माया र सन्सारलाई समेत भिन्नाभिन्नै नलिई एकत्रितरूपमा लिनु पर्दछ । "यद्वा वास्तवशब्देन वस्तुनोंऽशो जीवः, वस्तुनः शक्तिर्माया, वस्तुनः कार्यं जगच्च, तत्सर्वं वस्त्वेव न ततः पृथगिति वेद्यम्" । यसको टिप्पणीमा पनि उल्लेख भएको छ 'वास्तवो जीवः, वास्तवी माया, वास्तवं जगच्च एषामेकभावो वास्तवं 'नपुंसकमनपुंसकेन' इति एक शेषः' । धेरै प्रयास नगरीकनै जान्न सकिने भनेर पनि श्रीधर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वामीले लेख्नु भएको छ । यो कुरा कसरी संभव छ भन्दा शिवदं सुख दिने, तापत्रयोन्मूलनम् आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनै थरी तापहरूलाई नाश गर्ने भएकाले ज्ञानकाण्डभन्दा पनि श्रेष्ठ यो भागवत शास्त्र हो भनेर भनिएको हो । अझ यो शास्त्र यसका कर्ताभन्दा पनि श्रेष्ठ हो भन्नका लागि महामुनि नारायण भन्ने शब्द राखिएको हो । नारायणले सर्वप्रथम चतुःश्लोकी भागवत ब्रह्मालाई सुनाउनु भएको थियो । त्यसपछि ब्रह्माले नारदलाई, नारदले श्रीव्यासलाई, श्रीव्यासले श्रीशुकदेवलाई, श्रीशुकदेवले राजा परीक्षित्लाई सुनाउनु भएको थियो । त्यो परम्परा शिष्यप्रशिष्य हुँदै अहिलेसम्म चल्दै आएको छ । यहाँ 'किं वा' शब्दले के परमात्मालाई हृदयमा स्थिर गरेर राख्न सकिन्छ ? भन्ने प्रश्नमा 'वा शब्दः कटाक्षे' सकिँदैन भन्ने हो । केही गरी सकियो भने पनि आकलझुकल अत्यन्त विलम्ब गरेरमात्र सकिएला भनेर यहाँ किं वा काकु अर्थमा पनि प्रयोग गरिएको हो । तर यो भागवत शास्त्र चाहिँ 'शुश्रूषुभिःश्रोतुमिच्छद्भिरेव', सुन्न इच्छा गर्ने श्रोताका हृदयमा मात्र तत्क्षणादेव तुरुन्त नै 'अवरुध्यते स्थिरीक्रियते' रोकेर राख्न सकिन्छ । अर्थात् परमात्मा भक्तका हृदयमा स्थायीरूपमा नै बस्नु हुन्छ । तर यस शास्त्रलाई 'कृतिभिः' पुण्यात्माहरूलेमात्र सुन्न पाउछन् । यो भागवतशास्त्र सुन्ने इच्छा पूर्वजन्मको पुण्यपुञ्जको परिपाकको उदय नभई हुनै सक्तैन । 'तस्मादत्र काण्डत्रयार्थस्यापि यथावत्प्रतिपादनादिदमेव सर्वशास्त्रेभ्यः श्रेष्ठम् । अतो नित्यमेतदेव श्रोतव्यमिति भावः' । यहाँ 'अत्र' पद तीन पटक प्रयोग गर्नुको तात्पर्य निर्धारणका लागि नै हो । अर्थात् यो शास्त्र सुनेपछि परमात्मा भक्तका हृदयमा रोकिन्छन् । अरू शास्त्र सुनेर रोकिदैनन् भन्ने यसको तात्पर्य हो । 'अत्रैव वास्तवं वस्तु वेद्यं नान्यत्र' । यहीं नै परमार्थ वस्तु बुझ्न पाइन्छ, अन्यत्र बुझ्न पाइदैन । 'अत्रैव प्रोज्झितकैतवो धर्मो नान्यत्र' यहीं नै फलाभिसन्धिरहित परमधर्म बुझ्न पाइन्छ, अन्यत्र बुझ्न पाइदैन । यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'धर्मः' भनेर कर्मकाण्डको अर्थ, 'निर्मत्सराणाम्' भनेर उपासना काण्डको अर्थ र 'वेद्यम्' भनेर ज्ञान काण्डको अर्थ बुझ्नु पर्दछ ।

जुनसुकै शास्त्र पनि अनुबन्धचतुष्ठय अनुसार प्रणयन गरिने हुँदा यहाँ पनि अनुबन्धचतुष्ठय पाइन्छ । यसको वारेमा भनिएको छ- 'सम्बन्धाश्चाधिकारिश्च विषयश्च प्रयोजनम् । विनाऽनुबन्धं ग्रन्थादौ मङ्गलं नैव शस्यते' १-सम्बंध, २-अधिकारी, ३-विषय र ४-प्रयोजन । सम्बन्ध भन्नाले ज्ञातृज्ञेयभाव सम्बन्ध (ग्रन्थस्य विषयेण प्रतिपाद्यप्रतिपादकभावसम्बन्धः प्रयोजनेन साध्यसाधनभावःसम्बन्धःसमेत) बुझ्नुपर्दछ । अधिकारी भन्नाले अरूको उन्नति सहन सक्ने निर्मत्सर सज्जन मान्छे (अत्रानेकजन्मानुष्ठितसुकृतत्वेन मत्सरादिदोषरहितः शुद्धान्तःकरणोऽधिकारी) सम्झनु पर्छ । अधिकारीका सम्बनधमा यस श्लोकको शुरुमा पनि केही उल्लेख गरिसकिएको छ । विषय भन्नाले जीव र ब्रह्मको एकता (जीवब्रह्मणो ऐक्यम्, साधनतया श्रवणादि धर्मस्तत्प्राप्यतया सच्चिदानन्दात्मको भगवांश्च) भन्ने बुझ्नु पर्दछ । प्रयोजन भन्नाले आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीन तापको उन्मूलन गर्नु नै हो। (निखिलदुःखनिवृत्तिपूर्वकपरमानन्दावाप्तिश्च फलापरपर्यायं प्रयोजनम्) भनेर बुझ्नु पर्दछ ।

(२)

निगम कल्पतरोर्गलितं फलं
शुकमुखादमृतद्रवसंयुतम् ।
पिबत भागवतं रसमालयं
मुहरहो रसिका भुवि भावुकाः ॥

निगमका रुखको रसिलो फल ।
ठुग दिई शुकले चुहुँदो तल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिउन लायक यो नमरेतक ।
पिइरहू रस यो प्रिय भावुक !

अहिले यस मङ्गलाचरणको तेस्रो श्लोकमा सबै शास्त्रहरूमा श्रेष्ठ भएको श्रीमद्भागवतशास्त्रको श्रवण विधिको कुरामात्र नगरेर सबै शास्त्रहरूको फलको रूपमा प्रकट भएको यस शास्त्रको परम आदरका साथ सेवा पनि गर्नु पर्दछ भन्ने कुराको वर्णन गरिएको छ। वेदरूपी कल्पतरुको सर्वार्थसाधक रसमयफल नै यो भागवतशास्त्र हो । यो फल ब्रह्माबाट नारदले ल्याएर श्रीवेदव्यासलाई दिएका थिए र उनले पनि आफ्ना छोरा श्रीशुकदेवका मुखमा राखिदिएका थिए । त्यो पनि श्रीशुकदेवका मुखबाट भुइँमा ख़सेर शिष्यप्रशिष्यको पल्लव परम्पराले विस्तारै विस्तारै नफुटीकन नै सबैतिर फैलियो । यस श्लोकमा भगवान् श्रीवेदव्यासले भविष्यत्काललाई भूतकालको रूपमा नै प्रयोग गर्नुभएको छ । 'यद्यपि भागवतग्रन्थको प्रणयनको समयमा यो श्रीशुकदेवको मुखबाट भुइँमा खसेको थिएन । तै पनि श्रीवेदव्यास सर्वज्ञ भएका हुँदा भविष्यत्काललाई पनि भूतकाल जस्तो गरेर उहाँले प्रयोग गर्नुभएको हो (दीपनी), अनागतको आख्यान गर्नु नै यस शास्त्रको प्रवृत्ति हो ।' यसैकारण यो शास्त्र अमृतरूप द्रवले परिपूर्ण छ । सन्सारमा पनि सुगाको मुखले छोएको अर्थात् सुगाले चाखेको फल अमृत जस्तै मीठो हुन्छ भन्ने प्रसिद्धि रहेको पाइन्छ ।

यस श्लोकमा शुक भन्नाले श्रीशुकदेव मुनि भन्ने बुझ्नुपर्दछ । यहाँ अमृत भन्नाले परमानन्दरूप रसलाई सम्झनु पर्दछ । 'रसो वै सः' 'रसं ह्येवायं लब्ध्वानन्दी भवति' भनेर श्रुतिले पनि भनेको छ । यसकारण हे रसिकहरू हो ! हे रस जान्नेहरू हो ! अझ हे भावुकहरू हो ! हे रस विशेषभावनाका चतुर व्यक्तिहरू हो ! यस पृथ्वीमा पाउन नसकिने यो भागवत नामको फल बारम्बार पान गर । यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोक्रा र कोया समेत नभएको फलको रस ता पिउन सकिएला तर बोक्रा र कोयासमेत भएको फल कसरी पिउने ? भनेर प्रश्न गर्न सकिन्छ, तर यसको जबाफमा यो फल चाहिँ 'रसं रसरूपम्' भएको हुँदा बोक्रा र कोया जस्ता फ्याक्नु पर्ने कुनै पनि कुरा नभएकाले सजिलैसँग सबै पान गर भनिएको हो । रसमात्रै भनेर भन्दा रस विनाआधार नअडिनेहुँदा फल भनेर यहाँ भनिएको हो । यो भागवतरूपी अमृतको पान मोक्ष भइसकेपछि पनि गरिरहनु पर्दछ, छोड्नु हुदैन । यहाँ आलय शब्द मोक्ष अर्थमा गरिएको हो । 'आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे । कुर्वन्त्यहैतुकीं भक्तिमित्थंभूतगुणो हरिः' भनेर भागवतको १।७।१० मा पनि उल्लेख भएको छ ।

अब यस श्लोकको सारांशमा यहाँ अर्कै भङ्गीबाट दिइन्छ- हे पृथ्वीका रसज्ञ भावुक भक्तजनहरू हो ! यो वेदरूपी कल्पतरु अर्थात् जल्ले जे चाहे पनि दिन सक्ने रुखमा फलेको रसले लवालव भरिएको अमृत फललाई मोक्षपर्यन्त बारम्बार पान गरिरहू । यो फल कस्तो छ भने 'अमृतं मोक्षमपि द्रावयति शिथिलीकरोति' यसले मोक्षलाई पनि तुच्छ पारिदिन्छ । अनि यसमा 'अमृतद्रवो भक्तिरसःतेन संयुतम्' अमृतरूपी रस भरिएको पनि छ । यो भागवतशास्त्र 'रसमालयम्' 'रस आनन्दोमीयते प्राप्यतेऽनया इति रसमा सरस्वती तस्या आलयम्' अर्थात् आनन्दलाई प्रदान गर्ने सरस्वतीको घर हो अथवा 'रसैर्मीयते ज्ञायते इति रसमा सापि लीयतेऽस्मिन्निति' अर्थात् रसको ज्ञान गर्ने साक्षात् सरस्वती पनि यस शास्त्रमा आएर हराउँछिन्, सरस्वतीले पनि यस शास्त्रको इयत्ता पत्ता लगाउन सक्तिनन् भन्ने यसको अभिप्राय हो । उपर्युक्त मङ्गलाचरणका तीन श्लोकहरूमध्येमा 'जन्माद्यस्य यतः'बाट शुरु हुने श्लोक ग्रन्थकर्ता श्रीवेदव्यासले गरेको मङ्गलाचरण श्लोक हो । यसमा परं सत्य परब्रह्मको स्तुत्यात्मक मङ्गलाचरण गरिएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो श्लोक अत्यन्त क्लिष्ट छ । यस श्लोकलाई एकशय प्रकारले व्याख्या गरिएको छ भन्ने प्रवाद पनि छ । दोस्रो श्लोक 'धर्मःप्रोज्झितकैतवः'बाट शुरु हुन्छ । यो श्लोक श्रीशुकदेव मुनिले मङ्गलाचरणका रूपमा आफ्‍ना पिता श्रीवेदव्यासको स्तुति गरेका हुन् । यसलाई पनि अत्यन्त गहिरो अर्थ दिने सुन्दर श्लोक मानिन्छ । तेस्रो श्लोक 'निगम कल्पतरोः'बाट शुरु हुन्छ । यो मङ्गलाचरणको रूपमा आफ्‍ना परम गुरु श्रीशुकदेव मुनिको स्तुति सूतजीले गरेका हुन् । यस श्लोकमा श्रीशुकदेव मुनिको स्तुतिको साथै श्रीमद्‌भागवत महापुराणको महत्त्वको पनि मुक्त कण्ठले वर्णन गरिएको छ । यी तीनथरी मङ्गलाचरणका रूपमा प्रणयन भएका श्लोकहरू तीन थरी श्रीवेदव्यास, श्रीशुकदेव र कथावाचक श्रीसूतजीबाट रचना गरिएका हुन् भन्ने भनाइ यसका व्याख्याता कतिपय विद्वान्‌हरूबाट अभिव्यक्त भएको पाइए ता पनि यी सबै श्लोकहरू श्रीवेदव्यासबाटै रचिएका हुन् भन्ने कुरा श्रीधर स्वामीको भावार्थबोधिनी नाम गरेको टीकाको अध्ययनबाट थाहा पाइन्छ । यसरी माथि उद्धरित मङ्गलाचरणहरूलाई श्रीवेदव्यास, श्रीशुकदेव र पुराणवक्ता सूतजीका नाममा विभाजन गरी व्याख्या गर्नु विद्वान्‌हरूको बुद्धिविलासमात्र हो भन्नु अत्युक्ति हुने छैन ।

भागवत १।१।१-३

(३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीष्मस्तुति

भीष्मजी भन्नुहुन्छ-

स देवदेवो भगवान् प्रतीक्षतां कलेवरं यावदिदं हिनोम्यम् ।
प्रसन्नहासारुणलोचनोल्लसन्मुखाम्बुजो ध्यानपथश्चतुर्भुजः ॥

देवका पनि ती देव भगवान् जगदीश्वर ।
फक्रेको पद्मझैं आँखाद्वारा वक्त्र मनोहर ॥
भएका भगवान् चार हातले युक्त छन् जुन ।
जसको ध्यानमा मात्रै पाइन्छ नित्य दर्शन ॥
तिनै प्रभु जगन्नाथ मेरो मृत्यु हुँदातक ।
मेरो अगाडि हुन् नित्य बनेर दिव्य दीपक ॥

(१)

सूतजी भन्नुहुन्छ-

युधिष्ठिरस्तदाकर्ण्य शयानं शरपञ्जरे ।
अपृच्छद्विविधान्धर्मानृषीणां चानुशृण्वताम् ॥

सुनेर भीष्मको इच्छा धर्मका पुत्रले पनि ।
सुतेका शरशय्यामा भीष्म सामु गई अनि ॥
धेरै ऋषिहरू माझ अति भावुक भैकन ।
थुप्रै प्रश्नहरू सोधे धर्ममा नै दिई मन ॥

(२)

पुरुषस्वभावविहितान् यथावर्ण यथाश्रमम् ।
वैराग्यरागोपाधिभ्यामाम्नातोभयलक्षणान् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारोटा वर्णका साथै आश्रमी निम्तिमा पनि ।
पुरुषाश्रित धर्मादि स्वाभाविक अरू पनि ॥
वैराग्य रागले गर्दा उत्पन्न सब यी गरी ।
प्रवृत्ति र निवृत्तिका धर्म हुन्छन् दुई थरी ॥

(३)

दानधर्मान् राजधर्मान् मोक्षधर्मान् विभागशः ।
स्त्रीधर्मान् भगवद्धर्मान् समासव्यासयोगतः ॥

दानधर्म राजधर्म मोक्षधर्म गरीकन ।
स्त्रीधर्म भगवद्धर्म यी छन् धर्म अनेकन ॥
यी सारा धर्मको व्याख्या सङ्क्षेपरूपमा अनि ।
बताए भीष्मले साथै विस्ताररूपमा पनि ॥

(४)

धर्मार्थकाममोक्षांश्च सहोपायान् यथा मुने ।
नानाख्यानेतिहासेषु वर्णयामास तत्त्ववित् ॥

भीष्मले यिनका साथै धर्मार्थकाममोक्ष ती ।
पुरुषार्थहरू प्राप्त गर्ने साधन हुन् कति ?
तिनको अति विस्तार उपाख्यानहरूसँग ।
इतिहास सुनाएर बताए तत्त्वका सँग ॥

(५)

धर्मं प्रवदतस्तस्य स कालः प्रत्युपस्थितः ।
यो योगिनश्छन्दमृत्योर्वाञ्छितस्तूत्तरायणः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी भीष्मले नाना धर्म भन्दै थिए जब ।
उत्तरायणको वेला आयो घुमिफिरी तब ॥
भीष्म जस्ता महाज्ञानी इच्छामरणका धनी ।
यही समय पर्खन्छन् सधैँ कालजयी बनी ॥

(६)

तदोपसंहृत्य गिरः सहस्रणीर्विमुक्तसङ्गं मन आदिपूरुषे ।
कृष्णो लसत्पीतपटे चतुर्भुजे पुरःस्थितेऽमीलितदृग्व्यधारयत् ॥

त्यहाँ हजारौँ रथिअग्रगामी ।
श्रीभीष्मले वाक् पनि टक्क थामी ॥
रोकेर चारैतिरबाट चित्त ।
श्रीकृष्णमा नै अति भै प्रवृत्त ॥
दिएर सारा मन एकनास
हेरे उनैतर्फ लिएर आस ॥

(७)

विशुद्धया धारणया हताशुभस्तदीक्षयैवाशु गतायुधव्यथः ।
निवृत्तसर्वेन्द्रियवृत्तिविभ्रम स्तुष्टाव जन्यं विसृजञ्जनार्दनम् ॥

लडाइँका दुःख थिए जति सब ।
हेराइबाटै सब नासिए तब ॥
अशुद्धि मैलो मनमा थियो तब ।
गरेर नै ध्यान पखालियो सब ॥

प्रस्थानका निम्ति भई तयार ।
संझेर ती कृष्ण गरी पियार ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोकी सबै इन्द्रियको विलास ।
थाले उनैको स्तुति गर्न खास ॥

(८)

भीष्म पितामह स्तुति गर्नुहुन्छ-

इति मतिरुपकल्पिता वितृष्णा भगवति सात्वतपुङ्गवे विभूम्नि ।
स्वसुखमुपगते क्वचिद्विहर्तुं प्रकृतिमुपेयुषि यद्भवप्रवाहः ॥

मेरो हो जुन यो बुद्धि तृष्णा रहित शुद्ध छ ।
गर्दागर्दै अनुष्ठान अब सारै विशुद्ध छ ॥
लगेर बुद्धि यो मेरो यदुका पति कृष्णका-
गर्छु अर्पण पाउमा संझी संसार यो फिका ॥

सधैं नै भगवान् कृष्ण सच्चित् आनन्दरूपमा ।
रहेर पनि लीलाका लागि नै धेर रूपमा ॥
राखी अधीनमा माया स्वेच्छाले तल आउँछन् ।
भगवान् खेलमै सारा सृष्टिचक्र चलाउँछन् ॥

(९)

त्रिभुवनकमं तमालवर्णं रविकरगौरवराम्बरं दधाने ।
वपुरलककुलावृताननाब्जं विजयसखे रतिरस्तु मेऽनवद्या ॥

जसको देह सम्पूर्ण विश्वमा छ मनोहर ।
तमाल वर्णझैं श्याम देखिन्छ अङ्ग सुन्दर ॥
सूर्यको रश्मिझैं पीत छ वस्त्र अति झल्कने ।
पद्मझैं मुखमा बाङ्गा लर्केका केश देखिने ॥
श्रीकृष्ण पार्थका साथी दिव्य सौन्दर्यका घर ।
उनैमा शुद्ध यो मेरो मति लागोस् निरन्तर ॥

(१०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युधि तुरगरजोविधूम्रविष्वक्कचलुलितश्रमवार्यलङ्कृतास्ये ।
मम निशितशरैर्विभिद्यमान त्वचि विलसत्कवचेऽस्तु कृष्ण आत्मा ॥

युद्धका स्थलमा जस्को थियो स्वरूप सुन्दर ।
मुखमा लड्किने केश घोडाका टापनिस्सर ॥
धूलाबाट थिए सारा मुछिएका बनी मल ।
मुखमा स्वेदका बिन्दु देखिन्थे अति निर्मल ॥

म आफ्ना बाणले सारा छाला पारेर जर्जर ।
झार्थें रगतका धारा बनाईकन निर्झर ॥
लागोस् कवचले युक्त उनै श्रीकृष्णमा मन ।
हओस् शरीर यो आत्मा उनमा नै समर्पण ॥

(११)

सपदि सखिवचो निशम्य मध्ये निजपरयोर्बलयो रथं निवेश्य ।
स्थितवति परसैनिकायुरक्ष्णा हृतवति पार्थसखे रतिर्ममास्तु ॥

सुनेर पार्थको वाणी आफ्नो रथ लगीकन ।
राखेर दुइटै सेना बीचमा शान्त भैकन ॥
निरीक्षण गरी आयु शत्रुसैनिकको सब-
हर्ने, श्रीकृष्णमा मेरो हओस् रति सधैं अब ॥

(१२)

व्यवहितपृतनामुखं निरीक्ष्य स्वजनवधाद्विमुखस्य दोषबुद्ध्या ।
कुमतिमहरदात्मविद्यया यश्चरणरतिः परमस्य तस्य मेऽस्तु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पार्थले जब देखेथे कौरवी सैन्य नायक ।
गर्नु स्वजनको नाश सम्झिए पापदायक ॥
भाग्न खोजे जसै पार्थ युद्धबाट भई पर ।
कृष्णाले दिनुभो ज्ञान गीताको पार्थमा तर ॥
गयो अर्जुनको मोह आत्मविद्या सुने जब ।
तिनै श्रीकृष्णमा लागोस् मेरो मन यहाँ अब ॥

(१३)

स्वनिगममपहाय मत्प्रतिज्ञामृतमधिकर्तुमवप्लुतो रथस्थः ।
धृतरथचरणोऽभ्ययाच्चलद्गुर्हरिरिव हन्तुमिभं गतोत्तरीयः ॥

आफ्नू शपथ विर्सेर मेरो गर्न पूरा भनी ।
युद्धमा जसले अस्त्र उठाए शत्रुझैँ बनी ॥
रथबाट झरे उफ्री पृथ्वीमा जब ती हरि ।
लाग्दथ्यो सिंह नै उफ्री हात्ती नै पक्रने गरी ॥
रथको चक्र बोकेर कुदे म तिर ती हरि ।
कँध्यौरी भुइँमा लत्र्यो काम्यो जमीन थर्थरी ॥

(१४)

शितविशिखहतो विशीर्णदंशःक्षतजपरिप्लुत आततायिनो मे ।
प्रसभमभिससार मद्वधार्थं स भवतु मे भगवान् गतिर्मुकुन्दः ॥

आततायी म आफैँले बाण छोडी भयङ्कर ।
पारेँ कवच नै सारा कृष्णको अति जर्जर ॥
बग्यो रगतको धारा शरीरै भरी तर्तर ।
आए मार्न भनी कृष्ण रोके अर्जुनले तर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनै श्रीभगवान् कृष्ण हटाइ भक्तको भय ।
प्रेमपूर्ण बनी मेरो बनुन् अन्तिम आश्रय ॥

(१५)

विजयरथकुटुम्ब आत्ततोत्रे धृतहयरश्मिनि तच्छ्रियेक्षणीये ।
भगवति रतिरस्तु मे मुमूर्षोर्यमिह निरीक्ष्य हता गताः सरूपम् ॥

पार्थको रथ रक्षामा चनाखो अति भैकन ।
एउटा हातमा कोर्रा अर्कोमा रश्मि लीकन ॥
यी दुवै नै मिलाएर युद्धमा अति सुन्दर ।
देखिन्थ्यो कृष्णको शोभा अत्यन्त नै मनोहर ॥

यही नै रूप हेरेर रणमा जति जो मरे ।
सारूप्य मुक्ति पाएर सन्सार सिन्धु ती तरे ॥
पार्थको रथ हाक्ने ती कृष्णमा नै निरन्तर ।
मरणासन्न यो मेरो प्रीति लागोस् सधैंभर ॥

(१६)

ललितगतिविलासवल्गुहासप्रणयनिरीक्षणकल्पितोरुमानाः ।
कृतमनुकृतवत्य उन्मदान्धाःप्रकृतिमगन् किल यस्य गोपवध्वः ॥

हिँडाइ अति नै राम्रो हाउभाउ मनोहर ।
हाँसो मधुर हेराइ आकर्षक र सुन्दर ॥
यी सारा तत्वले गोपी सम्मानित थिए अति ।
बढ्यो गर्व, भए टाढा बीचमै यदुका पति ॥

प्रेम उन्मादले मत्त गोपी विरहमा जब ।
कृष्णलीला गरी धुम्थे भई तन्मय ती सब ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए तन्मय जो गोपी हरिमा नै दिई मन ।
तिनै श्रीहरिमा लागोस् मेरो मति प्रतिक्षण ॥

(१७)

मुनिगणनृपवर्यसंकुलेऽन्तस्सदसि युधिष्ठिरराजसूय एषाम् ।
अर्हणमुपपेद ईक्षणीयो मम दृशिगोचर एष आविरात्मा ॥

राजसूय गरे यज्ञ धर्मका पुत्रले जब ।
ठूलाका बीचमा पूजा भयो श्रीकृष्णाको तब ॥
उनै नै सबका आत्मा श्रीकृष्ण परमेश्वर ।
मेरो अन्तिम वेलामा उनै छन् दृष्टिगोचर ॥

(१८)

तमिममहमजं शरीरभाजां हृदि हृदि धिष्ठितमात्मकल्पितानाम् ।
प्रतिदृशमिव नैकधार्कमेकं समधिगतोऽस्मि विधूतभेदमोहः ॥

जसरी सूर्य साराका आँखामा भिन्नभिन्न छन् ।
त्यस्तै श्रीहरि आफ्ना नै सृष्टिभित्र विभिन्न छन् ॥
विभिन्न देखिनेमात्र तर ती भित्र एक छन् ।
अन्तःस्करणको साक्षी भएर नित्य बस्तछन् ॥
आज आखिर आएर सारा भेदहरू पर-
भएर कृष्णमै एक भएको छु म सुस्थिर ॥

(१९)

सूतजी भन्नुहुन्छ-
कृष्ण एवं भगवति मनोवाग्दृष्टिवृत्तिभिः ।
आत्मन्यात्मानमावेश्य सोऽन्तश्श्वास उपारमत् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीष्मले यसरी आफ्ना वाणी मन र नेत्रका ।
वृत्तिद्वारा गरे लीन आफैँलाई गरी ढिका ॥
भए प्राणहरू लीन हरिमा नै गईकन ।
भीष्मको सकियो लीला सुते शान्त भईकन ॥

(२०)

सम्पद्यमानमाज्ञाय भीष्मं ब्रह्मणि निष्कले ।
सर्वे बभूवुस्ते तूष्णीं वयांसीव दिनात्यये ॥

गए भीष्म भई लीन विशुद्ध ब्रह्ममा भनी ।
सबैजना भए शान्त साँझमा खगझैँ बनी ॥

भागवत १।९।२४-४४

(२१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबीज योग

(भक्तिको लक्षण)

श्रीभगवान् भन्नुहुन्छ-

योगस्य लक्षणं वक्ष्ये सबीजस्य नृपात्मजे ।
मनो येनैव विधिना प्रसन्नं याति सत्पथम् ॥

हे आमा ! ध्यानका लागि आलम्बन हुने गरी ।
गर्छु वर्णन संक्षिप्त योगलक्षण सुस्तरी ॥
यो जान्दा मनमा शान्ति हुन्छ दुर्गुण भाग्दछ ।
विस्तारै परमात्माकातर्फ यो मन लाग्दछ ॥

(१)

स्वधर्माचरणं शक्त्या विधर्माच्च निवर्तनम् ।
दैवाल्लब्धेन सन्तोष आत्मविच्चरणार्चनम् ॥

स्वधर्म पालना गर्नु शास्त्रानुसार शक्तिले ।
विधर्मको गरी त्याग काम गर्नु विरक्तिले ॥
प्रारब्धबाट जे मिल्छ त्यसैबाट खुशी हुनु ।
ज्ञानीको अर्चना गर्नु ज्ञानीका पाउ नै धुनु ॥

(२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्राम्यधर्मनिवृत्तिश्च मोक्षधर्मरतिस्तथा ।
मितमेध्यादनं शश्वद्विविक्तक्षेत्रसेवनम् ॥

ग्राम्यधर्महरू बढ्ने कर्मदेखि हुनु पर ।
मोक्षधर्मानुरागी भै अघि बढ्नु तिरन्तर ॥
पवित्र अनि थोरै नै गर्नु भोजन सात्त्विक ।
एकान्त स्थानमा बस्नु बन्नु निर्भय तात्त्विक ॥

(३)

अहिंसा सत्यमस्तेयं यावदर्थपरिग्रहः ।
ब्रह्मचर्यं तपः शौचं स्वाध्यायः पुरुषार्चनम् ॥

अहिंसक सधैं बन्नु साँचो बोल्नु निरन्तर ।
चोरी नगर्नु, विश्वास अपरिग्रहमा गर ॥
ब्रधह्मचर्यादिमा बस्नु शास्त्र पढ्नु निरन्तर ।
गर्नु श्रीहरिको पूजा परेर उनकै भर ॥

(४)

मौनं सदाऽऽसनजयस्थैर्य प्राणजयः शनैः ।
प्रत्याहारश्चेन्द्रियाणां विषयान्मनसा हृदि ॥

गर्नु संयम वाणीमा जित्नु आसनको क्रिया ।
प्राणायाम गरी जित्नु श्वासप्रश्वासप्रक्रिया ॥
रोकी इन्द्रिय सम्पूर्ण मनले विषयादिको-
नगरी संझना राख्नु लगी हृदयमा निको ॥

(५)

स्वधिष्ण्यानामेकदेशे मनसा प्राणधारणम् ।
वैकुण्ठलीलाभिध्यानं समाधानं तथाऽऽत्मनः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूलाधार भनौं यद्वा अरू नै केन्द्रमा पुगी ।
गरोस् स्थिर मनै साथ प्राणलाई सँगै लगी ॥
गरोस् श्रीकृष्णको ध्यान, लीलाको नित्य चिन्तन–
गरोस् संयमका साथ समाहित गरी मन ॥

(६)

एतैरन्यैश्च पथिभिर्मनो दुष्टमसत्पथम् ।
बुद्ध्या युञ्जीत शनकैर्जितप्राणो ह्यतन्द्रितः ॥

यिनले र अरू यस्तै व्रतदानादि साधन–
द्वारा प्राण जितोस् पैले एकाग्र चित्त भैकन ॥
विस्तारै सावधानीले कुमार्गरत यो मन–
लगाओस् परमात्माको ध्यानतर्फ प्रतिक्षण ॥

(७)

शुचौ देशे प्रतिष्ठाप्य विजितासन आसनम् ।
तस्मिन् स्वस्ति समासीन ऋजुकायः समभ्यसेत् ॥

एकान्त शुद्ध ठाउँमा विछ्याओस् चर्म आसन ।
जीती आसन विस्तारै कसोस् पट्टल दी मन ॥
सीधा शरीर राखेर स्थिर भै सुखपूर्वक ।
प्राणायामादिको थालोस् अभ्यास विधिपूर्वक ॥

(८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणस्य शोधयेन्मार्गं पूरकुम्भकरेचकैः ।
प्रतिकूलेन वा चित्तं यथा स्थिरमचञ्चलम् ॥

प्राणायाम शुरु गर्दा पूरकुम्भकरेचक ।
गरोस् वा यसको उल्टो रेचकुम्भकपूरक ॥
यसरी प्राणको मार्ग गरेमा परिशोधन ।
चित्त स्थिर भई बस्छ बन्छ निश्चलझैं मन ॥

(९)

मनोऽचिरात्स्याद्विरजं जितश्वासस्य योगिनः ।
वाय्वग्निभ्यां यथा लोहं ध्मातं त्यजति वै मलम् ॥

जसरी वायु अग्निले तताएर गली सुन ।
विशुद्ध भई निस्किन्छ मल त्याग गरीकन ॥
त्यसै गरेर योगीले प्राणवायु जितीकन ।
चाँडै शुद्ध बनाएर काबुमा राख्छ यो मन ॥

(१०)

प्राणायामैर्दहेद्दोषान्धारणाभिश्च किल्बिषान् ।
प्रत्याहारेण संसर्गान्ध्यानेनानीश्वरान् गुणान् ॥

प्राणायाम गरी दोष धारणाबाट किल्बिष ।
प्रत्याहार गरी फ्याँकोस् विषयासक्तिको विष ॥
यसैगरी क्रमैसाथ ध्यानका विघ्नकारक ।
हटाओस् रागद्वेषादि सारा दुर्गुण; वारक ॥

(११)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदा मनः स्वं विरजं योगेन सुसमाहितम् ।
काष्ठां भगवतो ध्यायेत्स्वनासाग्रावलोकनः ॥

योग अभ्यासले चित्त जब एकाग्र सुस्थिर ।
हुन्छ, आँखा जमाएर हेरोस् नासाग्रकातिर ॥
विस्तारै हरिको ध्यान तल लेखेसरी गरी-
गरोस् अत्यन्त आस्थाले खुशी होलान् स्वयं हरि ॥

(१२)

प्रसन्नवदनाम्भोजं पद्मगर्भारुणेक्षणम् ।
नीलोत्पलदलश्यामं शङ्खचक्रगदाधरम् ॥

फक्रेको पद्मझैँ वक्त्र आँखा क्यै लालझैँ हुने ।
नील उत्पलझैँ श्याम शङ्खचक्रगदा लिने ॥

(१३)

लसत्पङ्कजकिञ्जल्कपीतकौशेयवाससम् ।
श्रीवत्सवक्षसं भ्राजत्कौस्तुभामुक्तकन्धरम् ॥

पद्मकेसरझैँ पीत रेशमी वस्त्र लाउने ।
झुल्दो श्रीवत्स छातीमा अत्यन्त नै सुहाउने ॥
मणिकौस्तुभ घाँटीमा देखिन्छ जसको सदा ।
उसैको गर है ध्यान आँखा चिम्लेर सर्वदा ॥

(१४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मत्तद्विरेफकलया परीतं वनमालया ।
परार्घ्यहारवलयकिरीटाङ्गदनूपुरम् ॥

वनमाला छ लाएको गर्दछन् भमरा स्वंर ।
शरीरभरि छन् दामी हार कङ्कण नूपुर ॥

(१५)

काञ्चीगुणोल्लसच्छ्रोणिं हृदयाम्भोजविष्टरम् ।
दर्शनीयतमं शान्तं मनोनयनवर्धनम् ॥

कटीमा छ सधैँ काञ्ची भक्तको हृत् छ आसन ।
दर्शनीय छ चिद्रूप भक्तआनन्दवर्धन ॥

(१६)

अपीच्यदर्शनं शश्वत्सर्वलोकनमस्कृतम् ।
सन्तं वयसि कैशोरे भृत्यानुग्रहकातरम् ॥

हेर्न लायक देखिन्छ कैशोरवय सुन्दर ।
नमस्कृत सबैबाट भक्तानुग्रहकातर ॥

(१७)

कीर्तन्यतीर्थयशसं पुण्यश्लोकयशस्करम् ।
ध्यायेद्देवं समग्राङ्गं यावन्न च्यवते मनः ॥

कीर्तन्य कीर्ति उनको यशस्वीयशवर्धन ।
सर्वाङ्गको गरोस् ध्यान नथाकेतक नै मन ॥

(१८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थितं व्रजन्तमासीनं शयानं वा गुहाशयम् ।
प्रेक्षणीयेहितं ध्यायेच्छुद्धभावेन चेतसा ॥

छन् धेरैं थरीका रूप दर्शनीय मनोहर ।
आफ्नो रुचि मिलाएर गरोस् ध्यान बनी स्थिर ॥
उभिएको हिडेँको वा सुतेको बुद्धिमा स्थित ।
गरोस् श्रीहरिको ध्यान बनेर अति सुस्थित ॥

(१९)

तस्मिँल्लब्धपदं चित्तं सर्वावयवसंस्थितम् ।
विलक्ष्यैकत्र संयुज्यादङ्गे भगवतो मुनिः ॥

श्रीअङ्गमा सबैतर्फ स्थिर चित्त भएपछि ।
गरी निश्चय योगीले हटाइ चित्त यो पछि ॥
सबैतिर गएको यो मन एकाग्रमा धरोस् ।
एकेक अङ्गको ध्यान विशेषरूपमा गरोस् ॥

(२०)

सञ्चिन्तयेद्भगवतश्चरणारविन्दं
वज्राङ्कुशध्वजसरोरुहलाञ्छनाढ्यम् ।
उत्तुङ्गरक्तविलसन्नखचक्रवाल-
ज्योत्स्नाभिराहतमहद्धृदयान्धकारम् ॥

वज्राङ्कुशध्वजा पद्म आदि सत् चिन्हले युत ।
गरोस् श्रीहरिका पाउ ध्यान, भै भक्ति संयुत ॥
उठेका नङ पाउका राता छन् चम्किला अति ।
गर्दा ती नङको ध्यान अन्तर्हृदया जति-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालो छ, सब नासिन्छ अज्ञानरूपको मल ।
पखालिन्छ सबै पाप चित्त बन्दछ निर्मल ॥

(२१)

यच्छौचनिःसृतसरित्प्रवरोदकेन
तीर्थेन मूर्ध्न्यधिकृतेन शिवः शिवोऽभूत् ।
ध्यातुर्मनः शमनशैलनिसृष्टवज्रं
ध्यायेच्चिरं भगवतश्चरणारविन्दम् ॥

धोएर ती दुवै पाउ गङ्गाजी सिर्जना भइन् ।
यिनै नदी बनी बग्दै शिवका शिरमा गइन् ॥
शिव कल्याणका मूर्ति स्वयं शुद्ध भए पनि ।
गङ्गाजी शिरमा राखी साँच्चै शिव भए उनी ॥

श्रीका पाउहरू ध्यान गर्नेका मनमा पसी ।
सम्पूर्ण पापका शैल इन्द्रको वज्रझैँ खसी ॥
नास्तछन् क्षणमा तस्मात् श्रीका चरणमा सदा ।
लामा समयका सम्म लगाओस् ध्यान सर्वदा ॥

(२२)

जानुद्वयं जलजलोचनया जनन्या
लक्ष्म्याखिलस्य सुरवन्दितया विधातुः ।
ऊर्वोर्निधाय करपल्लवरोचिषा यत्
संलालितं हृदि विभोरभवस्य कुर्यात् ॥

प्रभुका पिँडुला साथै घुँडाको पनि निर्भय ।
गरोस् ध्यान खुशी साथ भएर कृतनिश्चय ॥
श्रीलक्ष्मी, अज देवादि सबकी वन्दिता पनि ।
गर्दछिन्-जसको सेवा सधैँ नै सेविका बनी ॥

(२३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊरू सुपर्णभुजयोरधिशोभमाना-
वोजोनिधी अतसिकाकुसुमावभासौ ।
व्यालम्बिपीतवरवाससि वर्तमान-
काञ्चीकलापपरिरम्भि नितम्बबिम्बम् ॥

नीला आलसका फूल जस्तै अत्यन्त सुन्दर ।
बलका निधि छन् जस्का तिघ्राहरू निरन्तर ॥
बस्ता गरुड पक्षीको पीठ बन्दछ शोभन ।
गरोस् ध्यान ती तिघ्राको लगाएर निकै मन ॥

पीताम्बर जहाँदेखि झरेको छ तलैतक ।
काञ्ची छ सुनको जस्मा बेरिएको चकाचक ॥
यस्तो सुन्दर देदीप्य प्रदाता मुक्ति निर्भय ।
गरोस् नितम्बको ध्यान रोकेर बहिरिन्द्रिय ॥

(२४)

नाभिह्रदं भुवनकोशगुहोदरस्थं
यत्रात्मयोनिधिषणाखिललोकपद्मम् ।
व्यूढं हरिन्मणिवृषस्तनयोरमुष्य
ध्यायेद् द्वयं विशदहारमयूखगौरम् ॥

सम्पूर्ण लोकको स्थान जहाँ कमल निस्कियो ।
यसैमा जन्मिए ब्रह्मा जल्ले सन्सार सिर्जियो ॥
त्यो नाभिह्रदको साथै मणिमाणिक्यमण्डित ।
दुइटै स्तनको ध्यान गरोस् भई अखण्डित ॥

(२५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वक्षोऽधिवासमृषभस्य महाविभूतेः
पुसां मनोनयननिर्वृतिमादधानम् ।
कण्ठं च कौस्तुभमणेरधिभूषणार्थं
कुर्यान्मनस्यखिललोकनमस्कृतस्य ॥

लक्ष्मीको छ जहाँ वास जल्ले नेत्र र चित्तमा ।
गर्छ आनन्दको वर्षा ती अकिञ्चन वित्तमा ॥
त्यो वक्षःस्थलको साथै मणि कौस्तुभशोभित ।
कण्ठश्रीको गरोस् ध्यान भई भक्तिसमन्वित ॥

(२६)

बाहूंश्च मन्दरगिरेः परिवर्तनेन
निर्णिक्तबाहुवलयानधिलोकपालान् ।
सञ्चिन्तयेद्दशशतारमसह्यतेजः
शङ्खं च तत्करसरोरुहराजहंसम् ॥

चारोटै हातको ध्यान गरोस् श्रीहरिका सदा ।
घोटी मन्दरले बाजु चम्कन्छन् जसका सदा ॥
अत्यन्त तेजिलो चक्र सहस्रधार संयुत ।
जसका हातमा बस्छ भई शक्तिसमन्वित ॥
त्यस्तै छ करमा शङ्ख राजहंस समानको ।
यी दुवैको गरोस् ध्यान पारेर मन यो निको ॥

(२७)

कौमोदकीं भगवतो दयितां स्मरेत
दिग्धामरातिभटशोणितकर्दमेन ।
मालां मधुव्रतवरूथगिरोपघुष्टां
चैत्यस्य तत्त्वममलं मणिमस्य कण्ठे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विपक्षी वीरको रातो रक्तले नित्य लेपित ।
हरिकी दयिता कौमोदकीको भक्तिले युत ॥
भई ध्यान गरोस् साथै भमराहरूगुञ्जित ।
घाँटीका वनमालाको गरोस् ध्यान मजैसित ॥
यसै गरेर सम्पूर्ण जीवको सार सुन्दर ।
मणि कौस्तुभको ध्यान गरोस् योगी निरन्तर ॥

(२८)

भृत्यानुकम्पितधियेह गृहीतमूर्तेः
सञ्चिन्तयेद्भगवतो वदनारविन्दम् ।
यद्विस्फुरन्मकरकुण्डलवल्गितेन
विद्योतितामलकपोलमुदारनासम् ॥

भक्तमाथि कृपा गर्न साकाररूप धारण-
गर्ने श्रीहरिको दिव्य गरोस् वदन चिन्तन ॥
देखिन्छ नाकको शोभा, कानका दिव्य कुण्डल-
गालामा झिल्मिलाएर सधैं पार्छन् सुमङ्गल ॥

(२९)

यच्छ्रीनिकेतमलिभिः परिसेव्यमानं
भूत्या स्वया कुटिलकुन्तलवृन्दजुष्टम् ।
मीनद्वयाश्रयमधिक्षिपदब्जनेत्रं
ध्यायेन्मनोमयमतन्द्रित उल्लसद्भ्रू ॥

राम्रो कमलको कोश काला भ्रमर सेवित-
हुँदा देखिन्छ जे जस्तो गर्दै त्यो नै तिरष्कृत ॥
कालो कपाल घुम्रेको अलकावलीमण्डित ।
देखिन्छ हरिको वक्त्र अत्यन्त नै सुशोभित ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीका छन् पद्म झैं नेत्र ठूला चञ्चल निर्भय ।
देखिन्छन् पद्मका कोशभित्र नाच्ने मीनद्वय ॥
जस्का भ्रू पनि छन् उच्च यस्तो सर्वांश सुन्दर ।
गरोस् श्रीमुखको ध्यान नभै अल्छी सधैंभर ॥

(३०)

तस्यावलोकमधिकं कृपयातिघोर-
तापत्रयोपशमनाय निसृष्टमक्ष्णोः ।
स्निग्धस्मितानुगुणितं विपुल प्रसादं
ध्यायेच्चिरं विपुलभावनया गुहायाम् ॥

मधुरस्मितले पूर्ण भक्तकल्याण खातिर ।
जसले छोड्दछन् आफ्नू कृपादृष्टि निरन्तर ॥
सम्भिई मनका भित्र प्रेमले भै परिप्लुत ।
गरोस् श्रीदृष्टिको ध्यान भएर भक्ति संयुत ॥

(३१)

हासं हरेरवनताखिललोकतीव्र-
शोकाश्रुसागरविशोषणमत्युदारम् ।
सम्मोहनाय रचितं निजमाययास्य
भ्रूमण्डलं मुनिकृते मकरध्वजस्य ॥

हरिको हासले तीव्र भक्तको शोकसागर ।
गर्छ शोषण, त्यो हाँसो उदार छ सधैंभर ॥
मुनिका हितका लागि गर्न मन्मथ मोहित ।
गरेथे हरिले आफ्ना भ्रूमण्डल विनिर्मित ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगीले हरिको हाँसो अनि भ्रूखण्डको पनि ।
गरोस् चिन्तन अत्यन्त ध्यानमग्न सधैँ बनी ॥

(३२)

ध्यानायनं प्रहसितं बहुलाधरोष्ठ-
भासारुणायिततनुद्विजकुन्दपङ्क्ति ।
ध्यायेत्स्वदेहकुहरेऽवसितस्य विष्णो-
र्भक्त्याऽऽर्द्रयार्पितमना न पृथग्दिदृक्षेत् ॥

अत्यन्त भक्तिले आर्द्र भई हृदयमा स्थित ।
श्रीका उत्फुल्ल हाँसोको गरोस् ध्यान सुनिश्चित ॥
दुइटै ओठको रातो प्रतिबिम्ब परीकन ।
देखिन्छन् कुन्दपङ्क्तिझैं दाँत अत्यन्त शोभन ॥
यसरी ध्यानमा बस्ता नगरी बाह्य चिन्तन ।
भई तन्मय सम्पूर्ण लगाओस् हरिमै मन ॥

(३३)

एवं हरौ भगवति प्रतिलब्धभावो
भक्त्या द्रवद्धृदय उत्पुलकः प्रमोदात् ।
औत्कण्ठ्यबाष्पकलया मुहुरर्द्यमान-
स्तच्चापि चित्तबडिशं शनकैर्वियुङ्क्ते ॥

यसरी ध्यन अभ्यास गरेर भक्त साधक ।
हरिका प्रेममा डुब्छ नमानेर कुनै धक ॥
उस्को हृदय भक्तिले पग्लिन्छ द्रव भैकन ।
बन्दछन् रौँहरू ठाडा नाच्छ आनन्दले मन ॥

उत्कण्ठाबाट प्रेमाश्रु बर्सिन्छन् नित्य झर्झर ।
आँशुले नै गरी स्नात भक्त बन्छ विमत्सर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्येयबाट हटाएर चित्तबल्छी क्रमैसँग ।
बनोस् साधक निर्ध्येय बसोस् टाढा सबैसँग ॥

(३४)

मुक्ताश्रयं यर्हि निर्विषयं विरक्तं
निर्वाणमृच्छति मनः सहसा यथार्चिः ।
आत्मानमत्र पुरुषोऽव्यवधानमेक-
मन्वीक्षते प्रतिनिवृत्तगुणप्रवाहः ॥

जसरी तेल घ्यू आदि सकिँदा दीपको शिखा ।
मिल्छ कारण तेजैमा बनी निर्वाणझैं फिका ॥
त्यस्तै यो मन रागादिबाट निवृत्त भैकन ।
बन्छ आखिर यो शान्त ब्रह्माकार सनातन ॥

पुगी यस अवस्थामा जीवले गुणका सब ।
छोड्छ प्रवाह देहादि उपाधि आदि वैभव ॥
ध्येय, ध्यान र ध्याताको त्रिपुटी नाश भैकन ।
अखण्ड परमात्माको हुन्छ सर्वत्र दर्शन ॥

(३५)

सोऽप्येतया चरमया मनसो निवृत्त्या
तस्मिन्महिम्न्यवसितः सुखदुःखबाह्ये ।
हेतुत्वमप्यसति कर्तरि दुःखयोर्यत्
स्वात्मन् विधत्त उपलब्धपरात्मकाष्ठः ॥

योग अभ्यासले प्राप्त वृत्तिको चरमस्थिति ।
बन्छ निर्मल निर्भ्रान्त ब्रह्मभाव व्यवस्थिति ॥
साक्षात्कार हुनुभन्दा योगीले पहिले जुन-
देख्थ्यो कर्तृत्व भोक्तृत्व अविद्यावश भैकन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साक्षात्कारपछि सारा अज्ञानजन्य हुन् भनी ।
देख्छ सर्वत्र नै ब्रह्म बन्छ ब्रह्म स्वयं पनि ॥

(३६)

देहं च तं न चरमः स्थितमुत्थितं वा-
सिद्धो विपश्यति यतोऽध्यगमत्स्वरूपम् ।
दैवादुपेतमथ दैववशादपेतं
वासो यथा परिकृतं मदिरामदान्धः ॥

पुगी चरमवृत्तिमा सिद्धले निज देहको-
बस्नु उठ्नु तथा जानु फेरि आउनु आदिको ॥
क्रिया क्यै पनि जान्दैन दैदले नै गराउँछ ।
परमानन्दमा मस्त भई आफैं हराउँछ ॥

जसरी मदिरामत्त मान्छे मत्त बनीकन ।
थाहाशुद्धि हराएर हिंड्छ नाङ्गो गरी तन ॥
जीउमा वस्त्र छन् छैनन् झरे वा त्यसको पनि ।
अत्तोपत्तो कुनै हुन्न हिंड्छ अन्धो सरी बनी ॥

(३७)

देहोऽपि दैववशगः खलु कर्म यावत्
स्वारम्भकं प्रतिसमीक्षत एव सासुः ।
तं सप्रपञ्चमधिरूढसमाधियोगः
स्वाप्नं पुनर्न भजते प्रतिबुद्धवस्तुः ॥

सिद्धको देह ता हुन्छ पूर्व संस्कारका वश ।
आरम्भक छ प्रारब्ध भएर उसकै वश ॥
इन्द्रियादिहरू साथ उसले बाँच्नु पर्दछ ।
प्रारब्ध भाग्यले गर्दा देह यो साँच्नु पर्दछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्मा समाधि पर्यन्त योगको स्थिति प्राप्त छ ।
जल्ले परम आत्माको तत्त्व राम्ररी जान्दछ ॥
आफ्ना स्त्रीपुत्र आदि र आफ्नै शरीर नै पनि ।
सिद्ध स्वीकार गर्दैन, सबै स्वाप्निक हुन् भनी ॥

ब्यूँझेर जसरी मान्छे स्वप्नका झूठ वस्तुमा ।
राख्तैन ममता कत्ति के ममत्व अवस्तुमा ॥
त्यसै गरेर योगीले स्वप्नका वस्तु नै गनी ।
अहंता ममता त्यागछ जाग्रत्का वस्तुमा पनि ॥

(३८)

यथा पुत्राच्च वित्ताच्च पृथङ्मर्त्यः प्रतीयते ।
अप्यात्मत्वेनाभिमताद्देहादेः पुरुषस्तथा ॥

अति नै प्रेमले गर्दा छोरा र धनमा पनि ।
सामान्य जीवले गर्छ आत्मबुद्धि स्वयं भनी ॥
गरे विचार सर्वांश छोरा र धन ती सब ।
आफूभन्दा पृथक् हुन् ती हुन्न सम्बन्ध नै तब ॥
अझै गहिरिँदा खास देहभन्दा निकै पर ।
साक्षीको स्थिति देखिन्छ कूटस्थ यो परात्पर ॥

(३९)

यथोल्मुकाद्विस्फुलिङ्गाद्धूमाद्वापि स्वसम्भवात् ।
अप्यात्मत्वेनाभिमताद्यथाग्निः पृथगुल्मुकात् ॥

अगुल्टाबाट निस्केका झिल्का धूवाहरू सब ।
अग्निभन्दा पृथक् ती हुन् ती हुन् क्षणिक वैभव ॥
अग्निरूप अगुल्टोले झिल्का धूवाँ निकाल्दछ ।
अगुल्टो हैन आगो त्यो उपाधि अग्नि पाल्दछ ॥

(४०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूतेन्द्रियान्तःकरणात्प्रधानाज्जीवसंज्ञितात् ।
आत्मा तथा पृथग्द्रष्टा भगवान् ब्रह्मसंज्ञितः ॥

यस्तै गरेर भूतादि अन्तस्करण इन्द्रिय-
भन्दा भिन्नै छ यो साक्षी आत्मा द्रष्टा अतीन्द्रिय ॥
मायाभन्दा छ यो भिन्नै जीवात्मादेखि यो पर ।
नियन्ता, ब्रह्म हो साक्षात् परमात्मा परात्पर ॥

(४१)

सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षेतानन्यभावेन भूतेष्विव तदात्मताम् ॥

देहका दृष्टिले देखोस् यी प्राणी पञ्चभूत हुन् ।
देखोस् सम्पूर्णमा आत्मा आत्मामै सब प्राणी छन् ॥

(४२)

स्वयोनिषु यथा ज्योतिरेकं नाना प्रतीयते ।
योनीनां गुणवैषम्यात्तथाऽऽत्मा प्रकृतौ स्थितः ॥

जसरी एउटै अग्नि नाना आश्रयले गरी ।
नाना आकारले भास्छ गोलो लाम्चो थरीथरी ॥
त्यसै गरेर यो आत्मा विभिन्न योनिमा परी ।
नाना आत्मा सरी भास्छ गुणका भेदले गरी ॥

(४३)

तस्मादिमां स्वां प्रकृतिं दैवीं सदसदात्मिकाम् ।
दुर्विभाव्यां पराभाव्य स्वरूपेणावतिष्ठते ॥

त्यसैकारणले भक्त माया यो शक्तिकी घर ।
अनिर्वाच्या महामाया ठानी अतीव दुस्तर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर प्रभुकै भक्ति परेर प्रभुकै भर ।
भक्तले जित्छ ती माया ब्रह्म आफैं परात्पर ॥

भागवत ३।२८।१-४४

(४४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमाको गर्भबाट जीवात्माले गरेको

भगवान्को स्तुति

श्रीभगवान् भन्नुहुन्छ-

आरभ्य सप्तमान्मासाल्लब्धबोधोऽपि वेपितः ।
नैकत्रास्ते सूतिवातैर्विष्ठाभूरिव सोदरः ॥

सात मास हुँदा जन्तु ज्ञानयुक्त भईकन ।
प्रसूतिवायुकाद्वारा कीरोझैं घुम्छ फन्फन ॥

(१)

नाथमान ऋषिर्भीतः सप्तवध्रिः कृताञ्जलिः ।
स्तुवीत तं विक्लवया वाचा येनोदरेऽर्पितः ॥

सातोटा धातु सम्पन्न लिङ्गदेह निबन्धित ।
देहात्मबुद्धिविक्षिप्त सन्सारभय वेपित ॥
आमाका गर्भमा राख्ने सम्झेर जगदीश्वर ।
जीव लाग्यो स्तुति गर्न जोडेर दुइटै कर ॥

(२)

जीव भन्दछ-

तस्योपसन्नमवितुं जगदिच्छयात्त-
नानातनोर्भुवि चलच्चरणारविन्दम् ।
सोऽहं व्रजामि शरणं ह्यकुतोभयं मे
येनेदृशी गतिरदर्श्यसतोऽनुरूपा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे नाथ ! हूँ अधम पाउन दुःखयोग्य ।
अत्यन्त नै शठ म हूँ सबमा अयोग्य ॥
सन्सारमा शरणआगत जीवलाई ।
रक्षार्थ नै प्रकट छौ नगरी ढिलाइ ॥
तस्मात् म आज निहुरीकन दिव्य पाउ ।
पर्छु प्रभो ! शरणमा अब पार लाऊ ॥

(३)

यस्त्वत्र बद्ध इव कर्मभिरावृतात्मा
भूतेन्द्रियाशयमयीमवलम्ब्य मायाम् ।
आस्ते विशुद्धमविकारमखण्डबोध-
मातप्यमानहृदयेऽवसितं नमामि ॥

ऐले म यो उदरमा जड देह आदि ।
मायात्मिका प्रकृतिबाट सिली उपाधि ॥
प्रारब्धकर्मवश बद्ध भएर नाथ !
भोग्दोछु दुःख अति नै म भई अनाथ ॥

सन्तप्त यो हृदय भित्र भई प्रबोध ।
बस्छौ सधैंभर भएर अखण्ड बोध ॥
हे शुद्ध बुद्ध भगवन् ! म भई अनाथ ।
गर्छु प्रणाम अहिले अति भक्ति साथ ॥

(४)

यः पञ्चभूतरचिते सहितः शरीरे-
च्छन्ने यथेन्द्रियगुणार्थचिदात्मकोऽहम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेनाविकुण्ठमहिमानमृषिं तमेनं
वन्दे परं प्रकृति पूरुषयोः पुमांसम् ॥

हे नाथ ! आखिर छ जीव सधैँ असङ्ग ।
देखिन्छ बाहिर भने अति भूतसङ्ग ॥
छन् इन्द्रियादि, गुण छन् विषयादि सारा ।
गाँठो छ चित् र जडको यिनको सहारा ॥

यीबाट कुण्ठित न भै महिमा अपार ।
राख्छौ सधैँ, सकलका प्रभु एक सार ॥
सर्वज्ञ छौ प्रकृति पूरुषका नियन्ता ।
गर्छु प्रणाम म सधैँभर गर्छु चिन्ता ॥

(५)

यन्माययोरुगणकर्मनिबन्धनेऽस्मिन्
सांसारिके पथि चरंस्तदभिश्रमेण ।
नष्टस्मृतिः पुनरयं प्रवृणीत लोकं
युक्त्या कया महदनुग्रहमन्तरेण ॥

माया छ जो हजुरकी उसबाट घुप्प ।
छोपिन्छ विस्मृत भईकन शुद्धरूप ॥
सत्त्वादि ती गुणहरू अनि कर्मबन्ध ।
बोकेर जीव अनि घुंछ भएर अन्ध ॥
भोगेर सङ्कट भुली हरि, दुःख साथ ।
सन्सारको भ्रमण गर्दछ भै अनाथ ॥

(६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानं यदेतददधात्कतमः स देव-
स्त्रैकालिकं स्थिरचरेष्वनुवर्तितांशः ।
तं जीवकर्मपदवीमनुवर्तमाना-
स्तापत्रयोपशमनाय वयं भजेम ॥

जो ज्ञान भो मकन आज दिए उनैले ।
छन् भित्र यो सब चराचरमा क्रमैले ॥
यो जीवको त्रिविध ताप उतार्नलाई ।
हामी गरौँ भजन यो मन खूब लाई ॥

(७)

देह्यन्यदेहविवरे जठराग्निनासृग्
विण्मूत्रकूपपतितो भृशतप्तदेहः ।
इच्छन्नितो विवसितुं गणयन् स्वमासान्
निर्वास्यते कृपणधीर्भगवन् कदा नु ॥

हे नाथ ! जीव अहिले बसी गर्भभित्र ।
भोग्दो छ ताप अनि कष्टहरू विचित्र ॥
गन्दोछ दिन महिना अति दुःख साथ ।
कैले हुँला प्रकट बाहिर ? भन्छ नाथ !

(८)

येनेदृशीं गतिमसौ दशमास्य ईश
संग्राहितः पुरुदयेन भवादृशेन ।
स्वेनैव तुष्यतु कृतेन स दीननाथः
को नाम तत्प्रति विनाञ्जलिमस्य कुर्यात् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे दीननाथ ! भगवन् ! दसमात्र भित्र ।
जो ज्ञानको उदय भो बहुतै विचित्र ॥
त्यस्का निमित्त कसले दिन सक्छ के र ?
सन्तुष्ट हौ स्वकृतबाट खुशी भएर ॥

(९)

पश्यत्ययं धिषणया ननु सप्तवध्रिः
शारीरके दमशरीर्यपरः स्वदेहे ।
यत्सृष्टयाऽऽसं तमहं पुरुषं पुराणं
पश्ये बहिर्हृदि च चैत्यमिव प्रतीतम् ॥

सन्सारका सकल जीव मनुष्य सारा ।
बाँच्छन् सदैव मनबुद्धि लिई सहारा ॥
हे नाथ ! आज म भई सम आदिबाट-
सम्पन्न, देख्तछु सबै तिर सुप्रभात ॥
तिम्रो अमूल्य सदनुग्रहबाट खास ।
देख्छु प्रभो ! म सबमा प्रभुकै प्रकाश ॥

(१०)

सोऽहं वसन्नपि विभो बहुदुःखवासं
गर्भान्न निर्जिगमिषे बहिरन्धकूपे ।
यत्रोपयातमुपसर्पति देवमाया
मिथ्यामतिर्यदनु संसृतिचक्रमेतत् ॥

यो गर्भका नरकमा अति कष्ट साथ ।
काट्तोछु यी दिनहरू म भई अनाथ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै भए पनि म बाहिर झर्नलाई ।
अत्यन्त नै त्रसित छु अति दुःख पाई ॥

सन्सारको गहन कूप विषे झरेर ।
डुब्नेछु मायिक कुचक्र हुँदो परेर ॥
बद्ला अहं हृदयमा अति गर्वसाथ ।
घुम्नेछु फेरि भवचक्र भई अनाथ ॥

(११)

तस्मादहं विगतविक्लव उद्धरिष्य
आत्मानमाशु तमसः सुहृदाऽऽत्मनैव ।
भूयो यथा व्यसनमेतदनेकरन्ध्रं
मा मे भविष्यदुपसादितविष्णुपादः ॥

तस्मात् म यी सकल विक्लवभाव छोडी ।
पर्नेछु पाउ हरिका मनबुद्धि जोडी ॥
सद्बुद्धिको विमल नाउ सिधै चढेर ।
जानेछु यो भवसमुद्र छिटै तरेर ॥

(१२)

श्रीभगवान् भन्नुहुन्छ-
एवं कृतमतिर्गर्भे दशमास्यः स्तुवन्नृषिः ।
सद्यः क्षिपत्यवाचीनं प्रसूत्यै सूतिमारुतः ॥

ज्ञानी भै गर्भमा जीव हरिभक्त बनीकन ।
दसमास गरी पूरा धर्तीमा झर्छ तत्क्षण ॥

(१३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेनावसृष्टः सहसा कृत्वावाक् शिर आतुरः ।
विनिष्क्रामति कृच्छ्रेण निरुच्छ्वासो हतस्मृतिः ॥

प्रसूतिवायुले ठेली सही कष्ट भयङ्कर ।
जन्मन्छ साँगुरोबाटो आत्तिदै तल भै शिर ॥
रोकिन्छ जन्मँदा सास मूर्छा पर्छ घरीघरी ।
बिर्सिन्छ गर्भको वाचा बिर्सिन्छ भगवान् हरि ॥

(१४)

पतितो भुव्यसृङ्मूत्रे विष्ठाभूरिव चेष्टते ।
रोरूयति गते ज्ञाने विपरीतां गतिं गतः ॥

आमाको मूत्रसृक्साथ विष्टाको कृमि नै सरी ।
गर्छ छट्पट धर्तीमा गर्छ चेष्टा थरी थरी ॥
पैलेको स्मृति नासिन्छ ढाक्छ अज्ञानले सब ।
उल्टो चाल चली रुन्छ हुन्छ मूढोसरी तब ॥
भागवत ३।३१।१०-१४

(१५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहूगणजडभरतसंवाद

रहूगण-

हे भाइ ! सारै परबाट आयौ ।
बोकेर पाल्की अति दुःख पायौ ॥
दुब्लो लुरे वृद्ध तिमी रहेछौ ।
यो भार एक्लै कति बोक्न सक्छौ ॥

(१)

मेरो कुरा कत्ति कसै नटेरी ।
हिंड्छौ तिमी खूब भई अँटेरी ॥
ज्यूँदै मरेको विनु कामकाज ।
गरौँ चिकित्सा सरि ठान्छु आज ॥

भागवत ५।१०।६-७

(२)

जडभरत -

त्वयोदितं व्यक्तमविप्रलब्धं
भर्तुः स मे स्याद् यदि वीर भारः ।
गन्तुर्यदिस्यात् अधिगम्यमध्वा
पीवेति राशौ न विदां विवादः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजन् ! भन्यौ जे सब सत्य मान्छु ।
भारी भए बोक्तछ देह ठान्छु ॥
हिंड्ने भनेको पनि देहले हो ।
मोटोपना भूतसमूह नै हो ॥
बोक्ने कुरा यी सब राख याद ।
गर्दैन विद्वान् यसमा विवाद ॥

(३)

स्थौल्यं कार्श्यं व्याधय आधयश्च
क्षुत्तृड्भयं कलिरिच्छा जरा च ।
निद्रा रतिर्मन्युरहंमदः शुचो
देहेनं जातस्य हि मे न सन्ति ॥

मोटो र दुब्लो भय दुःख शोक ।
बुढ्याइँ तिर्खा अनि कष्ट भोक ॥
निद्रा अहं क्रोध सँगै पियार ।
यी देहका हुन्, म हुँ निर्विकार ॥

(४)

जीवन्मृतत्वं नियमेन राजन् !
आद्यन्तवद्यद्विकृतस्य दृष्टम् ।
स्वस्वाम्यभावो ध्रुव ईड्य यत्र
तर्ह्युच्यतेऽसौ विधिकृत्ययोगः ॥

बाँच्ने र मर्ने सब यो विधान ।
विकार हो षड्विध भूप ! जान ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आद्यन्त छन् मालिकदासभाव ।
स्थायित्व देखिन्छ यहाँ अभाव ॥

(५)

विशेषबुद्धेर्विवरं मनाक् च
पश्याम यन्न व्यवहारतोऽन्यत् ।
क ईश्वरस्तत्र किमीशितव्यं
तथापि राजन् करवाम किं ते ॥

यथार्थमा मालिक दास भेद ।
कहाँ छ साँच्चै सब यो विभेद ॥
असत्य हो यो सब के भनौं ? म ।
तथापि राजन् ! भन के गरौं ? म ॥

(६)

उन्मत्तमत्तजडवत्स्वसंस्थां
गतस्य मे वीर चिकित्सितेन ।
अर्थः कियान् भवता शिक्षितेन
स्तब्धप्रमत्तस्य च पिष्टपेष ॥

उन्मत्तझैँ मस्त भएर हिँड्छु ।
सधैँ म आफ्नै पनमा रहन्छु ॥
आत्मा म हूँ छैन विकार घाउ ।
गर्छौं चिकित्सा कसको बताऊ ॥
विकारमा औषधि लाउँछौ के ?
पीठो पिँधी आखिर पाउँछौ के ?

भागवत ५।१०।९-१३

(७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहूगण-

कस्त्वं निगूढश्चरसि द्विजानां
बिभर्षि सूत्रं कतमोऽवधूतः ।
कस्यासि कुत्रत्य इहापि कस्मात्
क्षेमाय नश्चेदसि नोत शुक्लः ॥

को हौ ? तिमी गुप्त भएर हिंड्छौ ।
चिन्हादिले ब्राह्मण देखिइन्छौ ॥
योगीन्द्र हौ वा कुन काम आयौ ।
कल्याणका खातिर वा उदायौ ॥

(८)

नाहं विशङ्के सुरराजवज्रा-
न्न त्र्यक्षशूलान्न यमस्य दण्डात् ।
नाग्न्यर्कसोमानिलवित्तपास्त्रा-
च्छङ्के भृशं ब्रह्मकुलावमानात् ॥

म इन्द्रको वज्र र शूलबाट ।
तर्सिन्न कैल्यै यमदण्डबाट ॥
हेलाँ गरेँ ब्राह्मणको भने त ।
डराउँछु ब्राह्मणकोपबाट ॥

(९)

तद् ब्रूह्यसङ्गो जडवन्निगूढ-
विज्ञानवीर्यो विचरस्यपारः ।
वचांसि योगग्रथितानि साधो
न नः क्षमन्ते मनसापि भेत्तुम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को हौ ? तिमी ज्ञान सबै लुकाई ।
हिँड्छौ धतङ्गो सरि लर्खराई ॥
सम्पूर्ण वाणी प्रभुले प्रयुक्त ।
दुर्बोध छन् दुस्तर योगयुक्त ॥

(१०)

अहं च योगेश्वर मात्मतत्व-
विदां मुनीना परमं गुरुं वै ।
प्रष्टुं प्रवृत्तः किमिहारणं तत्
साक्षाद्धरिं ज्ञानकलावतीर्णम् ॥

यो लोकमा को छ शरण्य एक ।
हो तत्व के ज्ञान तथा विवेक ?
यही कुरा सोध्न म सिद्ध साथ ।
जाँदैछु ऐले म भई अनाथ ॥

(११)

स वै भवाँल्लोकनिरीक्षणार्थ-
मव्यक्त लिङ्गो विचरत्यपिस्वित् ।
योगेश्वराणां गति मन्दबुद्धिः
कथं विचक्षीत गृहानुबन्धः ॥

तिमी उनै हौ कि त ! साङ्ख्ययोगी ।
के चिन्न सक्थैं म गृहस्थ भोगी ॥
सन्सार हेर्ने निहुँले विशेष ।
लिएर हिँड्छौ कि त ! गुप्त भेष ॥

(१२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टः श्रमःकर्मत आत्मनो वै
भर्तुर्गन्तुर्भवतश्चानुमन्ये ।
यथासतोदानयनाद्यभावात्
समूल इष्टो व्यवहारमार्गः ॥

क्यै काम गर्दा श्रम हुन्छ खास ।
फुट्छन् पसीना अनि फुल्छ सास ॥
त्यस्तै तिमीले शिविका उचाल्दा ।
अवश्य नै क्यै श्रम हुन्छ ठान्छु ॥
मिथ्या घडामा जल भर्नु हुन्न ।
बाटो म राम्रो व्यवहार मान्छु ॥

(१३)

स्थाल्यग्नितापात्पयसोऽभिताप
स्तत्तापतस्तण्डुलगर्भरन्धिः ।
देहेन्द्रियास्वाशयसन्निकर्षात्
तत्संसृतिः पुरुषस्यानुरोधात् ॥

देहादिको धर्म गई समस्त ।
आत्मा तर्कै पुग्दछ यो दुरुस्त ॥
प्रत्यक्ष दृष्टान्त अगाडि सारी ।
कुतर्क थाले नृप गर्न फेरि ॥

बलेर आगो जब तात्छ भाँडो ।
पानी क्रमैले अनि तात्छ चाँडो ॥
उम्लिन्छ पानी अनि भात पाक्छ ।
देहादिमा यो क्रम मिल्न जान्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीरमा पर्दछ जो प्रभाव ।
सरेर जाने यसको स्वभाव ॥
देहेन्द्रियादि क्रमले भएर ।
यो पुग्छ आत्मा तक नै गएर ॥

यसै हुनाले श्रम जो गरिन्छ ।
यो पुग्छ आत्मातक नै भनिन्छ ॥
संसर्गले यो सब काम हुन्छ ।
आत्मा अछूतो कसरी रहन्छ ?

(१४)

शास्ताभिगोप्ता नृपतिः प्रजानां
यः किङ्करो वै न पिनष्टि पिष्टम् ।
स्वधर्ममाराधनमच्युतस्य
यदीहमानो विजहात्मघौघम् ॥

विद्वन् ! तिमीले जुन तत्त्व खोल्यौ ।
दण्डादि हुन् व्यर्थ भनेर बोल्यौं ॥
दिक्पालको अंश हुँ एक राजा ।
शास्तासँगै रक्षक हूँ म साजा ॥

उद्दण्डको औषधि गर्छु खास ।
गर्छु प्रजा रक्षणमा प्रयास ॥
यै गर्नलाई नृपसिर्जना हो ।
यै कर्म मेरो प्रभु अर्चना हो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यैबाट नै धर्म बढेर खास ।
जान्छन् सबै पाप भएर नाश ॥
तसर्थ दण्डादि म ठीक मान्छु ।
पीठो पिंधेको सरि हैन ठान्छु ॥

(१५)

तन्मे भवान्नरदेवाभिमान
मदेन तुच्छीकृतसत्तमस्य ।
कृषीष्ट मैत्रीदृशमार्तबन्धो
यथा तरे सदवध्यानमंहः ॥

राजा हुँ भन्ने मदबाट मैले ।
गरें तिरस्कार मुनीन्द्र ! पैले ॥
दिई दयादृष्टि गरेर माफ ।
पाद्यौं अवज्ञाकृत पाप साफ ॥

(१६)

न विक्रिया विश्वसुहृत्सखस्य
साम्येन वीताभिमतेस्तवापि ।
महद्विमानात् स्वकृताद्धि मादृङ्
नङ्क्ष्यत्यदूरादपि शूलपाणिः ॥

मैले अवज्ञा प्रभुको गरेर ।
माग्छु क्षमा पाउ विषे परेर ॥
ममा छ यो जो नयको अभाव ।
मेरो छ यो दुच्छर दुस्स्वभाव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकार माया जसमा हुँदैन ।
ब्रह्मज्ञलाई यसले छुँदैन ॥
मेरो कुरा के ! यस पापबाट ।
झर्छन् त्रिशूली पनि धामबाट ॥
भागवत ५।१०।१६-२५

(१७)

जडभरत-
अकोविदः कोविद वादवादान्
वदस्यथो नातिविदां वरिष्ठः ।
न सूरयो हि व्यवहारमेनं
तत्त्वावमर्शेन सहामनन्ति ॥

अल्पज्ञ हौ तै पनि विज्ञ जस्तै ।
गर्छौ तिमी तर्कहरू प्रशस्तै ॥
जहाँ कुनै तात्त्विक अर्थ छैन ।
तत्त्वज्ञ यस्मा रुचि नै लिँदैन ॥

(१८)

तथैव राजन्नुरुगार्हमेध-
वितानविद्योरुविजृम्भितेषु ।
न वेदवादेषु हि तत्त्ववादः
प्रायेण शुद्धो नु चकास्ति साधुः ॥

गार्हस्थ्य जस्तै अनि वेदवाद ।
असत्य हो भणझटिलो फसाद ॥
तत्त्वार्थलाई अति दूर फाली ।
रागादि बढ्छन् यसबाट खालि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञादिका दोष अनन्त ठानी ।
सदैव खोज्छन् बुझ्न तत्त्व जानी ।।

(१९)

न तस्य तत्त्वग्रहणाय साक्षाद्
वरीयसीरपि वाचः समासन् ।
स्वोप्ने निरुक्त्या गृहमेधिसौख्यं
न यस्य हेयानुमितं स्वयं स्यात् ।।

यज्ञादिले प्राप्त सुरेन्द्रलोक ।
हो स्वप्न जस्तै अति तुच्छ भोग ।।
भन्ने जहाँसम्म हुँदैन भान ।
तत्त्वार्थमा चाख हुँदैन जान ।।

(२०)

यावन्मनो रजसा पूरुषस्य
सत्त्वेन वा तमसा वाऽनुरुद्धम् ।
चेतोभिराकूतिभिरातनोति
निरङ्कुशं कुशलं चेतरं वा ।।

सत्त्वादि सारा गुणमा रहेर ।
जो कर्म गर्छन् पशुझैं भएर ।।
निर्बाध ती पुण्य र पाप गर्छन् ।
ती इन्द्रियासक्त भएर सर्छन् ।।

(२१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स वासनात्मा विषयोपरक्तो
गुणप्रवाहो विकृतः षोडशात्मा ।
बिभ्रत्पृथङ्नामभि रूपभेद-
मन्तर्बहिष्टं च पुरैस्तनोति ॥

त्यो वासनात्मा विषयानुरागी ।
गुणानुयायी निज कर्मभागी ॥
बोकी कला सोह्र विभिन्न ठाउँ ।
घुमेर नै हिँड्दछ जीव नाउँ ॥

(२२)

दुःखं सुखं व्यतिरिक्तं च तीव्रं
कालोपपन्नं फलमाव्यनक्ति ।
आलिङ्ग्य मायारचितान्तरात्मा
स्वदेहिनं संसृतिचक्रकूटः ॥

सन्सारमा यो मन जीवसाथ ।
मिलेर मायाँसँग भै सनाथ ॥
विभिन्न योनि क्रमसाथ सर्छ ।
प्रारब्धको नै सब भोग गर्छ ॥

(२३)

तावानयं व्यवहारः सदाविः
क्षेत्रज्ञसाक्ष्यो भवति स्थूलसूक्ष्मः ।
तस्मान्मनो लिङ्गमदो वदन्ति
गुणागुणत्वस्य परावरस्य ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहन्छ जैलेतक चित्त खास ।
स्वप्नादि यैबाट हुने प्रकाश ॥
राम्रा नराम्रा सब काम गर्छ ।
मनै त हो कारण बन्ध मोक्ष ॥

(२४)

गुणानुरक्तं व्यसनाय जन्तोः
क्षेमाय नैर्गुण्यमथो मनः स्यात् ।
यथा प्रदीपो घृतवर्तिमश्नन्
शिखाः सधूमा भजति ह्यन्यदा स्वम् ।
पदं तथा गुणकर्मानुबद्धं
वृत्तिर्मनः श्रयतेऽन्यत्र तत्त्वम् ॥

गुणानुसङ्गी मन दुःख दिन्छ ।
विरक्त सोही मन मुक्ति दिन्छ ॥
जस्तै भिजेको घिउबाट धागो ।
उगेल्छ धूवाँसँग नित्य आगो ॥

सकिन्छ जैले सब तैलधारा ।
धूवाँसँगै बन्दछ शान्त सारा ॥
त्यस्तै जहाँ यो मन हुन्छ शान्त ।
हुन्छन् सबै दुर्गुण दोष शान्त ॥

(२५)

एकादशासन्मनसो हि वृत्तय
आकूतयःपञ्च धियोऽभिमानः ।
मात्राणि कर्माणि पुरं च तासां
वदन्ति हैकादश वीर भूमिः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकृतिधी साथ अहं गनिन्छ ।
हुन् वृत्ति सारा मनका भनिन्छ ॥
गन्धादि मात्रा र शरीर काम ।
एघार हुन्छन् उपभोग्य धाम ॥

(२६)

गन्धाकृतिस्पर्शरसश्रवांसि
विसर्गरत्यर्त्यभिजल्पशिल्पाः ।
एकादशं स्वीकरणं ममेति
शय्यामहं द्वादशमेक आहुः ॥

गन्धादि धी इन्द्रिय बोधगम्य ।
भोगादि कर्मेन्द्रियबाट गम्य ॥
एघारमा पर्छ ममेति मात्र ।
बाह्रौं अहं आश्रय तुच्छ गात्र ॥

(२७)

द्रव्यस्वभावाशयकर्मकालै-
रेकादशामी मनसो विकाराः
सहस्रशः शतशः कोटिशश्च
क्षेत्रज्ञतो न मिथो न स्वतःस्युः ॥

यो वृत्ति ता हो मनको विकार ।
द्रव्यस्वभावाशयकर्म काल ॥
द्वारा भई वृद्धि असङ्ख्य टम्म ।
बढेर यो जान्छ अनन्तसम्म ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो वृत्ति एक्लैं, न मिलेर बद्छ ।
क्षेत्रज्ञ आधार मिलेर बद्छ ॥

(२८)

क्षेत्रज्ञ एता मनसो विभूति-
जींवस्य माया रचितस्य नित्याः ।
आविर्हिताः क्वापि तिरोहिताश्च
शुद्धो विचष्टे ह्यविशुद्धकर्तुः ॥

यो वृत्ति हो मायिक जीवसृष्टि ।
यस्को छ छोटो अति तुच्छ दृष्टि ॥
सुषुप्तिमा लुक्त छ यो दबेर ।
देखिन्छ जाग्रत् निदमा गएर ॥
सत्ता दिई साथ सधैं रहेर ।
क्षेत्रज्ञ बस्ने पर नै भएर ॥

(२९)

क्षेत्रज्ञ आत्मा पुरुषः पुराणः
साक्षात्स्वयंज्योतिरजः परेशः ।
नारायणो भगवान् वासुदेवः
स्वमाययाऽऽत्मन्यवधीयमानः ॥

क्षेत्रज्ञ आत्मा हरि हुन् पुराना ।
साक्षात् स्वयंज्योति परेश नाना ॥
यी जीवका अन्तरमा बसेर ।
चलाउँछन् तत्त्वहरू कसेर ॥

(३०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथानिलः स्थावरजङ्गमाना-
मात्मस्वरूपेण निविष्ट ईशेत् ।
एवं परो भगवान् वासुदेवः
क्षेत्रज्ञ आत्मेदमनुप्रविष्टः ॥

पसी सबैभित्र अखण्ड वायु-
ले प्राण भै थाम्छ समस्त आयु ॥
त्यस्तै छ यो व्यापक वासुदेव ।
क्षेत्रज्ञ आत्मा अज आत्मदेव ॥

(३१)

न यावदेतां तनुभृन्नरेन्द्र
विधूय मायां वयुनोदयेन ।
विमुक्त सङ्गो जितषट्सपत्नो
वेदात्मतत्त्वं भ्रमतीह तावत् ॥

ज्ञानी भई दूर गरेर माया ।
ठानेर सारा भ्रम तुच्छ छाया ॥
कामादि षट्शत्रु गरेर वश्य ।
तछौं तिमी तत्त्व बुझी अवश्य ॥

(३२)

न यावदेतन्मन आत्मलिङ्गं
संसारतापावपनं जनस्य ।
यच्छोकमोहामयरागलोभ
वैरानुबन्धं ममता विधत्ते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनर्थकारी मन भै प्रमादी ।
च्यापी सधैँ बस्छ ममत्त्व आदि ॥
यी शोक मोहादिहरू बिछट्ट ।
बढाउँदै गर्दछ बुद्धि नष्ट ॥
बुझ्दैन जैलेतक यो मनुष्य ।
सन्सारमा घुंदछ यो अवश्य ॥

(३३)

भ्रातृव्यमेनं तददभ्रवीर्य-
मुपेक्षयाध्येधितम प्रमत्तः ।
गुरोर्हरेश्चरणोपासनास्त्रो
जहि व्यलीकं स्वयमात्ममोषम् ॥

झूटै भए ता पनि आत्मचोर ।
वैरी सरी यो मन हो अघोर ॥
छोपेर आँखा सब लुट्छ लिन्छ ।
गरे उपेक्षा अझ दुःख दिन्छ ॥

राजन् ! यसैकारण शीघ्र जाऊ ।
उपासनामा मन यो लगाऊ ॥
श्रीकृष्णसाथै गुरुभक्तिबाट ।
तर्ने तिमी छौ भवसिन्धुबाट ॥
भागवत ५।११।१-१७

(३४)

रहूगण-
नमो नमः कारणविग्रहाय
स्वरूपतुच्छीकृतविग्रहाय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमोऽवधूत द्विजबन्धुलिङ्ग-
निगूढनित्यानुभवाय तुभ्यम् ॥

छोपेर सत् चित् निजरूपलाई ।
हिँड्छौ अरूको हित गर्नलाई ॥
छोडी अहं स्वार्थ समस्त शेखी ।
उदास छौ स्थूल शरीरदेखि ॥
योगेश ! हे ब्राह्मणरूपधारी ।
प्रणाम मेरो प्रभुमा छ भारी ॥

(३५)

ज्वरामयार्तस्य यथागदं सत्
निदाघदग्धस्य यथा हिमाम्भः ।
कुदेहमानाहि विदष्टदृष्टेः
ब्रह्मन् वचस्तेऽमृतमौषधं मे ॥

देहाभिमानी खल सर्पदष्ट ।
भएछ मेरो सब चेत नष्ट ॥
दुःखार्त रोगीकन ओखतीझैँ ।
संतप्तमा शीतल नीरले झैँ ॥
गरेर वाणीमय सीधु पान ।
ब्रह्मन् ! भयो औषधि नै समान ॥

(३६)

तस्माद्भवन्तं मम संशयार्थ
प्रक्ष्यामि पश्चादधुना सुबोधम् ।
अध्यात्मयोगग्रथितं तवोक्त-
माख्याहि कौतूहलचेतसो मे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो छ जो संशय सिद्ध ! खास ।
गर्नेछु सोध्ने म पछि प्रयास ॥
अध्यात्मले संयुत योग ऐले ।
सुनें तिमीबाट सबै क्रमैले ॥
दुर्बोध यो बुझ्न कहाँ म जाऊँ ।
बुझ्नेगरी सो सब सुन्न पाऊँ ॥

(३७)

यदाह योगेश्वर, दृश्यमानं
क्रियाफलं सद्व्यवहारमूलम् ।
न ह्यञ्जसा तत्त्वविमर्शनाय
भवानमुष्मिन् भ्रमते मनो मे ॥

यो दृश्य भारी अनि भारवाह ।
यहाँ क्रिया छन् फल छन् अथाह ॥
अध्यास हो यो व्यवहार सत्य ।
आद्यन्त हो मायिक हो असत्य ॥
भनी बतायौ बुझिएन ऐले ।
ब्रह्मन् ! बताऊ सब यो क्रमैले ॥

(३८)

जडभरत-
अयं जनो नाम चलन् पृथिव्यां
यः पार्थिवः पार्थिव कस्य हेतोः ।
तस्यापि चाङ्घ्र्योरधिगुल्फजङ्घा-
जानूरुमध्योरशिरोधरांसाः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वीपते ! यो मनले विचार ।
हो देह तिम्रो पृथिवीविकार ॥
माटो सरी हुन् जड वस्तु सारा ।
हिँड्छन् कुनै कारणले विचारा ॥

कोही छ राजा अनि भारवाह ।
नामादिले भेद छ यो अथाह ॥
यै देहमा पाउ र काँधसम्म ।
विभिन्न छन् अङ्ग असाध्य टम्म ॥

(३९)

अंसेऽधि दार्वी शिविका च यस्यां
सौवीर राजेत्यपदेश आस्ते ।
यस्मिन् भवान् रूढ निजाभिमानो
राजास्मि सिन्धुष्विति दुर्मदान्धः ॥

छ काँधमा यो शिविका र यस्मा ।
छ सिन्धुको भूपति राज जस्मा ॥
सोही तिमी हौ अभिमान मत्त ।
राजा हुँ भन्ने मदले प्रमत्त ॥

(४०)

शोच्यानिमांस्त्वमधिकष्टदीनान्
विष्ट्या निगृण्हान्निरनुग्रहोऽसि ।
जनस्य गोप्तास्मि विकत्थमानो
न शोभसे वृद्ध सभासु धृष्टः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बेगारमा निर्धन दीनलाई ।
लगाउँछौ काम सधैं कजाई ॥
उल्टै तिमी रक्षक हूँ भनेर ।
गर्छौ बडाकासँग फूर्ति धेर ॥
गर्छौ तिमी काम भएर धृष्ट ।
राजन् ! तिमी हौ अति नै अशिष्ट ॥

(४१)

यदा क्षितावेव चराचरस्य
विदाम निष्ठा प्रभवं च नित्यम् ।
तन्नामतोऽन्यद् व्यवहारमूलं
निरूप्यतां सत् क्रिययानुमेयम् ॥

पृथ्वीभरी छन् जति यी प्रसूत ।
यी हुन् सबै पार्थिव दृश्य भूत ॥
छोडेर सारा गुण रूप नाम ।
विलीन हुन्छन् यसमै तमाम ॥

यी कामका कारण मात्र भिन्न ।
छन् नाम सारा यिनका विभिन्न ॥
विकार हुन् यी सब हुन् असत्य ।
राजन् ! उही ब्रह्म छ एक सत्य ॥

(४२)

एवं निरुक्तं क्षितिशब्दवृत्त-
मसन्निधानात्परमाणवो ये ।
अविद्यया मनसा कल्पितास्ते
येषां समूहेन कृतो विशेषः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचार गर्दा पृथिवी समस्त ।
हुने छ सानु अणुभित्र अस्त ॥
यो हो अविद्याकृत सृष्टि खास ।
यैसाथ होला परमाणु नाश ॥

राजन् ! यसोरी पृथिवी अशेष ।
भएर जाला जब नाम शेष ॥
विकार रूपादि रहन्छ कैले ?
होला यहाँ नाश सबै क्रमैले ॥
रहन्न पृथ्वी अनि के रहन्छन् ?
सन्सार मिथ्या बुध नित्य भन्छन् ॥

(४३)

एवं कृशं स्थूलमणुबृहद्यद्
असच्च सज्जीवमजीवमन्यत् ।
द्रव्यस्वभावाशयकालकर्म-
नाम्नाजयावेहि कृतं द्वितीयम् ॥

यसैगरी चेत अचेत नाना ।
मोटा र दुब्ला अति सूक्ष्म साना ॥
आफैं भई कारणकार्यसम्म ।
यो सृष्टिको सिर्जन हुन्छ टम्म ॥

द्रव्यस्वभावाशयकर्मकाल ।
रचेर नामादिक इन्द्रजाल ॥
प्रपञ्चमा नित्य अगाडि सर्छे ।
माया उनैकी सब काम गर्छे ॥

(४४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानं विशुद्धं परमार्थमेक-
मनन्तरं त्वबहिर्ब्रह्म सत्यम् ।
प्रत्यक् प्रशान्तं भगवच्छब्दसंज्ञं
यद्वासुदेवं कवयो वदन्ति ॥

विशुद्ध अद्वैत अनन्तरूप ।
हो ज्ञान सत् चित् सुखको स्वरूप ॥
यो ब्रह्म हो बाहिर भित्रसम्म ।
सत्ता दिई भास्तछ सृष्टि टम्म ॥

प्रत्यक् भई भित्र लुकेर देख्छ ।
साक्षी भई पाप र पुण्य लेख्छ ॥
अनन्त यो हो भगवान् सुदेव ।
भन्छन् सबै व्यापक वासुदेव ॥

(४५)

रहूगणैतत्तपसा न याति
न चेज्यया निर्वपणात् गृहाद्वा ।
नच्छन्दसा नैव जलाग्नि सूर्यै-
र्विना महत्पादरजोऽभिषेकम् ॥

धूलो बडाका पदको लिएर ।
नुहाउँदैनौ जबसम्म हेर ?
राजन् ! महान् वैदिक यज्ञ कर्म ।
स्वाध्याय पूजा तप दान धर्म ॥
जस्तोसुकै जे गर पुण्य काम ।
यी बन्दछन् व्यर्थ सबै बिकाम ॥

४६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्रोत्तमश्लोकगुणानुवादः
प्रस्तूयते ग्राम्यकथाविघातः ।
निषेव्यमाणोऽनुदिनं मुमुक्षो-
र्मतिं सतिं यच्छति वासुदेवे ॥

जहाँ सधैँ कीर्तन गान हुन्छ ।
दुस्सङ्ग यल्ले सब साफ धुन्छ ॥
मुमुक्षुमा निर्मल भक्ति जाग्छ ।
विशुद्ध बुद्धि प्रभुतर्फ लाग्छ ॥

(४७)

अहं पुरा भरतो नाम राजा
विमुक्तदृष्टश्रुतसङ्गबन्धः ।
आराधनं भगवत ईहमानो
मृगोऽभवं मृगसङ्गाद्धतार्थः ॥

पैलो जुनीमा पनि भूप ! जान ।
थिएँ म सम्राट् भरताभिधान ॥
छोडेर सारा गृहराजपाट ।
हिंडे म जोगी भइ राज्यबाट ॥

श्रीकृष्णको भक्ति गरी असाध्य ।
गर्थें तपस्या अति कष्टसाध्य ॥
यै बीचमा सङ्गत मिर्गसाथ ।
भयो र जन्में मृग भै अनाथ ॥

(४८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सा मां स्मृतिर्मृगदेहेऽपि वीर
कृष्णार्चनप्रभवा नो जहाति ।
अथो अहं जनसङ्गादसङ्गो
विशङ्कमानोऽविवृतश्चरामि ॥

पैलो जुनीको हरिभक्ति आई ।
मृगौ जुनीमा स्मृति भो मलाई ॥
यसै हुनाले जनसङ्गबाट ।
लुकी सधैँ हिँड्छु म दूरबाट ॥

(४९)

तस्मान्नरोऽसङ्गसुसङ्गजात-
ज्ञानासिनेहैव विवृक्णमोहः ।
हरिं तदीहाकथनश्रुताभ्यां
लब्धस्मृतिर्यात्यतिपारमध्वनः ॥

त्यसैहुँदा भक्त कुसङ्ग छोडी ।
बढोस् अगाडि हरिसङ्ग जोडी ॥
ज्ञानासिले बन्धन मोह फारी ।
जाने छ नै भक्त तरेर पारी ॥
राजन् ! तिमी झट्पट सन्त खोज ।
छोडेर सारा हरिभक्ति रोज ॥
भागवत ५।१२।१-१६

(५०)

रहूगण-
ब्रह्मज्ञ हे ब्राह्मण ! छौ सिपालु ।
मुमुक्षुका निम्ति सधैँ कृपालु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धेशको दर्शन गर्नलाई ।
थिएँ हिँडेको भव तर्नलाई ॥

(५१)

हे ब्रह्मवेत्ता ! क्षणमै समस्त ।
मेरा भए संशय आज अस्त ॥
भागे सबै दुर्गुण दोष मोह ।
ऐले भएँ स्वच्छ सफा विमोह ॥

(५२)

छोडेर दारासुतराजपाट ।
आएँ म ब्रह्मन् ! घर सिन्धुबाट ॥
छोडी तिमी दूर कता म जाऊँ ।
केही भए फेरि म सुन्न पाऊँ ॥

(५३)

जडभरत-
मैले भनेको सजिलै बुझेछौ ।
मुमुक्षु साँच्चै नृपते ! रहेछौ ॥
लाग्यो खुशी फेरि अगाडि भन्छु ।
भवाटवीको म कथा कहन्छु ॥

(५४)

दुरत्ययेऽध्वन्यजया निवेशितो
रजस्तमःसत्त्व विभक्त कर्मदृक् ।
स एष सार्थोऽर्थपरः परिभ्रमन्
भवाटवीं याति न शर्म विन्दति ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो जीव मायावश लट्ठ भैकन ।
प्रवृत्ति बाटोतिर दी सधैँ मन ॥
वणिक् सरी भैं सब काम गर्दछ ।
भवाटवीको तमभित्र झर्दछ ॥

(५५)

यस्यामिमे षण्नरदेव दस्यवः
सार्थं विलुम्पन्ति कुनायकं बलात् ।
गोमायवो यत्र हरन्ति सार्थिकं
प्रमत्तमाविश्य यथोरणं वृकाः ॥

राजन् ! कुमार्गी जब भित्र पस्तछ ।
६ चोरका चङ्गुलभित्र फस्तछ ॥
ब्वाँसा सँगै स्यालहरू मिलीकन ।
लुटेर लान्छन् उसको सबै धन ॥

(५६)

प्रभूतवीरुत्तृणगुल्मगह्वरे
कठोरदंशैर्मशकैरुपद्रुतः ।
क्वचित्तु गन्धर्वपुरं प्रपश्यति
क्वचित्क्वचिच्चाशुरयोल्मुकग्रहम् ॥

भवाटवीमा रुख गुल्म गह्वर ।
हुन्छन्, कतै दुच्छर डाँस मच्छर ॥
ऊ देख्छ गन्धर्वपुरी कतैतिर ।
राँके कतै देख्छ पिशाच जर्जर ॥

(५७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निवासतोयद्रविणात्मबुद्धि-
स्ततस्ततो धावति भो अट्व्याम् ।
क्वचिच्च वात्योत्थित पांसुधूम्रा
दिशो न जानाति रजस्वलाक्षः ॥

त्यहाँ बसी त्यो द्रविणात्मबुद्धि ।
यताउता घुंछ हराइ सुद्धी ॥
कतै धुलेवायु अतीव चल्छ ।
छोपिन्छ आँखा रनभुल्ल पर्छ ॥

(५८)

अदृश्यझिल्लीस्वनकर्णशूल
उलूकवाग्भिर्व्यथितान्तरात्मा ।
अपुण्यवृक्षान् श्रयते क्षुधार्दितो
मरीचितोयान्यभिधावति क्वचित् ॥

कतै छ झिल्लीस्वर कान दुख्ने ।
कतै छ उल्लूस्वर सास रुक्ने ॥
अपुण्यवृक्षाश्रय भोक लागी ।
मरीचिपानी तिर जान्छ भागी ॥

(५९)

क्वचिद्वितोयाः सरितोऽभियाति
परस्परं चालषते निरन्धः ।
आसाद्य दावं क्वचिदग्नितप्तो
निर्विद्यते क्व च यक्षैर्हृतासुः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदी सुकेको जलतर्फ धाउँछ ।
भोको भई आपसमा कराउँछ ॥
कतै डँडेलो पनि आइलाग्दछ ।
कतै लुटेरा सँग दूर भाग्दछ ॥

(६०)

शूरैर्हृतस्वः क्व च निर्विण्णचेताः
शोचन् विमुह्यन्नुपयाति कश्मलम् ।
क्वचिच्च गन्धर्वपुरं प्रविष्टः
प्रमोदते निर्वृतवन्मुहूर्तम् ॥

कतै शूरा मानिस हर्दछन् धन ।
ढुङ्गा सरी बस्तछ खिन्न भैकन ॥
क्यै बेर मायापुरभित्र पस्तछ ।
आनन्द मानीकन मस्त बस्त छ ॥

(६१)

चलन् क्वचित्कण्टकशर्कराङ्घ्रि-
र्नगारुरुक्षुर्विमना इवास्ते ।
पदे पदेऽभ्यन्तरवह्निनार्दितः
कौटुम्बिकः क्रुध्यति वै जनाय ॥

कतै भने पर्वत चढ्न खोज्दछ ।
बिझेर काँडा अति खिन्न बन्दछ ॥
भोको भई भित्र जलेर आउँछ ।
जहानका साथ निकै रिसाउँछ ॥

(६२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्वचिन्निगीर्णोऽजगराहिना जनो
नावैति किञ्चिद्विपिनेऽपविद्धः ।
दष्टःस्म शेते क्व च दन्दशूकै-
रन्धोऽन्धकूपे पतितस्तमिस्रे ॥

निलिन्छ कैले तम सर्पबाट ।
मूढो सरी मस्त भएर सुत्छ ॥
कतै विषैला वनजन्तुबाट ।
टोकिन्छ मूर्दा सरी शून्य हुन्छ ॥

(६३)

कर्हिस्म चित्क्षुद्ररसान् विचिन्वं-
स्तन्मक्षिकाभिर्व्यथितो विमानः ।
तत्रातिकृच्छ्रात्प्रतिलब्धमानो
बलाद्विलुम्पन्त्यथ तं ततोऽन्ये ॥

ऊ हिंड्छ कैले मह खानलाई ।
ऊ भाग्छ मौरीसँग नै डराई ॥
पायो भने ता पनि जान्छ खेर ।
लान्छन् लुटेरा ठगले लुटेर ॥

(६४)

क्वचिच्च शीतातपवातवर्ष-
प्रतिक्रियां कर्तुमनीश आस्ते ।
क्वचिन्मिथो विपणन् यच्च किञ्चित्
विद्वेषमृच्छत्युत वित्तशाठ्यात् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आँधी र वर्षा शीत घाम सारा ।
सहेर ऊ बस्तछ बेसहारा ॥
कतै त बेपार गरेर बस्छ ।
लोभी बनी वैर गरेर फस्छ ॥

(६५)

क्वचित्क्वचित्क्षीणधनस्तु तस्मिन्
शय्यासनस्थानविहारहीनः ।
याचन् परादप्रतिलब्धकामः
पारक्यदृष्टिर्लभतेऽवमानम् ॥

ऊ हुन्छ कैले अति दीनहीन ।
खाने र बस्ने धनले विहीन ॥
ऊ मागछ अर्कासँग जात हाली ।
प्राप्तव्य उस्को अपमान खालि ॥

(६६)

अन्योन्यवित्तव्यतिषङ्गवृद्ध
वैरानुबन्धो विवहन्मिथश्च ।
अध्वन्यमुष्मिन्नुरुकृच्छ्रवित्त-
बाधोपसर्गैर्विहरन् विपन्नः ॥

व्यापारका कारण वैरभाव ।
बढेर जाँदा पनि मित्रभाव ॥
राखेर ती सद्व्यवहार गर्छन् ।
भोगेर ती झणझट नित्य मर्छन् ॥

(६७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तांस्तान् विपन्नान् स हि तत्र तत्र
विहाय जातं परिगृह्य सार्थः ।
आवर्ततेऽद्यापि न कश्चिदत्र
वीराध्वनः पारमुपैति योगम् ॥

जो मर्दछन् ती अलपत्र छोडी ।
अगाडि बढ्छन् नवजात जोडी ॥
गयो जहाँ जीवसमूहसार ।
फर्केन ऐलेतक भो न पार ॥

(६८)

मनस्विनो निर्जितदिग्गजेन्द्रा
ममेति सर्वे भुवि बद्धवैराः ।
मृधे शयीरन्न तु तद्व्रजन्ति
यन्न्यस्तदण्डो गतवैरोऽभियाति ॥

शूराहरूले धरती जितेर ।
अहं जितेनन् र गए बितेर ॥
वैरी कमाए तर ती पुगेनन् ।
निर्वैर योगी जुन ठाउँ पुग्छन् ॥

(६९)

प्रसज्जति क्वापि लताभुजाश्रय-
स्तदाश्रयाव्यक्तपदद्विजस्पृहः ।
क्वचित्कदाचिद्धरिचक्रतस्त्रसन्
सख्यं विधत्ते वककङ्कगृध्रैः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैले कहीं आश्रय ली लताको ।
बोली सुनी हुन्छ खुशी चराको ॥
कैले डराई अनि सिंहबाट ।
ऊ गर्छ मैत्री बकगिद्धसाथ ॥

(७०)

तैर्वञ्चितो हंश कुलं समाविश-
न्नरोचयन् शीलमुपैति वानरान् ।
तज्जातिरासेन सुनिर्वृतेन्द्रिय
परस्परोद्वीक्षण विस्मृतावधिः ॥

त्यहाँ ठगीए पछि हाँस साथ ।
ऊ गर्छ मैत्री तर चालढाल ॥
मिल्दैन गै वानर साथ मिल्छ ।
भोगादि भोग्दै सब बित्छ काल ॥

(७१)

द्रुमेषु रंस्यन् सुतदारवत्सलो
व्यवायदीनो विवशः स्वबन्धने ।
क्वचित्प्रमादाद्गिरिकन्दरे पतन्
वल्लीं गृहीत्वा गजभीत आस्थितः ॥

रमाउँदै ऊ रुखमा बसेर ।
बाँधिन्छ दारा सुतमा फसेर ॥
अशक्त भै झर्दछ ऊ गुफामा ।
झुण्डिन्छ हस्तीभयले लतामा ॥

(७२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतः कथञ्चित्स विमुक्त आपदः
पुनश्च सार्थं प्रविशत्यरिंदम ।
अध्वन्यमुष्मिन्नजया निवेशितो
भ्रमञ्जनोऽद्यापि न वेदकश्चन ॥

राजन् ! यदि क्वै यसबाट मुक्त ।
भयो भने ता पनि झुण्डयुक्त ॥
भएर नै घुम्दछ मोहसाथ ।
जान्दैन मोक्ष्याश्रय यो अनाथ ॥

(७३)

रहूगण त्वमपि ह्यध्वनोऽस्य
संन्यस्तदण्डःकृतभूतमैत्रः ।
असज्जितात्मा हरिसेवया शितं
ज्ञानासिमादाय तरातिपारम् ॥

राजन् ! तिमी दुस्तर यै कुबाटो ।
हिँड्छौ सधैँ भैकन बक्क लाटो ॥
दण्डादिको काम समस्त छोडी ।
प्राणीहरूमा समभाव जोडी ॥

छोडेर आसक्ति गरेर पूजा ।
ज्ञानासिले काम गरेर धूजा ॥
श्रीकृष्णकै पाउ तिमी समाऊ ।
भवाटवीबाट तरेर जाऊ ॥

(७४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहूगण-

अहो नृजन्माखिलजन्मशोभनं
किं जन्मभिस्त्वपरैरप्यमुष्मिन् ।
न यद्धृषीकेशयशःकृतात्मनां
महात्मनां वः प्रचुरः समागमः ॥

अहो बुझें बल्ल गयो सबै भ्रम ।
मनुष्यको जन्म रहेछ उत्तम ॥
देवादिको जन्म भएर हुन्छ के ?
हुदैन जो सज्जनको समागम ॥

(७५)

न ह्यद्भुतं त्वच्चरणाब्जरेणुभि-
र्हतांहसो भक्तिरधोक्षजेऽमला ।
मौहूर्तिकाद्यस्य समागमाच्च मे
दुस्तर्कमूलोऽपहतोऽविवेकः ॥

धोएर तिम्रा पदरेणुले मन ।
जान्छन् भने पार तरेर सज्जन ॥
आश्चर्य के ? क्यै क्षणाको समागम ।
बाटै गयो दुस्तर मोह संभ्रम ॥

(७६)

नमो महद्भ्योऽस्तु नमः शिशुभ्यः
नमो युवभ्यो नम आ वटुभ्यः ।
ये ब्राह्मणा गामवधूतलिङ्गा-
श्चरन्ति तेभ्यः शिवमस्तु राज्ञाम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मज्ञ बूढा शिशुमा युवामा ।
मेरो नमस्कार छ ती वटुमा ॥
जो घुम्दछन् ली अवधूतभेष ।
सुदृष्टि राखुन् नृपमा विशेष ॥
भागवत ५।१३।१-२३

(७७)

श्रीशुकदेव भन्नुहुन्छ-
परोक्षमा यो भनियो कुरा जुन ।
प्रत्यक्षमा भन्दछु फेरि यो सुन ॥
भवाटवी हो अटवी बृहद् वन ।
सन्सार हो यो भव नित्य बन्धन ॥
प्रारब्धको सामल साथ लीकन ।
घुम्दो छ यो जीव समूह फन्फन ॥

(७८)

नानाथरी कर्म गरेर आर्जित ।
पाएर नाना विध योनि निश्चित ॥
६ ज्ञानका इन्द्रिय साथ यो मन ।
बोकेर चारैतिर घुम्छ फन्फन ॥

(७९)

भई पराधीन ६ चोरबाट ।
झरेर सन्मार्ग र कर्मबाट ॥
पापीहरूकासँगमा रहेर ।
यो घुम्छ मायावशमा परेर ॥

(८०)

ऊ जोड्छ केही धन लोभसाथ ।
गर्दैन सत्कार्य बनी अनाथ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६ चोरले त्यो धनमाललाई ।
चोर्छन् बनियाँ सरिको बनाई ॥

(८१)

सन्सारमा स्त्रीसुतभाइबान्धव ।
मौका परेमा धन लुट्तछन् सब ॥
ब्वाँसो जसोरी नलिई कुनै डर ।
भेडाहरू चोर्दछ भाग्छ सत्त्वर ॥

(८२)

सन्सारमा यो अति मस्त भैकन ।
दिएर वेश्या मदपानमा मन ॥
सन्सार यो खूब सुरम्य मान्दछ ।
गन्धर्वको लोक समान ठान्दछ ॥

(८३)

ऊ शत्रु उल्लू अनि भूपबाट ।
पाएर हप्की अति नै डराउँछ ॥
ऊ पापको आश्रय लिन्छ सत्त्वर ।
पापीहरूकासँगमा रमाउँछ ॥

(८४)

बनेर भोको कहिले यताउता ।
घुमेर चारैतिर हुन्छ बेपता ॥
जे देख्छ जस्को सब लुट्न खोज्दछ ।
बनेर पापिष्ठ कुमार्ग रोज्दछ ॥

(८५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवृत्तिको मार्ग लिएर दुर्जय ।
जो कर्ममा लाग्छ बनेर निर्भय ॥
त्यो जीवले पाउँछ खूब ठक्कर ।
भवाटवी लाउँछ खूब चक्कर ॥

(८६)

निवृत्तिको मार्ग लिएर नित्य ।
छोडी अहन्ता ममता अनित्य ॥
निष्काम भै जो हरिभक्ति गर्छ ।
भवाटवी त्यो सुख साथ तर्छ ॥

भागवत ५।१४

(८७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताहरूको गीत

अहो ! अमीषां किमकारि शोभनं
प्रसन्न एषां स्विदुत स्वयं हरिः ।
यैर्जन्म लब्धं नृषु भारताजिरे
मुकुन्दसेवौपयिकं स्पृहा हि नः ॥

मान्छेहरू यी कुन पुण्यले गरी ।
सौभाग्यले या खुश भै स्वयं हरि ॥
यी जन्मिए भारत वर्षमा गई ।
श्रीकृष्णसेवारत भक्त नै भई ॥
यो भाग्यको लागि त देवतै पनि ।
गर्छौं सदिच्छा अति दीनझैं बनी ॥

(१)

किं दुष्करैर्नः क्रतुभिस्तपोव्रतै-
र्दानादिभिर्वा द्युजयेन फल्गुना ।
न यत्र नारायणपादपङ्कज-
स्मृतिः प्रमुष्टातिशयेन्द्रियोत्सवात् ॥

अत्यन्त ठूला व्रतयज्ञदान ।
गर्यौं र पायौं जुन लोक जान ॥
भोगेर नै ऐन्द्रिय भोग टम्म ।
बिर्सिन्छ नारायण भन्न सम्म ॥

(२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कल्पायुषां स्थानजयात्पुनर्भवात्
क्षणायुषं भारतभूजयो वरम् ।
क्षणेन मर्त्येन कृतं मनस्विनः
संन्यस्य संयान्त्यभयं पदं हरेः ॥

कल्पायु बाँच्ने अजलोकभन्दा ।
क्षणायुको भारत वर्ष सुन्दर ॥
गरी क्षणैमा हरिमा समर्पण ।
मुमुक्षु तर्ला भवसिन्धु दुस्तर ॥

(३)

न यत्र वैकुण्ठकथासुधापगा
न साधवो भागवतास्तदाश्रयाः ।
न यत्र यज्ञेशमखा महोत्सवाः
सुरेशलोकोऽपि न वै स सेव्यताम् ॥

जहाँ हुदैनन् हरिकीर्तिवर्णन ।
जहाँ हुदैनन् हरिभक्त सज्जन ॥
जहाँ हुदैनन् हरियज्ञ उत्सव ।
ती ब्रह्मलोकै पनि तुच्छ हुन् सब ॥

(४)

प्राप्ता नृजातिं त्विह ये च जन्तवो
ज्ञानक्रियाद्रव्यकलापसम्भृताम् ।
न वै यतेरन्नपुनर्भवाय ते
भूयो वनौका इव यान्ति बन्धनम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाई यहाँ मानिस योनि दुर्लभ ।
ज्ञानक्रियाद्रव्य समेत यी सब ॥
गर्दैन तर्ने यदि यत्न जो नर ।
भने त बाँधिन्छ बनी वनेचर ॥

(५)

यैः श्रद्धया बर्हिषि भागशो हवि-
निरुप्तमिष्टं विधिमन्त्र वस्तुतः ।
एकः पृथङ्नामभिराहुतो मुदा
गृण्हाति पूर्णः स्वयमाशिषां प्रभुः ॥

यज्ञादिमा मन्त्र र नाम लीकन ।
देवादिमा जो हवि हुन्छ अर्पण ॥
सारा हवि त्यो खुश भै दनादन ।
लिन्छन् स्वयं पूर्ण उनै जनार्दन ॥

(६)

सत्यं दिशत्यर्थितमर्थितो नृणां
नैवार्थदो यत्पुनरर्थिता यतः ।
स्वयं विधत्ते भजतामनिच्छता-
मिच्छापिधानं निजपादपल्लवम् ॥

माग्नेहरूमा प्रभु जे भने पनि ।
अवश्य दिन्छन् सबको सुहृद् बनी ॥
तथापि यल्ले भरिँदैन कामना ।
झन् बढ्छ माग्ने तिर तीव्र चाहना ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसै हुँदा जो हरिभक्ति गर्छन् ।
निष्कामना भैकन पाउ पर्छन् ॥
ती पाउँछन् निर्मल भक्ति खास ।
दुष्काम यल्ले सब गर्छ नाश ॥

(७)

यद्यत्र नः स्वर्गसुखावशेषितं
स्विष्टस्य सूक्तस्य कृतस्य शोभनम् ।
तेनाजनाभे स्मृतिमज्जन्म नः स्याद्
वर्षे हरिर्यद्भजतां शं तनोति ॥

भोगी सबै स्वर्गिक भोग सुस्तरी ।
बाँकी रहेका शुभपुण्यले गरी ॥
जन्मौं यसै भारतवर्षमा झरी ।
हुन् संझनामा भगवान् स्वयं हरि ॥
संझन्छ जल्ले भगवान् सधैंभरी ।
कल्याण गर्छन् उसको उनै हरि ॥
भागवत ५।१९।२१-२८

(८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृत्रासुरको स्तुति

अहं हरे तव पादैकमूल-
दासानुदासो भवितास्मि भूयः ।
मनः स्मरेतासुपतेर्गुणांस्ते
गृणीत वाक् कर्म करोतु कायः ॥

हे नाथ ! अर्को जुनि फेरि पाऊँ ।
गोडा म तिम्रै जनको समाऊँ ॥
यो चित्त संझोस् गुणमात्र खालि ।
वाणी गरोस् कीर्तन दैन्य फाली ॥
यो देह लागोस् प्रभुकर्म गर्न ।
सम्झी तिमी नाथ ! सकौं म मर्न ॥

(१)

न नाकपृष्ठं न च पारमेष्ठ्यं
न सार्वभौमं न रसाधिपत्यम् ।
न योगसिद्धीरपुनर्भवं वा
समञ्जस त्वा विरहय्य काङ्क्षे ॥

हे नाथ ! चाहन्न सुरेन्द्रलोक ।
चाहन्न कैल्यै पनि सत्यलोक ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साम्राज्य चाहन्न, रसाधिपत्य ।
चाहन्न सिद्ध्यादि कुनै असत्य ॥
चाहन्न कैल्यै पनि मोक्ष नाथ !
छोडी तिमी लानु छ के र साथ ?

(२)

अजातपक्षा इव मातरं खगाः
स्तन्यं यथा वत्सतराः क्षुधार्ताः ।
प्रियं प्रियेव व्युषितां विषण्णा
मनोऽरविन्दाक्ष दिदृक्षते त्वाम् ॥

चरा बचेरा जननी भनेर ।
बस्छन् जसोरी गुँडमा कुरेर ॥
बाछा ससाना अति भै क्षुधार्त ।
बस्छन् कुरी माउ भएर आर्त ॥

टाढा बसेको पति सम्भिईकन ।
बस्छे नवोढा जसरी दिई मन ॥
त्यस्तै बसेको छु म भै अनाथ ।
पाऊँ प्रभु दर्शन हौं सनाथ ॥

(३)

ममोत्तमश्लोकजनेषु सख्यं
संसारचक्रे भ्रमतः स्वकर्मभिः ।
त्वन्मायया ऽऽत्मात्मजदारगेहे-
ष्वासक्तचित्तस्य न नाथ भूयात् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वकर्मले नै जति जन्मसम्म ।
सन्सारमा घुम्नुपरे घुमौं म ॥
जन्मौं जहाँ जे जुनिमा म नाथ !
पाऊँ म तिम्रै जन साथ ॥

परन्तु, मायावश पुत्र गेहमा
आसक्ति राख्छन् जसले स्वदेहमा ।
तीदेखि हे नाथ ! बसौं म टाढा
रहोस् तिमीमै अति भक्ति गाढा ॥

भागवत ६।११।२४-२७

(४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रह्लादको उपदेश

स्वस्त्यस्तु विश्वस्य खलः प्रसीदतां
ध्यायन्तु भूतानि शिवं मिथो धिया ।
मनश्च भद्रं भजतादधोक्षजे
आवेश्यतां नो मतिरप्यहैतुकी ॥

सन्सारमा शान्ति हओस् सधैँभरि ।
सद्बुद्धि देउन् खलमा स्वयं हरि ॥
प्राणी सबैको हित होस् परस्पर ।
सद्भाव राखुन् सबले निरन्तर ॥
सन्मार्गमा त्यो मन नित्य लागोस् ।
श्रीकृष्णाको कीर्तन तर्फ जागोस् ॥

(१)

माऽगारदारात्मजवित्तबन्धुषु
सङ्गो यदि स्याद्भगवत्प्रियेषु नः ।
यः प्राणवृत्या परितुष्ट आत्मवान्
सिद्ध्यत्यदूरान्न तथेन्द्रियप्रियः ॥

सम्पत्तिदारासुतबन्धु आदिमा ।
सम्बन्ध कैल्यै नहओस् गृहादिमा ॥
सम्बन्ध हाम्रो यदि हुन्छ नै भने ।
सम्बन्ध होस् केशवभक्त साथमा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो हुन्छ योगी अनि संयमी जन ।
थोरै कुराले पनि धान्छ जीवन ॥
त्यल्ले छिटै पाउँछ सिद्धिको फल ।
लोभी भए पाउन हुन्छ मुस्किल ॥

(२)

यत्सङ्गलब्धं निजवीर्यवैभवं
तीर्थं मुहुः संस्पृशतां हि मानसम् ।
हरत्यजोऽन्तः श्रुतिभिर्गतोऽङ्गजं
को वै न सेवेत मुकुन्दविक्रमम् ॥

सद्भक्तको सङ्गतबाट कृष्णको ।
पाइन्छ सत्कीर्ति पवित्र सुन्न ॥
सुन्दा सधैं भित्र गएर सत्कथा ।
मैलो सबै पार्दछ छिन्नभिन्न ॥
यसै हुनाले हरिभक्तसाथ ।
चाहन्न कल्ले ? अनि सङ्ग गर्न ॥

(३)

यस्यास्ति भक्तिर्भगवत्यकिञ्चना
सर्वैर्गुणैस्तत्र समासते सुराः ।
हरावभक्तस्य कुतो महद्गुणा
मनोरथेनासति धावतो बहिः ॥

जस्को छ आत्यन्तिक भक्ति कृष्णमा ।
त्यस्मा सबै सद्गुण वास गर्दछन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभक्तमा सद्गुण पाइने कहाँ ।
जो नित्य नै बाहिरतर्फ कुद्दछन् ॥

(४)

हरिर्हि साक्षाद्भगवान् शरीरिणा-
मात्मा झषाणामिव तोयमीप्सितम् ।
हित्वा महांस्तं यदि सज्जते गृहे
तदा महत्त्वं वयसा दम्पतीनाम् ॥

श्रीकृष्ण नै जीवन हुन् समस्तका ।
मत्स्यादिको जीवन खालि नीर हो ॥
बिर्सेर नारायण बाँचियो भने ।
त्यहाँ महत्ता गुण हैन, आयु हो ॥

(५)

तस्माद्रजोरागविषादमन्यु-
मानस्पृहाभयदैन्याधिमूलम् ।
हित्वा गृहं संसृतिचक्रवालं
नृसिंहपादं भजताऽकुतो भयम् ॥

त्यसैहुँदा क्रोधममत्वमान ।
ईर्ष्या अहं यी सब शत्रु जान ॥
बन्छन् यिनै जन्म र मृत्युकारण ।
छ गर्नु पर्ने यिनकै निवारण ॥
हे भाइ हो ! यी सबबाट ली भय ।
नृसिंहको पाउ समात निर्भय ॥

भागवत ५।१८।९-१४

(६)

*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रह्लादको स्तुति

नारदजी भन्नुहुन्छ-

स्वपादमूले पतितं तमर्भकं
विलोक्य देवः कृपया परिप्लुतः ।
उत्थाप्य तच्छीर्ष्ण्यदधात् कराम्बुजं
कालाहिवित्रस्तधियां कृताभयम् ॥

प्रह्लाद आफ्ना पदमा समर्पित ।
देखी दयाले अति भै परिप्लुत ॥
नृसिंहले बालकमाथि सत्त्वर ।
उठाइ राखे शिरमा दुवै कर ॥
त्यो हातले दुर्जय कालसर्पको ।
विनाश गर्दै हित गर्छ भक्तको ॥

(१)

स तत्करस्पर्शधुताखिलाशुभः
सपद्यभिव्यक्तपरात्मदर्शनः ।
तत्पादपद्मं हृदि निर्वृतो दधौ
हृष्यत्तनुः क्लिन्नहृदश्रुलोचनः ॥

छोए तुरुन्तै प्रभुले स्वयं जब ।
पखालिए दुष्कृत कर्म ती सब ॥
तुरुन्त भो ज्ञान परात्मतत्त्वको ।
हृत्मा भयो धारण ती नृसिंहको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्काल भो देह सबै प्रकम्पन ।
प्रेमाश्रु बस्यों जब परिलयो मन ॥

(२)

अस्तौषीद्धरिमेकाग्रमनसा सुसमाहितः ।
प्रेमगद्गदया वाचा तन्न्यस्तहृदयेक्षणः ॥

भावनाले भई पूर्ण निर्निमेष बनीकन ।
नृसिंह प्रभुको पाए भक्तले गर्न दर्शन ॥
एकाग्र मनले गर्दै गुणको दिव्य चिन्तन ।
थाले प्रल्हादले गर्न हरिको स्तुति कीर्तन ॥

(३)

प्रह्लाद भन्नुहुन्छ–
ब्रह्मादयः सुरगणा मुनयोऽथ सिद्धाः
सत्त्वैकतानमतयो वचसां प्रवाहैः ।
नाराधितुं पुरुगुणैरधुनापि पिप्रुः
किं तोष्टुमर्हति स मे हरिरुग्रजातेः ॥

ब्रह्मादि देव सबको मनबुद्धि खास ।
सत्त्वांशमा रहिरहन्छ न भै उदास ॥
धारा प्रवाह नत भै स्तुति भक्तिसाथ ।
गर्छन् तिनै तर तिमी खुश छौन नाथ ॥
हे नाथ ! हूँ असुरको कुलको म जात ।
हौला कहाँ ? खुश तिमी कसरी ? मबाट ॥

(४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्ये धनाभिजनरूपतपःश्रुतौज-
स्तेजःप्रभावबलपौरुषबुद्धियोगाः ।
नाराधनाय हि भवन्ति परस्य पुंसो
भक्त्या तुतोष भगवान्गजयूथपाय ॥

बुद्धि प्रभाव धन भाग्य घरान रूप ।
विद्या सुकर्म बल तेज तपःस्वरूप ॥
सम्पूर्ण बाह्र गुण यी जति हुन् सशक्त ।
सन्तुष्ट पार्न भगवन् ! सब छन् अशक्त ॥
यौटै छ तुष्ट रहने प्रभुभक्तिसार ।
हात्ती भयो सहजमा जसबाट पार ॥

(५)

विप्राद् द्विषड्गुणयुतादरविन्दनाभ-
पादारविन्दविमुखाच्छ्वपचं वरिष्ठम् ।
मन्ये तदर्पितमनोवचनेहितार्थ-
प्राणं पुनाति स कुलं न तु भूरिमानः ॥

होस् ब्राह्मणै सकल यी गुणबाट युक्त ।
तिम्रा दुई चरणको नभए त भक्त ॥
त्यो ब्राह्मणै किन नहोस् तल हुन्छ वास ।
चाण्डाल भक्त अति उत्तम हुन्छ खास ॥
चाण्डालभक्त कुल तार्छ सबै गएर ।
तर्दैन बाहुन अभक्त महान् भएर ॥

(६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैवात्मनः प्रभुरयं निजलाभपूर्णो
मानं जनादविदुषः करुणो वृणीते ।
यद् यज्जनो भगवते विदधीत मानं
तच्चात्मने प्रतिमुखस्य यथा मुखश्रीः ॥

सन्तुष्ट छन् प्रभु सधैं निजलाभबाट ।
चाहिन्न मानमनितो जन अज्ञबाट ॥
जो गर्दछन् भजन कीर्तन पूजनादि ।
स्वीकार्दछन् सदय भै प्रभु ती अनादि ॥

जो मान गर्छ हरिको अति भक्ति राखी ।
ऊ मान गर्छ उसकै द्विविधा नराखी ॥
शृङ्गार साथ जसरी मुख हेर्छ कोही ।
देखिन्छ दर्पणहुँदो अति दिव्य सोही ॥

(७)

तस्मादहं विगतविक्लव ईश्वरस्य
सर्वात्मना महि गृणामि यथामनीषम् ।
नीचोऽजया गुणविसर्गमनुप्रविष्टः
पूयेत येन हि पुमाननुवर्णितेन ॥

जस्तो अयोग्य म भए पनि आज नाथ ।
शङ्का सबै पर गरी अति भक्तिसाथ ॥
गर्दोछु गान महिमा प्रभुको विचित्र ।
जस्बाट तर्दछ मनुष्य भई पवित्र ॥

(८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वे ह्यमी विधिकरास्तव सत्त्वधाम्नो
ब्रह्मादयो वयमिवेश न चोद्विजन्तः ।
क्षेमाय भूतय उतात्मसुखाय चास्य
विक्रीडितं भगवतो रुचिरावतारैः ॥

हे सत्त्वमूर्ति भगवन् ! अजआदि सारा ।
द्यौताहरू सकल छन् प्रभुकै सहारा ॥
छैनन् तिनी असुरझैं प्रभुका विरुद्ध ।
दासानुदास अति छन् सब जन्मसिद्ध ॥

लिन्छौ सदैव अवतार र रूप नाना ।
खोज्छौ तिमी उदय निम्ति सधैं बहाना ॥
लीला गरी विविध यी सब जीवलाई ।
पाल्छौ तिमी सुख र मोक्ष दुवै दिलाई ॥

(९)

तद् यच्छ मन्युमसुरश्च हतस्त्वयाद्य
मोदेत साधुरपि वृश्चिकसर्पहत्या ।
लोकाश्च निर्वृतिमिताः प्रतियन्ति सर्वे
रूपं नृसिंह विभयाय जनाः स्मरन्ति ॥

त्यो दुष्ट दैत्य बध गर्न भनेर नाथ !
क्रोधाग्निको उदय भो अति रोषसाथ ॥
त्यै क्रोधले खल भयो अति शीघ्र अस्त ।
हौ शान्त, छौं शरणमा प्रभुमा समस्त ॥

बिच्छी र सर्प पनि मर्छ भने त खास ।
हुन्छन् खुशी बुधहरू नगरी प्रयास ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै मऱ्यो कशिपु आज समस्त लोक ।
छन् दङ्ग छन् सब खुशी सब छन् विशोक ॥
तिम्रो अतीव भय नाशक दिव्य मूर्ति ।
देखेर भक्तजनको अब बढ्छ फुर्ति ॥

(१०)

नाहं बिभेम्यजित तेऽतिभयानकास्य-
जिह्वार्कनेत्र भ्रुकुटीरभसोग्रदंष्ट्रात् ।
आन्त्रस्रजः क्षतजकेसरशङ्कुकर्णा-
न्निर्ह्रादभीतदिगिभादरिभिन्नखाग्रात् ॥

छन् नेत्र ती चहकिला रविझैं प्रदीप्त ।
जिब्रो छ चारतिर लप्लप राललिप्त ॥
भाला समान अति सुन्दर कान ठाडा ।
रातास्य छन् जगर रक्त दलेर गाढा ॥

तिम्रो छ गर्जन भयङ्कर दिग्गजेन्द्र ।
काम्छन् सुनेर भयले, भीत छन् सुरेन्द्र ॥
देखिन्छ भौं अति भयानक खूब बाङ्गो ।
दाह्रा सुतीक्ष्ण बहुतै मुख झन् उदाङ्गो ॥

नङ्ग्रा भयङ्कर म देख्तछु धेर लामा ।
आन्द्रो छ हारसरि नै प्रभुका गलामा ॥
सम्पूर्ण रूप छ भयानक उग्र नाथ !
लाग्दैन तैं पनि कुनै भय नाथ साथ ॥

(११)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रस्तोऽस्म्यहं कृपणवत्सल दुःसहोग्र-
संसारचक्रकदनाद् ग्रसतां प्रणीतः ।
बद्धः स्वकर्मभिरुशत्तम तेऽङ्घ्रिमूलं
प्रीतोऽपवर्गशरणं ह्वयसे कदा नु ॥

सारै म छु त्रसित यो भवचक्र माझ ।
घुम्दोछु दुस्सहन दुःख सहेर आज ॥
प्रारब्धका वश परीकन दीननाथ !
यी उग्र जन्तुसँगमा म परें अनाथ ॥

बोलाउँछौ कि ! कहिले भनी आस राखी ।
पर्खी रहेछु भगवन् ! द्विविधा नराखी ॥
हे नाथ ! हौ सकलका प्रभु हौ वरेण्य ।
हौ मोक्षरूप अनि अन्तिम हौ शरण्य ॥

(१२)

यस्मात् प्रियाप्रियवियोगसयोगजन्म-
शोकाग्निना सकलयोनिषु दह्यमानः ।
दुःखौषधं तदपि दुःखमतद्धियाहं
भूमन्भ्रमामि वद मे तव दास्ययोगम् ॥

हे नारसिंह ! म घुमें जति योनि पैले ।
पाएँ प्रियाप्रिय वियोग र योग मैले ॥
भो दुःख, भो जलन ती सब कामबाट ।
दुःखै गरें वरण छुट्न म दुःखबाट ॥

आत्मा म भिन्न सब वस्तु भनेर ठानी ।
घुम्दै रहें फनफनी ननिको नमानी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐले बुझैँ सकल काम रहेछ ढोँग ।
पाऊँ म सुन्न भगवन् ! अब दास्ययोग ॥

(१३)

सोऽहं प्रियस्य सुहृदः परदेवताया
लीलाकथास्तव नृसिंह विरिञ्चगीताः ।
अञ्जस्तितर्म्यनुगृणन्गुणविप्रमुक्तो
दुर्गाणि ते पदयुगालयहंससङ्गः ॥

दासानुकम्पक तिमी प्रभुको म दास ।
मेरा तिमी प्रिय सुहृत् परदेव खास ॥
तिम्रा कथास्तुति सुनेर विरिञ्चबाट ।
ती गाउँदै म उठुँला रिसरागबाट ॥
तिम्रा अनन्यजन, भक्त र हंससाथ ।
पाएर सङ्ग सजिलै तरुँला म नाथ !

(१४)

बालस्य नेह शरणं पितरौ नृसिंह
नार्तस्य चागदमुदन्वति मज्जतो नौः ।
तप्तस्य तत्प्रतिविधिर्य इहाञ्जसेष्ट-
स्तावद् विभो तनुभृतां त्वदुपेक्षितानाम् ॥

मातापिता जति गरुन् स्वअपत्यलाई ।
लैजान्छ झापट दिईकन काल आई ॥
त्यस्तै गरेर अनि औषधिबाट रोगी ।
बाँच्तैन, कर्मवश मर्दछ कष्ट भोगी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै गरी जलधिमा पनि नाउसाथ ।
चुर्लुम्म डुब्दछ मनुष्य बनी अनाथ ॥
सन्सारमा भय निवारणका उपाय ।
छन् जे जति क्षणिक हुन् सब हुन् अयपाय ॥
तिम्रो भए शुभ सुदृष्टि समस्त कष्ट ।
हुन्छन् नृसिंह भगवन् ! अति शीघ्र नष्ट ॥

(१५)

यस्मिन्यतो यर्हि येन च यस्य यस्माद्
यस्मै यथा यदुत यस्त्वपरः परो वा ।
भावः करोति विकरोति पृथक्स्वभावः
सञ्चोदितस्तदखिलं भवतः स्वरूपम् ॥

पुर्खापिता सब हुँदै परदेवसम्म ।
कर्तृत्वमा सकल छौ प्रभुमात्र टम्म ॥
तिम्रै मिलेर अति उत्तम शक्ति साथ ।
आधार जे छ उसमै अडिएर नाथ !

जे मिल्छ साधन निमित्त र काल खास ।
उद्देश्यले स्वविधिबाट गरी प्रयास ॥
जो गर्दछन् सुरचना कि त अन्य रूप ।
सम्पूर्ण हुन् सिरजना प्रभुकै स्वरूप ॥

(१६)

माया मनः सृजति कर्ममयं बलीयः
कालेन चोदितगुणानुमतेन पुसः ।
छन्दोमयं यदजयार्पितषोडशारं
सन्सारचक्रमज कोऽतितरेत् त्वदन्यः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाएर नै पुरुषको सहयोग, काल।
उत्पन्न गर्छ गुणमा विषमत्व चाल॥
माया मनःप्रमुख लिङ्गशरीरलाई।
रच्छे, स्वकर्मरत यो घुमुवा बनाई॥

हे नाथ! चित्त दस इन्द्रिय पञ्चतत्त्व!
यी सोह्र तत्त्वसँग भो भव यो प्रसूत॥
सन्सारचक्र छ मनोमय षोडशार।
तिम्रो कृपा विनु त को हुनसक्छ? पार॥

(१७)

स त्वं हि नित्यविजितात्मगुणः स्वधाम्ना
कालो वशीकृतविसृज्यविसर्गशक्तिः।
चक्रे विसृष्टमजयेश्वर षोडशारे
निष्पीड्यमानमुपकर्ष विभो प्रपन्नम्॥

माया यिनै सकल सोह्र विकारसाथ।
पेल्छे उखू सरह नै म भएँ अनाथ॥
हे नारसिंह भगवन्! सब तत्त्वलाई।
राख्छौ थिचेर सजिलै तल नै दबाइ॥
आएँ प्रभो! शरण, हात दुवै समाऊ।
दुष्चक्रबाट भगवन्! अब पार लाऊ॥

(१८)

दृष्टा मया दिवि विभोऽखिलधिष्ण्यपाना-
मायुःश्रियो विभव इच्छति याञ्जनोऽयम्।
येऽस्मत्पितुः कुपितहासविजृम्भितभ्रू-
विस्फूर्जितेन लुलिताः स तु ते निरस्तः॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वर्गीय वैभव, सुधा, सुख, शक्ति, वित्त ।
बन्छन् हिरिक्क सब नै यिनका निमित्त ॥
दिक्पालको चुरिफुरी अनि काम सारा ।
देखें प्रभो ! सकल हुन् निमुखा बिचारा ॥

मेरा पिता जब कुनै पनि काम देखी ।
हाँस्थे गरेर रिस झार्न समस्त शेखी ॥
टेढा गरी नजर ती जब 'हुङ्ग' गर्थे ।
स्वर्गीय वैभव सबै छरिएर झर्थे ॥
जोडा थिएन जसको सबतर्फ खास ।
मेरा पिता पनि भए प्रभुबाट नाश ॥

(१९)

तस्मादमूस्तनुभृतामहमाशिषो ज्ञ
आयुः श्रियं विभवमैन्द्रियमा विरिञ्चात् ।
नेच्छामि ते विलुलितानुरुविक्रमेण
कालात्मनोपनय मां निजभृत्यपार्श्वम् ॥

तस्मात् म यी पनि कुनै बल, आयु, वित्त ।
ऐश्वर्य, सौख्य, सबमा जसको छ चित्त ॥
चाहन्न कत्ति पनि ऐन्द्रिय ठाँटबाट ।
छन् यी सबै ग्रसित नित्य हजूरबाट ॥
छोडी सबै क्षणिक यी सुख शान्ति नाथ !
आएँ म लौ शरणमा अब राख साथ ॥

(२०)

कुत्राशिषः श्रुतिसुखा मृगतृष्णिरूपाः
क्वेदं कलेवरमशेषरुजां विरोहः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्विद्यते न तु जनो यदपीति विद्वान्
कामानलं मधुलवैः शमयन्दुरापैः ॥

सन्सारको विषयभोग छ सुन्न सत्य ।
तृष्णा समान मृगको बहुतै असत्य ॥
भोग्ने शरीर पनि रुग्ण र रोगभूमि-
देखिन्छ, बाच्नु छ सधैंभरि रोग थामी ॥

हुन्थे कहाँ कथित भोग र देह सत्य ?
छन् यी दुवै क्षणिक, भङ्गुर छन् असत्य ॥
देखेर यी सब वृथा नभई विरक्त ।
देखिन्छ मानिस अझै किन ? भोगसक्त ॥
अत्यन्त दुःखसँग ली मधुबिन्दु खास ।
कामाग्निको जलन खोज्दछ गर्न नाश ॥

(२१)

क्वाहं रजःप्रभव ईश तमोऽधिकेऽस्मिन्
जातः सुरेतरकुले क्व तवानुकम्पा ।
न ब्रह्मणो न तु भवस्य न वै रमाया
यन्मेऽर्पितः शिरसि पद्मकरः प्रसादः ॥

हे नाथ ! को हुँ ? म रजोगुणबाट सृष्ट ।
अत्यन्त दारुण तमोगुणले विशिष्ट ॥
जन्मेँ छुचो असुरको कुलमा म नाथ !
पाएँ तथापि भगवन् ! प्रभुको प्रसाद ॥
ठान्छन् अप्राप्य जुन शंभुहरू सबैले ।
पाएँ तिनै करहरू शिरमाथि मैले ॥

(२२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैषा परावरमतिर्भवतो ननु स्या-
ज्जन्तोर्यथाऽऽत्मसुहृदो जगतस्तथापि ।
संसेवया सुरतरोरिव ते प्रसादः
सेवानुरूपमुदयो न परावरत्वम् ॥

सन्सारका जन सरी असमान भाव ।
हुन्थ्यो कहाँ हजुरमा छ समान भाव ॥
आत्मा तिमी सकलका घटभित्र टम्म ।
हुन्छौ अकारण सुहृद् प्रिय बन्धुसम्म ॥

हौ कल्पवृक्ष भगवन् ! तर नित्य सेवा ।
जो गर्छ पाउँछ उही जन नित्य मेवा ॥
बन्दैन जात अनुसार कुनै अभागी ।
सेवानुसार फलको हुन जान्छ भागी ॥

(२३)

एवं जनं निपतितं प्रभवाहिकूपे
कामाभिकाममनु यः प्रपतन्प्रसङ्गात् ।
कृत्वाऽऽत्मसात् सुरर्षिणा भगवन् गृहीतः
सोऽहं कथं नु विसृजे तव भृत्यसेवाम् ॥

सन्सार हो गहन कूप महा विशाल ।
पर्खेर बस्तछ जहाँ अहिरूप काल ॥
मौका परे सब डसीकन भस्म गर्छ ।
आसक्त मानिस सधैं यसभित्र झर्छ ॥

हे नाथ ! मै पनि परेर कुसङ्गसाथ ।
झनैं तयार म थिएँ तममा अनाथ !
पाएर आशिष महान् ऋषिको प्रसाद ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँचें, भयो पर कुसङ्गत यो फसाद ॥
तस्मात् प्रभो! म कसरी अब भक्ति छोडौं ?
सम्बन्ध भक्तसँगको कसरी म तोडौं ?

(२४)

मत्प्राणरक्षणमनन्त पितुर्वधश्च
मन्ये स्वभृत्यऋषिवाक्यमृतं विधातुम् ।
खड्गं प्रगृह्य यदवोचदसद्विधित्सु-
स्त्वामीश्वरो मदपरोऽवतु कं हरामि ॥

मेरा पिता मसँग रुष्ट भएर धेर ।
'तेरो छ को अब यहाँ तँ मरिस्' भनेर ॥
च्यापेर खड्ग करमा जब आइलागे ।
खम्बा फुट्यो सहजमा नरसिंह जागे ॥
बाँचे म भस्म हुन गो अति उग्र पाप ।
यै साथमा सफल भो ऋषिको सराप ॥

(२५)

एकस्त्वमेव जगदेतदमुष्य यत् त्व-
माद्यन्तयोः पृथगवस्यसि मध्यतश्च ।
सृष्ट्वा गुणव्यतिकरं निजमाययेदं
नानेव तैरवसितस्तदनुप्रविष्टः ॥

आद्यन्तमध्य सबमा प्रभु छौ अनेक ।
हौ ब्रह्म पूर्ण सबमा प्रभुमात्र एक ॥
माया लिएर गुणको परिणामरूप ।
लिन्छौ तिमी विविध नामसँगै स्वरूप ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो सृष्टिका समयमैं यसभित्र बस्छौं ।
लीला गरेर यसमा पछि फेरि पस्छौ ॥
तिम्रो विचित्र गुण कर्म र शक्ति नाथ !
के जान्न सक्छु बिचरो बचरो अनाथ ॥

(२६)

त्वं वा इदं सदसदीश भवांस्ततोऽन्यो
माया यदात्मपरबुद्धिरियं ह्यपार्था ।
यद् यस्य जन्म निधनं स्थितिरीक्षणं च
तद् वै तदेव वसुकालवदष्टितर्वोः ॥

देखिन्छ जो सदसदात्मकरूप दृश्य ।
यौटै तिमी सकल हौ तर छौ अदृश्य ॥
छुट्टै बसेर सबदेखि भएर भिन्न ।
हेर्छौं सबैतिर तिमी तर छौ अभिन्न ॥

आफ्नू र दूरपन हो सब भेद बुद्धि ।
हो झूट, हो अनृत, हो सब बालबुद्धि ॥
जस्बाट सृष्टि लय पालन हुन्छ खास ।
यो दृश्य विश्व उसकै सब हो प्रकाश ॥

जस्तै छ बीज रुखको अनि बोटमूल ।
हेर्दा पृथक् सरह छन् तर यो छ भूल ॥
देखिन्छ बाहिर पृथक्सरि यो असूक्ष्म ।
यौटै छ कारण दुवैतिर भूतसूक्ष्म ॥

(२७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्यस्येदमात्मनि जगद् विलयाम्बुमध्ये
शेषेऽऽत्मना निजसुखानुभवो निरीहः ।
योगेन मीलितदृगात्मनिपीतनिद्र-
स्तुर्ये स्थितो न तु तमो न गुणांश्च युङ्क्षे ॥

हे नाथ ! यो सकल विश्वसँगै लिएर ।
भित्रै स्वआत्म सुखको मदिरा पिएर ॥
सुत्छौ तिमी प्रलयका जलमा पुगेर ।
संसिद्ध योगसँग नेत्र दुवै थुनेर ॥

आफ्नू प्रकाश बलले पिइ नीदसम्म ।
बस्छौ तुरीय पदभित्र पुगेर टम्म ॥
हुन्छौ तिमी न त कहीँ तमबाट युक्त ।
हुन्छौ तिमी न त कुनै गुणले प्रयुक्त ॥

(२८)

तस्यैव ते वपुरिदं निजकालशक्त्या
सञ्चोदितप्रकृतिधर्मण आत्मगूढम् ।
अम्भस्यनन्तशयनाद् विरमत्समाधे-
र्नाभेरभूत् स्वकणिकावटवन्महाब्जम् ॥

सुत्छौ तिमी जब भई जलभित्र धीर ।
ब्रह्माण्ड यो सकल हो प्रभुको शरीर ॥
शेषाङ्कको शयनमा प्रभु भै प्रलीन ।
पाछौं चराचर सबै तममा विलीन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उठ्छौ जसै प्रलयको जलबाट नाथ !
सञ्चार हुन्छ अनि संसृति भै सनाथ ॥
संसृष्टिको समय काल लिई सहारा ।
हल्लाउँछौ प्रकृतिका गुणतत्त्व सारा ॥
यै साथमा हजुरका सरनाभिबाट !
निस्किन्छ पङ्कज लिई वटवृक्ष छाँट ॥

(२९)

तत्सम्भवः कविरतोऽन्यदपश्यमान-
स्त्वां बीजमात्मनि ततं स्वबहिर्विचिन्त्य ।
नाविन्ददब्दशतमप्सु निमज्जमानो
जातेऽङ्कुरे कथमु होपलभेत बीजम् ॥

त्यै पद्‌ममा हुनगयो अजको सुजन्म ।
पानी थियो सकल भो बहुतै अचम्म ॥
बीजात्मना जब थियौ अजभित्र टम्म ।
के बुझ्दथे सब भयो अजलाइ सम्म ॥

ठानेर बाहिर तिमीकन भै अनाथ ।
ब्रह्मा पसे कमलका नल भित्र नाथ !
खोजे पसेर बिचरा सयवर्ष सम्म ।
के भेट्तथे तर बुझे उनले अगम्य ॥
उम्रन्छ वृक्ष जब बीज समग्रबाट ।
त्यो बीज भेट्नु कसरी कुन युक्तिबाट ॥

(३०)

स त्वात्मयोनिरतिविस्मित आस्थितोऽब्जं
कालेन तीव्रतपसा परिशुद्धभावः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वामात्मनीश भुवि गन्धमिवातिसूक्ष्मं
भूतेन्द्रियाशयमये विततं ददर्श ॥

ब्रह्मा भए अतुल विस्मयबाट छक्क ।
निस्की उँभो कमल माथि बसे थपक्क ॥
लामू गरे तपस खूब भई विशुद्ध ।
त्योबाट नै हुनगए मनबुद्धि शुद्ध ॥

भो भित्र शुद्ध अनि तत्क्षण भो विचित्र ।
भूतेन्द्रियाशयमयात्मक देह भित्र ॥
देखे प्रभो ! हजुर नै सब तर्फ फेरि ।
जस्तै सु गन्ध पृथिवी भरि बस्छ घेरी ॥

(३१)

एवं सहस्रवदनाङ्घ्रिशिरःकरोरु-
नासास्यकर्णनयनाभरणायुधाढ्यम् ।
मायामयं सदुपलक्षितसंनिवेशं
दृष्ट्वा महापुरुषमाप मुदं विरिञ्चः ॥

देखे सहस्र मुख पाउ र हात माथ ।
सर्वाङ्ग सुन्दर विभूषण अस्त्र साथ ॥
ब्रह्माण्ड यो सब चराचर नाथभित्र ।
लीलात्ममूर्ति अति सुन्दरको विचित्र ॥
देखी विराट् सब चराचर नाथ खाली ।
ब्रह्मा भए अतुल हर्षित भाग्यशाली ॥

(३२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मै भवान्हयशिरस्तनुवं च बिभ्रद्
वेदद्रुहावतिबलौ मधुकैटभाख्यौ ।
हत्वाऽऽनयच्छ्रुतिगणांस्तु रजस्तमश्च
सत्त्वं तव प्रियतमां तनुमामनन्ति ॥

पैले थिए गुण रजस् तमबाट सृष्ट ।
संज्ञा थियो मधु र कैटभले विशिष्ट ॥
चोरेर वेद उनले जब भो अनाथ ।
आयौ तिमी हयमुखी अवतार साथ ॥

मारेर ती असुर वेद लगेर फेरि ।
जिम्मा दियौ अजकनै नगरेर देरी ॥
सत्त्वात्म हुन् सकल ती श्रुतिका स्वरूप ।
तिम्रो सधैँ प्रिय छ सत्त्वगुणात्मरूप ॥

(३३)

इत्थं नृतिर्यगृषिदेवझषावतारै-
र्लोकान् विभावयसि हंसि जगत्प्रतीपान् ।
धर्मं महापुरुष पासि युगानुवृत्तं
छन्नः कलौ यदभवस्त्रियुगोऽथ स त्वम् ॥

हे नाथ ! यै किसिमले प्रभुका अभिन्न ।
ध्यौता मनुष्य पशु आदि गरी विभिन्न ॥
औतार ली सुजन रक्षण दुष्ट नाश ।
गर्छौ सदैव युग धर्म तिमी प्रकाश ॥
बस्छौ लुकेर भगवन् ! तर यो कलीमा ।
भन्छन् सबै 'त्रियुग' नाम भनी तिमीमा ॥

(३४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैतन्मनस्तव कथासु विकुण्ठनाथ
सम्प्रीयते दुरितदुष्टमसाधु तीव्रम् ।
कामातुरं हर्षशोकभयैषणार्तं
तस्मिन्कथं तव गतिं विमृशामि दीनः ॥

वैकुण्ठनाथ ! मन यो छ अतीव रागी ।
संस्कार छन् कलुषयुक्त, छ पाप भागी ॥
कामी छ, खोज्दछ सधैँ धन पुत्र आदि ।
चाहन्छ लोक-परलोक भई प्रमादी ॥

तिम्रो कथा श्रवणमा रति छैन चाह ।
गर्ने कसो ? व्यथित हुन्छु सधैँ अथाह ॥
यस्तो लिएर मन कीर्तन भक्ति नाथ !
के गर्न सक्तछु भएँ अति नै अनाथ ॥

(३५)

जिह्वैकतोऽच्युत विकर्षति मावितृप्ता
शिश्नोऽन्यतस्त्वगुदरं श्रवणं कुतश्चित् ।
घ्राणोऽन्यतश्चपलदृक् क्व च कर्मशक्ति-
र्बह्व्यः सपत्न्य इव गेहपतिं लुनन्ति ॥

जिब्रो अतृप्त अति भै रसतर्फ तान्छ ।
कामार्त शिश्न अनि मैथुन तर्फ लान्छ ॥
छाला सुकोमल छुने तिर, पेट खांन ।
यो कान सङ्गीततिरै बल गर्छ जान ॥

यो नाक सुघ्न बल गर्छ सुगन्धलाई ।
सौन्दर्यमा नयन तान्छ सधैँ मलाई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मेन्द्रियादि जति छन् सब वाण हान्छन् ।
आफ्ना सबै विषयतर्फ खिचेर लान्छन् ॥

हे नाथ ! दिक्क म छु धेर छु आज खिन्न ।
तानेर यी सकलले म छु छिन्नभिन्न ॥
सम्पूर्ण यी विषय नित्य मलाइ खान्छन् ।
धेरै सपत्न्य जसरी पतिलाइ तान्छन् ॥

(३६)

एवं स्वकर्मपतितं भववैतरण्या-
मन्योन्यजन्ममरणाशनभीतभीतम् ।
पश्यञ्जनं स्वपरविग्रहवैरमैत्रं
हन्तेति पारचर पीपृहि मूढमद्य ॥

यो जीव कर्मवश वैतरणी झरेर ।
घुम्दै रहन्छ भवचक्रविषे परेर ॥
आयो गयो घुमिघुमी अनि कर्म धेर ।
भोग्दै रही तर छ यो डरले अधीर ॥

यो पार्छ शत्रु कहिले अनि मित्र फेरि ।
पार्थक्य गर्दछ सधैँभरि ठाउँ हेरी ॥
हे नाथ ! मूढ बहुतै यस जीवलाई ।
लाऊ प्रभो ! सदय पार तुरुन्त आई ॥

(३७)

को न्वत्र तेऽखिलगुरो भगवन्प्रयास
उत्तारणेऽस्य भवसम्भवलोपहेतोः ।
मूढेषु वै महदनुग्रह आर्तबन्धो
किं तेन ते प्रियजनाननुसेवतां नः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्रष्टा र पालक तिमी अनि नाशकर्ता ।
सन्सार यो सकलको प्रभु एक भर्ता ॥
उद्धार गर्न यिनको प्रभुबाट खास ।
पर्दैन गर्नु भरमग्दुरको प्रयास ॥

हे दीनबन्धु भगवन् ! अति मूढ जो छन् ।
तिम्रो दया करुणदृष्टि सदैव खोज्छन् ॥
चाहन्न मुक्ति म सधैं प्रभुभक्ति खास ।
पाएर भक्तसँग गर्न सकौं निवास ॥

(३८)

नैवोद्विजे पर दुरत्ययवैतरण्या-
स्त्वद्वीर्यगायनमहामृतमग्नचित्तः ।
शोचे ततो विमुखचेतस इन्द्रियार्थ-
मायासुखाय भरमुद्वहतो विमूढान् ॥

हे नाथ ! तर्न भववैतरणी समस्त ।
होला अभक्त विषयी कन खूब कष्ट ॥
हे नाथ ! कत्ति भय छैन म निर्भयै छु ।
तिम्रो कथा अमृत नित्य पिएर बस्छु ॥

शोच्छु प्रभो ! सकल छन् जति ती अभागी ।
टाढा तिमीसँग भई बिषयानुरागी ॥
मिथ्या लिएर सुखको सपना अपार ।
छन् दौडमा रत लिई शिरमाथि भार ॥

(३९)

प्रायेण देव मुनयः स्वविमुक्तिकामा
मौनं चरन्ति विजने न परार्थनिष्ठाः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैतान्विहाय कृपणान्विमुमुक्ष एको
नान्यं त्वदस्य शरणं भ्रमतोऽनुपश्ये ॥

धेरै जसो मुनिहरू वनमा गएर ।
गर्छन् तपश्चरण मौन सधैं रहेर ॥
जान्छन् तरेर तर दीन निमित्त खास ।
बन्छन् म ठान्दछु सधैँभरि नै उदास ॥

मेरो त हालत छ आज विचित्र नाथ !
यी दीनहीन विचरा टुहुरा अनाथ ॥
छोडेर मुक्ति कसरी हुनु, बेसहारा ।
सारा अशक्त जनका प्रभु हौ सहारा ॥

(४०)

यन्मैथुनादि गृहमेधिसुखं हि तुच्छं
कण्डूयनेन करयोरिव दुःखदुःखम् ।
तृप्यन्ति नेह कृपणा बहुदुःखभाजः
कण्डूतिवन्मनसिजं विषहेत धीरः ॥

कामी गृहस्थजन मैथुन आदि काम ।
ठान्दैन तुच्छ तर ठान्दछ सौख्यधाम ॥
यो दुःख हो सब लुतोसरिको चिलाइ ।
खोस्र्यो जहाँ उति चिलाउँछ झन् भबाइ ॥

त्यो अज्ञ हो अबुझ जो छ गृहानुसक्त ।
डुब्दो सधैं विषयभित्र भएर रक्त ॥
ज्ञानीहरू मदन या विषयादिलाई ।
बस्छन् लुतोसरि गनी पर नै हटाई ॥

(४१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौनव्रतश्रुततपोऽध्ययनस्वधर्म-
व्याख्यारहोजपसमाधय आपवर्ग्याः ।
प्रायः परं पुरुष ते त्वजितेन्द्रियाणां
वार्ता भवन्त्युत न वात्र तु दाम्भिकानाम् ॥

मौनव्रतश्रुततपादि विविक्त वास ।
हुन् मोक्षसाधन यिनै दस मार्ग खास ॥
जो छैन इन्द्रियजयी उसले त सारा ।
पार्ने छ जीवन सुचालनको सहारा ॥
दम्भीहरूकन त यो जबसम्म पोल ।
खुल्दैन बन्दछ सुसाधन झन् अमोल ॥

(४२)

रूपे इमे सदसती तव वेदसृष्टे
बीजाङ्कुराविव न चान्यदरूपकस्य ।
युक्ताः समक्षमुभयत्र विंचिन्वते त्वां
योगेन वह्निमिव दारुषु नान्यतः स्यात् ॥

वेदादिको मत छ अङ्कुर बीजरूप ।
सम्पूर्ण हौ हजुर कारण कार्यरूप ॥
हैनौ तिमी प्रकृतिनिर्मित, शुद्धरूप ।
हौ ब्रह्म अक्षर परात्पर हौ अरूप ॥

हौ शुद्ध बुद्ध तर बोधनका निमित्त ।
साकार मूर्ति पनि खोज्दछ नाथ! चित्त ॥
निस्किन्छ अग्नि जसरी मथि काठबाट ।
योगी नियाल्छ मह योगसमाधिबाट ॥

(४३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वं वायुरग्निरवनिर्वियदम्बुमात्राः
प्राणेन्द्रियाणि हृदयं चिदनुग्रहश्च ।
सर्वं त्वमेव सगुणो विगुणश्च भूमन्
नान्यत् त्वदस्त्यपि मनोवचसा निरुक्तम् ॥

हौ वायुरग्निरवनिर्वियदम्बुमात्रा ।
प्राणेन्द्रियादि मन हौ अनि हौ विधात्रा ॥
सम्पूर्ण हौ सगुण निर्गुण सृष्टियुक्त ।
वाणी सचित्त सबबाट तिमी निरुक्त ॥

(४४)

नैते गुणा न गुणिनो महदादयो ये
सर्वे मनःप्रभृतयः सहदेवमर्त्याः ।
आद्यन्तवन्त उरुगाय विदन्ति हि त्वा-
मेवं विमृश्य सुधियो विरमन्ति शब्दात् ॥

हे नाथ ! यी गुणसँगै महदादि तत्त्व ।
द्यौता, मनुष्य मन यी प्रभुको महत्त्व ॥
आद्यन्त हुन् सकल यी सब सृष्टिवन्त ।
स्रष्टा तिमी सकलका अनि आदि अन्त ॥

छन् जान्न अक्षम सबै प्रभुको स्वरूप ।
द्रष्टा तिमी सकल दृश्य तिमी अरूप ॥
ठानेर नै वचन मायिक हो अनित्य ।
ज्ञानीहरू विरम छन् यसबाट नित्य ॥

(४५)

तत् तेऽर्हत्तम नमःस्तुतिकर्मपूजाः
कर्म स्मृतिश्चरणयोः श्रवणं कथायाम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसेवया त्वयि विनेति षडङ्गया किं
भक्तिं जनः परमहंसगतौ लभेत ॥

हे नाथ ! हुन् नमसगै स्तुति कर्म अर्चा ।
लीला कथा श्रवण चिन्तन वा समर्चा ॥
यी हुन् षडङ्ग सब साधनभक्ति खास ।
छोडेर भक्ति कसरी प्रभु गर्छ वास ॥

तस्मात् नभै सफल भक्ति हुदैन मुक्ति ।
सेवाविना अति अगम्य छ फेरि भक्ति ॥
सेवा निमित्त अघि शंसित दास्ययोग ।
देऊ प्रभो ! नतर हुन्छ सधैं वियोग ॥
दिन्नौ भने परमहंस र हंसमात्र ।
बन्ने भए हजुरका प्रिय भक्तिपात्र ॥

(४६)

नारद भन्नुहुन्छ-
एतावद्वर्णितगुणो भक्त्या भक्तेन निर्गुणः ।
प्रल्हादं प्रणतं प्रीतो यतमन्युरभाषतः ॥

यसरी भक्त प्रल्हाद भक्तिले नत भैकन ।
गाई निर्गुणको गीत पसारेर सबै तन ॥
परे चरणमा पस्री नृसिंह खुश भै अति ।
उठाए शान्त भै थाले बोल्न प्रल्हादकाप्रति ॥
भागवत ७।९।५-५१

(४७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेणुगीत

श्रीशुकदेव भन्नुहुन्छ-

इत्थं शरत्स्वच्छजलं पद्माकरसुगन्धिना ।
न्यविशद् वायुना वातं सगोगोपालकोऽच्युतः ॥

राजन् ! शरद आएर देखिन्थ्यो वन सुन्दर ।
पानी थियो निकै स्वच्छ थिए पद्म मनोहर ॥
बोकी कमलको बास्ना वायु चल्थ्यो सिरीसिरी ।
ग्वालबालहरू साथ पसे त्यैं वनमा हरि ॥

(१)

कुसुमितवनराजिशुष्मिभृङ्ग-
द्विजकुलघुष्टसरःसरिन्महीध्रम् ।
मधुपतिरवगाह्य चारयन् गाः
सहपशुपालबलश्चुकूज वेणुम् ॥

फूल छन् अति नै रम्य हरिया वृक्षले युत ।
भमराहरू गुञ्जन्छन् फूलका बीच अद्भुत ॥
पक्षीहरू भई जम्मा गर्दछन् अति नै स्वर ।
जस्का कारण गुञ्जन्छ सारा प्रकृति सुस्वर ॥

यही नै बीचमा कृष्ण बल साथीहरू लिई ।
विस्तारै पस्नु भो भित्र वनमा मन त्यो दिई ॥
गाईहरू चराएर चारैतिर घुमीकन ।
छोड्नु भो बाँसुरी तान घन्कियो मोहनी धुन ॥

(२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद् व्रजस्त्रिय आश्रुत्य वेणुगीतं स्मरोदयम् ।
काश्चित् परोक्षं कृष्णस्य स्वसखीभ्योऽन्ववर्णयन् ॥

सुनेथे जब गोपीले वंशीको मोहनी ध्वनि ।
बढायो त्यसले प्रेम स्मरोदय भयो अनि ॥
गोपी आपस भेला भै कृष्णको गुणरूपको-
गर्थे वर्णन विस्तारै वंशीवादन आदिको ॥

(३)

तद् वर्णयितुमारब्धाः स्मरन्त्यः कृष्णचेष्टितम् ।
नाशकन् स्मरवेगेन विक्षिप्तमनसो नृप ॥

थालेथे जब गोपीले गर्न वर्णन कृष्णको ।
बढेर कामको वेग भयो हाल विचित्रको ॥
बढ्यो मिलनको इच्छा उडेर मन गैगयो ।
सकेनन् बोल्न गोपीले मन विक्षिप्तझैँ भयो ॥

(४)

बर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारं
विभ्रद् वासः कनककपिशं वैजयन्तीं च मालाम् ।
रन्ध्रान् वेणोरधरसुधया पूरयन् गोपवृन्दै-
र्वृन्दारण्यं स्वपदरमणं प्राविशद् गीतकीर्तिः ॥

कृष्णले शिरमा टोपी लाई मयूरपुच्छको ।
लिएका नटको वेश देख्तैखेरी विचित्रको ॥
कानमा चाँपको फूल पीताम्बर शरीरमा ।
छ माला वैजयन्तीको लगाएको सुकण्ठमा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँसुरी छिद्रमा भर्दै अधरामृतको रस ।
गोपले गाईंदै सारा आफ्ना सत्कर्मको यश ॥
वैकुण्ठ धामझैं रम्य त्यो वृन्दावन धाममा ।
प्रवेश गर्नुभो कृष्ण साथी र दाजु साथमा ॥

(५)

इति वेणुरवं राजन् सर्वभूतमनोहरम् ।
श्रुत्वा व्रजस्त्रियः सर्वा वर्णयन्त्योऽभिरेभिरे ॥

फैलियो वेणुको शब्द जब सर्वत्र गैकन ।
लट्ठिए लट्ठ भै त्यल्ले सम्पूर्ण जडचेतन ॥
सुनेर गोपिनी सारा अति मुग्ध भईकन ।
थाले वर्णन विस्तारै गर्न सारा दिई मन ॥
गर्दै वर्णन ती गोपी कृष्णमै भई तन्मय ।
कल्पनालोकमा थाले अँगालो हाल्न निर्भय ॥

(६)

गोपिनीहरू भन्छन्–
अक्षण्वतां फलमिदं न परं विदामः
सख्यः पशूननु विवेशयतोर्वयस्यैः ।
वक्त्रं व्रजेशसुतयोरनुवेणु जुष्टं
यैर्वा निपीतमनुरक्तकटाक्षमोक्षम् ॥

आँखा हुनू सफल यै छ अवश्य जान ।
योदेखि छैन अरु उत्तम वस्तु मान ॥
साथी र दाजुसँग भै पशु ली समस्त ।
पस्छन् हरि क्रमसँगै व्रजभित्र सुस्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वंशी छ चट्ट मुखमा जसको निवेश।
हेर्छन् घुमेर हरि दृष्टि दिई विशेष ॥
गोपी यहाँ सहजमा जति छौं समस्त।
गर्छौं खुला अधर पान भएर मस्त ॥

(७)

चूतप्रवालबर्हस्तबकोत्पलाब्ज-
मालानुपृक्तपरिधानविचित्रवेषौ।
मध्ये विरेजतुरलं पशुपालगोष्ठ्यां
रङ्गे यथा नटवरौ क्व च गायमानौ ॥

आम्रादिका नव पलाससँगै सुरम्य।
नाना थरी सुमनमाल्य भिरेर रम्य ॥
श्रीकृष्णसाथ बलले पहिरी विशेष।
नानाथरी वसनयुक्त विचित्र वेष ॥

बस्छन् दुवै सकलका बीच फूर्ति साथ।
फुक्छन् विचित्र मुरली धुन सप्त साथ ॥
हे मित्र! लाग्दछ दुवै जन दाजुभाइ।
छन् मञ्चमा नटसरी कि त? गीत गाई ॥

(८)

गोप्यः किमाचरदयं कुशलं स्म वेणु-
र्दामोदराधरसुधामपि गोपिकानाम्।
भुङ्क्ते स्वयं यदवशिष्टरसं ह्रदिन्यो
हृष्यत्त्वचोऽश्रुमुमुचुस्तरवो यथाऽऽर्याः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे मित्र हो ! कुन सुकर्म गरेर हेर ।
यो वेणुले अधरको रस आज धेर ॥
प्यूँदो छ आज हरिको, सब भाग हाम्रो ।
छाड्दैन रत्तिभर लाग्छ निकै नराम्रो ॥

यो वेणु सिञ्चित गरी ह्रदिनी समस्त ।
छन् दङ्ग पङ्कज दिई हरिमा प्रशस्त ॥
यी आर्यझैँ रुख गरीकन अश्रुपात ।
अत्यन्त छन् मुदित सम्झिन गै स्वजात ॥

(९)

वृन्दावनं सखि भुवो वितनोति कीर्तिं
यद् देवकीसुतपदाम्बुजलब्धलक्ष्मि ।
गोविन्दवेणुमनु मत्तमयूरनृत्यं
प्रेक्ष्याद्रिसान्वपरतान्यसमस्तसत्वम् ॥

वृन्दावनै पनि सखी ! परलोकसम्म ।
फैलाउँदो छ शुभ कीर्ति छ यै अचम्म ॥
श्रीकृष्णका चरणचिन्हित भै अजस्र ।
शोभा बढाउँछ सधैँ यसले सहश्र ॥

श्रीकृष्णले जब चराचर मोहकारी ।
फुक्छन् सुरम्य मुरलीधुन छक्क पारी ॥
नाच्छन् मयूर हरिकासँग भै प्रमत्त ।
छन् पर्वतीय पशु ती धुनसाथ मस्त ॥

(१०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्याः स्म मूढमतयोऽपि हरिण्य एता
या नन्दनन्दनमुपात्तविचित्रवेषम् ।
आकर्ण्य वेणुरणितं सहकृष्णसाराः
पूजां दधुर्विरचितां प्रणयावलोकैः ॥

ती धन्य छन् हरिणका गृहिणी समस्त ।
मूढै भएर पनि छन् हरि साथ मस्त ॥
ती बाँसुरी धुन सुनीकन कान्तसाथ ।
जान्छन् उनै नगिचमा अति भै सनाथ ॥

प्रेमार्द्र भै नयनले हरितर्फ हेर्छन् ।
पूजा समर्हण सबै क्रमसाथ गर्छन् ॥
हे मित्र हो ! पशु भए पनि धन्य ती छन् ।
श्रीकृष्णमै मन दिई पतिसाथ बस्छन् ॥

(११)

कृष्णं निरीक्ष्य वनितोत्सवरूपशीलं
श्रुत्वा च तत्क्वणितवेणुविचित्रगीतम् ।
देव्यो विमानगतयः स्मरनुन्नसारा
भ्रश्यत्प्रसूनकबरा मुमुहुर्विनीव्य ॥

देखेर कृष्ण वनितोत्सवरूपरास ।
साथै सुनेर मुरली धुन गीत खास ॥
नारी विमानभरका मदनाभितप्त ।
खुस्की जुरो वसन छन् सब उग्र शप्त ॥

(१२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गावश्च कृष्णमुखनिर्गतवेणुगीत-
पीयूषमुत्तभितकर्णपुटैः पिबन्त्यः ।
शावाः स्नुतस्तनपयःकवलाःस्म तस्थु-
र्गोविन्दमात्मनिदृशाश्रुकलाः स्पृशन्त्यः ॥

गाईहरू हरिमुखाश्रित वेणुजात ।
पीयूषझैँ पिउँदछन् दुई कानबाट ॥
बाछाहरू स्तन चुसी मुखमै लिएर ।
हेर्छन् मुकुन्दकन आँशुसँगै पिएर ॥

(१३)

प्रायो बताम्ब विहगा मुनयो वनेऽस्मिन्
कृष्णोक्षितं तदुदितं कलवेणुगीतम् ।
आरुह्य ये द्रुमभुजान् रुचिरप्रवालान्
श्रृण्वन्त्यमीलितदृशो विगतान्यवाचः ॥

यो ठाउँमा सुन सखी ! खगरूपधारी ।
बस्छन् ठुला मुनिहरू वनका विहारी ॥
बस्छन् चढी रुख जहाँ नव पालुवा छन् ।
छोडेर बोल्न अनिमेष ती वेणु सुन्छन् ॥

(१४)

नद्यस्तदा तदुपधार्य मुकुन्दगीत-
मावर्तलक्षितमनोभवभग्नवेगाः ।
आलिङ्गनस्थगितमूर्मिभुजैर्मुरारे-
र्गृण्हन्ति पादयुगलं कमलोपहाराः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णको मधुर वेणु सुनेर छक्क ।
पर्दै समग्र सरिता अडिएर टक्क ॥
पक्रेर पाउ हरिका अति भक्तिसाथ ।
पूज्छन् लिई कमलपुष्प भई सनाथ ॥

(१५)

दृष्ट्वाऽऽतपे व्रजपशून् सह रामगोपैः
सञ्चारयन्तमनु वेणुमुदीरयन्तम् ।
प्रेमप्रवृद्ध उदितः कुसुमावलीभिः
सख्युर्व्यधात् स्ववपुषाम्बुद आतपत्रम् ॥

मध्याण्हमा हरिसँगै बल गोपबाल ।
हिँड्छन् फुकेर मुरली धुन मस्त चाल ॥
देखेर घर्मपरितप्त उँभो गएर ।
छाया दियो जलदले छतरी भएर ॥
प्रेमार्द्र भै कुसुमझैँ जल नै चढाई ।
आफैँ समर्पित भयो घन जो रमाई ॥

(१६)

पूर्णाः पुलिन्द्य उरुगायपदाब्जराग-
श्रीकुङ्कुमेन दयितास्तनमण्डितेन ।
तद्दर्शनस्मररुजस्तृणरूषितेन
लिम्पन्त्य आननकुचेषु जहुस्तदाधिम् ॥

यी भिल्लिनी वनचरी पनि कृष्णलाई-
देखेर छन् तृषितझैँ हरि भेट्नलाई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपाङ्गनाक्षरित कुम्कुमयुक्त घाँस ।
छोएर कृष्ण पदले छ विशुद्ध खास ॥
सोही दली हृदयको स्मर आधिलाई ।
पार्छन् निको वनचरी बिचरी रमाई ॥

(१७)

हन्तायमद्रिरबला हरिदासवर्यो
यद् रामकृष्ण चरणस्पर्शप्रमोदः ।
मानं तनोति सहगोगणयोस्तयोर्यत्
पानीयसूयवसकन्दरकन्दमूलैः ॥

लौ हेर आज अबला सबले मिलेर ।
यो सौम्य पर्वत छ मस्त सरी फुलेर ॥
यो अद्रि राम हरिका पद चुम्न पाई ।
अत्यन्त नै मुदित भो सँगमा रमाई ॥

यो भाग्यवन्त हरिको अति मुख्य दास ।
गर्दो छ मान सबको नभई उदास ॥
यो दिन्छ घाँस जल औ फल कन्दमूल ।
विश्राम निम्ति छ गुफा लहार छ झूल ॥

(१८)

गा गोपकैरनुवनं नयतोरुदार-
वेणुस्वनैः कलपदैस्तनुभृत्सु सख्यः ।
अस्पन्दनं गतिमतां पुलकस्तरूणां
निर्योगपाशकृतलक्षणयोर्विचित्रम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खुट्टे र पाश दुइटै शिरमा लपेटी ।
गाईहरू वनवनै क्रमले लखेटी ॥
हिंड्छन् सँगै हरि र राम ली गोपबाल ।
फुक्तै सुरम्य मुरलीधुन, मस्त चाल ॥

देखेर जङ्गमहरू जड तुल्य बन्छन् ।
रोमाञ्च भै जडहरू सब चल्न थाल्छन् ॥
हे मित्र हो ! कति गरौँ यसको बयान ।
जादू भनेर मुरलीधुन नित्य जान ॥

(१९)

एवं विधा भगवतो या वृन्दावनचारिणः ।
वर्णयन्त्यो मिथो गोप्यः क्रीडास्तन्मयतां ययुः ॥

हे राजन् ! यसरी कृष्ण वृन्दावन सधैँ घुमी ।
लीला गर्थे थरीथरी खेल्थे मानिसझैँ रमी ॥
गर्दथे तिनकै चर्चा गोपी आपसमा जब ।
झल्कन्थे चित्तमा लीला हुन्थे तन्मय ती सब ॥

(२०)

भागवत १०।२१।१-२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रणयगीत

गोपिनीहरू भन्छन्–

मैवं विभोऽर्हति भवान् गदितुं नृशंसं
संत्यज्य सर्वविषयांस्तव पादमूलम् ।
भक्ता भजस्व दुरवग्रह मा त्यजास्मान्
देवो यथाऽऽदिपुरुषो भजते मुमुक्षून् ॥

यस्तो कठोर नहुनोस् यदुनाथ ! ऐले ।
आयौं गृहस्थ अब बिर्सन गै सबैले ॥
माया नमार सब हौं अति भक्त हामी ।
विश्वेशझैं बन तिमी प्रभुधर्म थामी ॥

(१)

यत्पत्यपत्यसुहृदामनुवृत्तिरङ्ग
स्त्रीणां स्वधर्म इति धर्मविदा त्वयोक्तम् ।
अस्त्वेवमेतदुपदेश पदे त्वयीशे
प्रेष्ठो भवांस्तनुभृतां किल बन्धुरात्मा ॥

स्त्रीधर्म हो घर बसी पतिको सुसार–
गर्नू अपत्यसगमा सबको बिचार ॥
धर्मज्ञ हौ सब भन्यौ तर बन्धु आत्मा ।
हौ साक्ष्य लक्ष्य सबका प्रिय अन्तरात्मा ॥

(२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुर्वन्ति हि त्वयि रतिं कुशलाः स्व आत्मन्
नित्यप्रिये पतिसुतादिभिरार्तिदैः किम् ।
तन्नः प्रसीद परमेश्वर मा स्म छिन्द्या
आशां भृतां त्वयि चिरादरविन्दनेत्र ॥

आत्मा तिमी सकलका सुखका स्वरूप ।
पुत्रादि हुन् सकल दुःखद दुःखरूप ॥
हे नाथ ! हौ खुस तिमी सबमा क्रमैले ।
आशालता नगर छिन्न र भिन्न ऐले ॥

(३)

चित्तं सुखेन भवतापहृतं गृहेषु
यन्निर्विशत्युत करावपि गृह्यकृत्ये ।
पादौ पदं न चलतस्तव पादमूलात्
यामः कथं व्रजमथो करवाम किं वा ॥

चोर्‍यौ सुटुक्क मन यो घरबाट ऐले ।
पुत्रादिमा रत थियो पहिले मजैले ॥
जाऊँ भने घर हरे ! जडझैं छ पाउ ।
चल्दैन जानु कसरी अब लौ बताऊ ॥

(४)

सिञ्चाङ्ग नस्त्वदधरामृतपूरकेण
हासावलोककलगीतजहृच्छयाग्निम् ।
नो चेद् वयं विरहजाग्न्युपयुक्तदेहा
ध्यानेन याम पदयोः पदविं सखे ते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रा यिनै मधुर चाल र हास्यबाट ।
सन्तप्त यो हृदय भो विरहाग्निबाट ॥
आगो निभाउ अधरामृत नै छरेर ।
ध्यानस्थ भै नतर ता मिलुँला मरेर ॥

(५)

यर्ह्यम्बुजाक्ष तव पादतलं रमाया
दत्तक्षणं क्वचिदरण्यजनप्रियस्य ।
अस्प्राक्ष्म तत्प्रभृति नान्यसमक्षमङ्ग
स्थातुं त्वयाभिरमिता बत पारयामः ॥

छोडेर आश्रितरमा पनि आज खास ।
गर्छौ अरण्यजनका सँगमा निवास ॥
हामी भयौँ सहचरी जब नाथसाथ ।
जाँदैन यो मन कतैतिर भै अनाथ ॥

(६)

श्रीर्यत्पदाम्बुजरजश्चकमे तुलस्या
लब्ध्वापि वक्षसि पदं किल भृत्यजुष्टम् ।
यस्याः स्ववीक्षणकृतेऽन्यसुरप्रयास-
स्तद्वद् वयं च तव पादरजः प्रपन्ना ॥

लक्ष्मी निमित्त सुर छन् सब नित्य दास ।
श्रीविष्णुका हृदयमा छ रमानिवास ॥
छोडेर हृत् तर रमा चरणाभिलाषी-
छन्, छौँ तिनै चरणका सब आज दासी ॥

(७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तन्नः प्रसीद वृजिनार्दन तेऽङ्घ्रिमूलं
प्राप्ता विसृज्य वसतीस्त्वदुपासनाशाः ।
त्वत्सुन्दरस्मितनिरीक्षणतीव्रकाम-
तप्तात्मनां पुरुषभूषण देहि दास्यम् ॥

छोडी सबै स्वजन सम्झिइ एक नाथ ।
आयौँ प्रभो ! शरणमा अति भक्तिसाथ ॥
तिम्रो हँसाइ र निरीक्षणबाट सारा ।
मर्नै भयौँ अब दिनोस् पदको सहारा ॥

(८)

वीक्ष्यालकावृतमुखं तव कुण्डलश्री
गण्डस्थलाधरसुधं हसितावलोकम् ।
दत्ताभयं च भुजदण्डयुगं विलोक्य
वक्षः श्रियैकरमणं च भवाम दास्यः ॥

देखेर सुन्दर मुखश्री सुरम्य गाला ।
हाँसो विछट्ट रसिलो अति मस्त चाला ॥
रक्षार्थ बाहु र रमाहृदयाधिवासी ।
हामी भयौँ चरणका अब नित्य दासी ॥

(९)

का स्त्र्यङ्ग ते कलपदायतमूर्च्छितेन
सम्मोहिताऽऽर्य चरितान्न चलेत्त्रिलोक्याम् ।
त्रैलोक्यसौभगमिदं च निरीक्ष्य रूपं
यद् गोद्विजद्रुममृगाः पुलकान्यबिभ्रन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रो विचित्र मनमोहक वेणुनाद ।
सुन्दै चढ्यो मृगचरातरुमा प्रमाद ॥
त्यै नादले मन लियो अनि लाज शर्म ।
जोगाउनै कठिन भो अब आर्यधर्म ॥

(१०)

व्यक्तं भवान् व्रजभयार्तिहरोऽभिजातो
देवो यथाऽऽदिपुरुषः सुरलोकगोप्ता ।
तन्नो निधेहि करपङ्कजमार्तबन्धो
तप्तस्तनेषु च शिरस्सु च किङ्करीणाम् ॥

जन्म्यौ तिमी व्रजहुँदो भय हर्नलाई ।
जस्तो छ ढुक्क सुरलोक उपेन्द्र पाई ॥
हे कृष्ण ! लौन सदयी बन यो घरीमा ।
सन्तप्त छौँ अब दया गर किङ्करीमा ॥

(११)

श्रीशुकदेव भन्नुहुन्छ-

इति विक्लवितं तासां श्रुत्वा योगेश्वरेश्वरः ।
प्रहस्य सदयं गोपीरात्मारामोऽप्यरीरमत् ॥

अति व्याकुलता साथ गाएथे गोपीले जब ।
पग्लियो कृष्णको चित्त हाँसेर देखिए तब ॥
आत्माराम आत्मकाम गोपिनीसँग ती तर ।
गर्न थाले स्वयं क्रीडा आफैँ योगेश्वरेश्वर ॥

भागवत १०।२९।३१-४२

(१२)

✲

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपीगीत

गोपिनीहरू भन्छन्-

जयति तेऽधिकं जन्मना व्रजः श्रयत इन्दिरा शश्वदत्र हि ।
दयित दृश्यतां दिक्षु तावकास्त्वयि धृतासवस्त्वां विचिन्वते ॥

तिम्रो नै जन्मले गर्दा व्रज भो अति सुन्दर ।
छोडी वैकुण्ठ ती लक्ष्मी यहीं बस्छिन् निरन्तर ॥
हे कृष्ण ! गोपिनी हामी तिम्रो चरणमा सदा ।
अर्पेर प्राण यो हाम्रो घुमेका छौं यताउता ॥

(१)

शरदुदाशये साधुजातसत्सरसिजोदरश्रीमुषा दृशा ।
सुरतनाथ तेऽशुल्कदासिका वरद निघ्नतो नेह किं वधः ॥

तिम्रा कमलका जस्ता आँखा छन् अति सुन्दर ।
तिनै आँखा घुमाएर हामीलाई निरन्तर ॥
गर्छौं घायल हे कृष्ण ! तिमी निष्ठुरझैं बनी ।
हामी अक्रीत दासी हौं जस्तै हेलाँ गरे पनि ॥

(२)

विषजलाप्ययाद्व्यालराक्षसाद्वर्षमारुताद्वैद्युतानलात् ।
वृषमयात्मजाद्विश्वतोभयादृषभ ते वयं रक्षिता मुहुः ॥

हे कृष्ण ! तिमीले सारै विषाक्तयमुनाजल-
बाट हाम्रो गऱ्यौ रक्षा, सहयोगी थिए बल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजिङ्गर थियो दैत्य त्यसको मुखमा पसी ।
मर्ने थियौं सबै हामी बचायौ पटुका कसी ॥
हटायौ इन्द्रको वर्षा डँडेलो बिजुली भय ।
आँधी वृषभव्योमादि गर्‍यौ राक्षसको क्षय ॥
यसरी व्रजवासीमा आएका सब सङ्कट ।
बारम्बार गर्‍यौ दूर बनायौ सब नै चट ॥

(३)

न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक् ।
विखनसार्थितो विश्वगुप्तये सख उदेयिवान् सात्वतां कुले ॥

तिमी ता हे प्रभो ! हैनौ यशोदानन्द केवल ।
सबैका चित्तमा बस्ने साक्षी हौ अति निर्मल ॥
भूभार हर्नका लागि ब्रह्माको प्रार्थना सुनी ।
आएर व्रजमा जन्म्यौ तिमी मानिसझैँ बनी ॥

(४)

विरचिताभयं वृष्णिधुर्य ते चरणमीयुषां संसृतेर्भयात् ।
करसरोरुहं कान्त कामदं शिरसि धेहि नः श्रीकरग्रहम् ॥

यदुका पति हे कृष्ण ! भक्तका मनको सब-
अभिलाषा पूरा गर्छौ दिई ऐश्वर्य वैभव ॥
मर्ने र जन्मने चक्रबाट छुट्ने लिई मन ।
कोही चरणमा आए दिन्छौ शरण तत्क्षण ॥

सबैको कामना पूर्ण गर्ने हे जगदीश्वर !
बाँचेका छौं तिमी सम्झी तिम्रो लिई सधैं भर ॥
लक्ष्मीका हात पक्रेका तिम्रा कमलझैँ कर ।
हाम्रो यो शिरमा राख हे कान्त ! लौ दया गर ॥

(५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रजजनार्तिहन् वीर योषितां निजजनस्मयध्वंसनस्मित ।
भज सखे भवत्किङ्करीः स्म नो जलरुहाननं चारु दर्शय ॥

हे बीर ! व्रजवासीको सारा सङ्कट मास्तछौ ।
प्रेमीको गर्व नासिन्छ मुसुक्क जब हाँस्तछौ ॥
हामी हौं किङ्करी तिम्रा हामीमाथि दया गर ।
देखाऊ श्याम ! त्यो तिम्रो साँवलो मुख सुन्दर ॥

(६)

प्रणतदेहिनां पापकर्शनं तृणचरानुगं श्रीनिकेतनम् ।
फणिफणार्पितं ते पदाम्बुजं कृणु कुचेषु नः कृन्धि हृच्छयम् ॥

लक्ष्मीले गर्दछिन् वास भक्तका पाप नास्तछन् ।
तिम्रा चरण ती कृष्ण बाछाका पछि लाग्दछन् ॥
सर्पका शिरमा राख्ने तिम्रा चरण सुन्दर ।
तिम्रै विरहले तप्त छातीमा राख सत्वर ॥

(७)

मधुरया गिरा वल्गुवाक्यया बुधमनोज्ञया पुष्करेक्षण ।
विधिकरीरिमा वीर मुह्यतीरधरसीधुनाऽऽप्याययस्व नः ॥

तिम्रा वचनमा कृष्ण ! पीयूषबिन्दु खस्तछन् ।
तिम्रा मधुरिमायुक्त वाणीले बुध मस्त छन् ॥
त्यही मधुर वाणीको रसास्वादनले गरी ।
भयौं मोहित हे नाथ ! हामी हौं सब किङ्करी ॥
तिम्रो अमृतझैं मीठो दिई अधरको रस ।
बचाऊ अब हे कृष्ण ! तिम्रा नै सब छौं वश ॥

(८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तव कथामृतं तप्तजीवनं कविभिरीडितं कल्मषापहम् ।
श्रवणमङ्गलं श्रीमदाततं भुवि गृणन्ति ते भूरिदा जनाः ॥

तिम्रो सत्कीर्तिको गाथा ठूला कवि सुनाउँछन् ।
सारा पाप पखालिन्छन् जसले नित्य गाउँछन् ॥
मनको ताप नासिन्छ सुन्दा मङ्गल छाउँछ ।
दानीमा श्रेष्ठ नै त्यै हो जल्ले सत्कीर्ति गाउँछ ॥

(९)

प्रहसितं प्रिय प्रेमवीक्षणं विहरणं च ते ध्यानमङ्गलम् ।
रहसि संविदो या हृदिस्पृशः कुहक नो मनः क्षोभयन्ति हि ॥

पहिले लोभिने तिम्रो हाँसो विविध खेलको ।
बस्थ्यौं ध्यान गरी, मान्थ्यौं आनन्द अति नै निको ॥
विस्तारै भो चिनाजानी एकान्तमा कुरा भयो ।
भित्रै छुने गर्‍यौं ठट्टा प्रेम गाढा हुँदै गयो ॥
हे कप्टी ! अहिले हामी सम्झिएर तिनै सब ।
विक्षुब्ध मन पारेर बसेका छौं भई शव ॥

(१०)

चलसि यद् व्रजाच्चारयन् पशून् नलिनसुन्दरं नाथ ते पदम् ।
शिलतृणाङ्कुरैः सीदतीति नः कलिलतां मनः कान्त गच्छति ॥

घुम्दछौ वनमा कृष्ण ! साथीपशुसँगै भई ।
तिम्रा कमलझैं पाउ काँडामा पर्दछन् गई ॥
तिमीले कष्ट जो भोग्छौ हाम्रो यो चित्त दुख्तछ ।
मुटुको ढुक्ढुकी हाम्रो साँच्चै हे कान्त ! रुक्तछ ॥

(११)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनपरिक्षये नीलकुन्तलैर्वनरुहाननं बिभ्रदावृतम् ।
घनरजस्वलं दर्शयन् मुहुर्मनसि नः स्मरं वीर यच्छसि ॥

साँझमा घर फर्कन्छौ धूलाले ढकमक्क भै ।
तिम्रा ती केश लड्कन्छन् मुखमा झकमक्क भै ॥
त्यही अद्‌भुत जादूले हे वीर ! चित्त तान्दछ ।
तिम्रो मिलनको इच्छा मुटुमा बाण हान्दछ ॥

(१२)

प्रणतकामदं पद्मजार्चितं धरणिमण्डनं ध्येयमापदि ।
चरणपङ्कजं शन्तमं च ते रमण नः स्तनेष्वर्पयाधिहन् ॥

भक्तका कल्पतरु हुन् तिम्रा कोमल पाउ ती ।
तिनै चरणमा बस्छिन् लक्ष्मी आएर सम्प्रति ॥
धर्तीका गहना हुन् ती, ती हुन् अन्तिम उत्सव ।
राख हे प्रिय ! ती पाउ हाम्रा हृदयमा अब ॥

(१३)

सुरतवर्धनं शोकनाशनं स्वरितवेणुना सुष्ठु चुम्बितम् ।
इतररागविस्मारणं नृणां वितर वीर नस्तेऽधरामृतम् ॥

हे वीर ! सुखको वृद्धि शोकको नाश गर्दछ ।
सुरिलो धुनको वंशी सधैँ चुम्बन गर्दछ ॥
मान्छेको बाहिरी राग जसले चूर्ण गर्दछ ।
अधरामृत हे कृष्ण ! आज त्यै दिनु पर्दछ ॥

(१४)

अटति यद् भवानन्हि काननं त्रुटिर्युगायते त्वामपश्यताम् ।
कुटिलकुन्तलं श्रीमुखं च ते जड उदीक्षतां पक्ष्मकृद् दृशाम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनमा जब हे कृष्ण ! जान्छौ गाई लिई तरी ।
तिम्रो बिछोडमा कृष्ण ! क्षण हुन्छ युगौं सरी ॥
साझमा जब फर्कन्छौ व्रजमा श्यामसुन्दर ।
आँखाले पिउँझैं गर्छन् परेला झिम्किने तर ॥
बनायो जसले आँखा परेला झिम्किने गरी ।
ब्रह्माजी मूर्ख हुन् सारै ठगियौं यसमै परी ॥

(१५)

पतिसुतान्वयभ्रातृबान्धवानतिविलङ्घ्य तेऽन्त्यच्युतागताः ।
गतिविदस्तवोद्गीतमोहिताः कितव योषितः कस्त्यजेन्निशि ॥

पति छोरा सुहृद् बन्धु सारा छोडेर निर्भय ।
तिम्रै शरणमा आयौं ठानी अन्तिम आश्रय ॥
तिम्रो चाल सबै बुझ्छौं लट्ठ छौं प्रभु नै सित ।
रातमा कसले छोड्छ ? तिमी बाहेक योषित ॥

(१६)

रहसि संविदं हृच्छयोदयं प्रहसिताननं प्रेमवीक्षणम् ।
बृहदुरः श्रियो वीक्ष्य धाम ते मुहुरतिस्पृहा मुह्यते मनः ॥

एकान्तमा सधैं कृष्ण ! ठट्टाले मन तान्दछौ ।
हामी हौं प्रेयसी तिम्रा सारा रहस्य जान्दछौं ॥
तिम्रो विशाल छाती त्यो लक्ष्मीको वास लाग्दछ ।
यसैकारणले हाम्रो लालसा नित्य जाग्दछ ॥

(१७)

व्रजवनौकसां व्यक्तिरङ्ग ते वृजिनहन्त्र्यलं विश्वमङ्गलम् ।
त्यज मनाक् च नस्त्वत्स्पृहात्मनां स्वजनहृद्रुजां यन्निषूदनम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रो त्यो व्यक्तिले कृष्ण ! वनैया जनको सब ।
दुःखताप हटाएर दिन्छ मङ्गल उत्सव ॥
हाम्रो हृदयमा तिम्रो बढ्दो छ लालसा अति ।
नछोड अहिले नाथ ! हाम्रो छैन अरू गति ॥
देऊ औषधि हे कृष्ण ! तिम्रा स्वजनको सब-
नासियोस् मुटुको रोग दया गर तिमी अब ॥

(१८)

यत्ते सुजातचरणाम्बुरुहं स्तनेषु भीताः शनैः प्रिय दधीमहि कर्कशेषु ।
तेनाटवीमटसि तद् व्यथते न किंस्वित्कूर्पादिभिर्भ्रमति धीर्भवदायुषां नः ॥

तिम्रा कोमल ती पाउ डराइकन हे हरि !
हाम्रा कठोर छातीमा राख्तछौँ सुस्तसुस्तरी ॥
तिनै कोमल पाउले घुम्दछौ नित्य कानन ।
पाषाण आदि बिभ्लान् कि ! भनी तर्सिन्छ यो मन ॥
भागवत १०।३१।१-१९

(१९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युगलगीत

श्रीशुकदेव भन्नुहुन्छ-

गोप्यः कृष्णे वनं याते तमनुद्रुतचेतसः ।
कृष्णलीलाः प्रगायन्त्यो निन्युर्दुःखेन वासरान् ॥

प्रत्येक दिन गोविन्द गाई हेर्न गएपछि ।
गोपिनीजनको चित्त लाग्दथ्यो कृष्णकै पछि ॥
गाएर कृष्णकै लीला गरेर कृष्णचिन्तन ।
गोपिनीजनले काट्थे आफ्ना ती दुःखका दिन ॥

(१)

गोपिनीहरू भन्दछन्-

वामबाहुकृतवामकपोलो वलिगतभ्रुरधरार्पितवेणुम् ।
कोमलाङ्गुलिभिराश्रितमार्गं गोप्य ईरयति यत्र मुकुन्दः ॥

साथी हो ! कृष्णले आफ्नो देब्रे गालो लगीकन ।
देब्रे नै हातका माथि राखी बाङ्गो गरी तन ॥
आँखीभुईं नचाएर बाँसुरी ओठका मुनि ।
लगी जोडेर विस्तारै औंलाले प्वाल ती थुनी ॥
दिव्य त्यो मुरली फुक्छन् निकाली मोहनी ध्वनि ।
सुनेर वेणुको शब्द लट्टिन्छन् देवता पनि ॥

(२)

व्योमयानवनिताः सह सिद्धैर्विस्मितास्तदुपधार्य सलज्जाः ।
काममार्गणसमर्पितचित्ताःकश्मलं ययुरपस्मृतनीव्यः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्योममा सिद्धका पत्नी सिद्धका साथ आउँछन् ।
सुनेर मोहनी तान आफैंसँग हराउँछन् ॥
पतिसाथ हुँदै यस्तो देखेर चित्तको दशा ।
भुतुक्कै लाजले हुन्छन् लागेर कामको नशा ॥
बेहोस क्षणमै हुन्छन् थाहसुद्धि सबै गई ।
लाएका कपडा खस्छन् कामले खुकुला भई ॥

(३)

हन्त चित्रमबलाः श्रृणुतेदं हारहास उरसि स्थिरविद्युत् ।
नन्दसूनुरयमार्तजनानां नर्मदो यर्हि कूजितवेणुः ॥

अबला मित्र हो ! यौटा आश्चर्यको कुरा सुन ।
नन्दका पुत्रले छोड्छन् जब बाँसुरीको धुन ॥
दुःखीको दुःख नासिन्छ विरही जन हाँस्तछन् ।
प्राणको हुन्छ सञ्चार मृतमानिस बाँच्तछन् ॥
कृष्णाको उरमा झुल्ने श्रीवत्स बीचमा बसी ।
देखिन्छ स्थिर विद्युत्झैं कृष्णाको मोहनी हँसी ॥

(४)

वृन्दशो व्रजवृषा मृगगावो वेणुवाद्यहृतचेतस आरात् ।
दन्तदष्टकवला धृतकर्णा निद्रिता लिखितचित्रमिवासन् ॥

सुनेर वेणुको नाद अति आकृष्ट भै मन ।
बथान मृग गाई र साँढे समीप गैकन ॥
ठाडा कान गरी घाँस च्यापेर मुखमा सब ।
लेखेका चित्र वा निद्रा परेझैं देखिने अब ॥

(५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बर्हिणस्तबकधातुपलाशैर्बद्धमल्लपरिबर्हविडम्बः ।
कर्हिचित् सबल आलि स गोपैर्गाः समाह्वयति यत्र मुकुन्दः ॥

साथी हो ! जब ती कृष्ण मयुरपङ्खनिर्मित ।
शिरमा लाउँछन् टोपी फूल पल्लवले युत ॥
विभिन्न रङ्गले आफ्नो शरीर सब पोत्तछन् ।
देखिन्छन् मानु ती कृष्ण ठूला पहलवान हुन् ॥
साथी र दाजुका साथ जहाँ नाम लिईकन ।
बोलाउँछन् सबै गाई बजाई बाँसुरी धुन ॥

(६)

तर्हि भग्नगतयः सरितो वै तत्पदाम्बुजरजोऽनिलनीतम् ।
स्पृहयतीर्वयमिवाबहुपुण्याः प्रेमवेपितभुजाः स्तिमितापः ॥

साथी हो ! जसरी हामी रोकिन्छौं तीनछक्क भै ।
रोकिन्छ जलको वेग त्यसै गरेर टक्क भै ॥
कृष्णको पदको धूलो हावासँग उडीकन ।
आएर जलमा पर्ला हौंला कृतार्थ तत्क्षण ॥

भन्ने आशा लिई हेर ! नदी रोकी सबै गति ।
भई टक्क अडेका छन् तर ती पनि सम्प्रति ॥
हामीजस्तै अभागी छन् पाएर कृष्णसङ्गम ।
हाम्रा हातहरू हुन्छन् जसोरी जड अन्तिम ॥
त्यसैगरी नदी आफ्ना तरङ्गमय ती कर ।
उचाल्छन् छुन ती कृष्ण स्थिर बन्छन् कठै तर ॥

(७)

अनुचरैः समनुवर्णितवीर्य आदिपूरुष इवाचलभूतिः ।
वनचरो गिरितटेषु चरन्तीर्वेणुनाऽऽह्वयति गाः स यदा हि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो ऐश्वर्यले युक्त भगवान् विष्णुको जय ।
देवता सबले गर्छन् भएर अति निर्भय ॥
ग्वाला पनि त्यसै गर्छन् कृष्णाको स्तुतिकीर्तन ।
लीलासामर्थ्यको गर्छन् खुशी भै नित्य गायन ॥
श्रीकृष्ण वनमा चर्दै रहेका गौहरू सब ।
डाक्तुहुन्छ गरी प्रेम बजाई वेणुको रव ॥

(८)

वनलतास्तरव आत्मनि विष्णुं व्यञ्जयन्त्य इव पुष्पफलाढ्याः ।
प्रणतभारविटपा मधुधाराः प्रेमहृष्टतनवः ससृजुः स्म ॥

अत्यन्त हर्षले वृक्ष लतादि लटरम्म भै ।
फुल्दछन् फल्दछन् झुक्छन् लत्रेर तलसम्म गै ॥
मानौँ झुकेर धर्तीमा कृष्णमा ढोग लाउँछन् ।
रोमाञ्चित अति बन्दै मधुधारा बगाउँछन् ॥

(९)

दर्शनीयतिलको वनमालादिव्यगन्धतुलसीमधुमत्तैः ।
अलिकुलैरलघुगीतमभीष्टमाद्रियन् यर्हि सन्धितवेणुः ॥

साथी हो ! जब ती कृष्ण टीका लाई निधारमा ।
निस्कन्छन् अति नै राम्रा देखिन्छन् गोप माझमा ॥
दिव्य सौरभले युक्त तुलसीदल मिश्रित ।
वनमाला लगाएर बन्छन् अति सुशोभित ॥
सुगन्धमा भई लट्ठ गाउने भमरासँगै ।
बाँसुरी फुक्तछन् कृष्ण नादको भित्रसम्म गै ॥

(१०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरसि सारसहंसविहङ्गाश्चारुगीतहृतचेतस एत्य ।
हरिमुपासत ते यतचित्ता हन्त मीलितदृशो धृतमौनाः ॥

सुनेर कृष्णको वंशीआलाप मधुरो धुन ।
सरोवरहुँदो बस्ने हंसादिको उड्यो मन ॥
कस्तो आश्चर्य हो साथी ! साँच्चै रसिक हुन् कि वा !
यद्वा परमहंसै हुन् हंसका रूपमा कि वा !

रोकेर चित्तको वृत्ति भई अत्यन्त सुस्थिर ।
आँखा चिम्लेर भै मौन नहेरेर कतैतिर ॥
ती सबै कृष्णमै लीन भएझैं गरी बस्तछन् ।
कृष्णमै मन दी सारा ध्यानमा सब मस्त छन् ॥

(११)

सहबलः स्रगवतंसविलासः सानुषु क्षितिभृतो व्रजदेव्यः ।
हर्षयन् यर्हि वेणुरवेण जातहर्ष उपरम्भति विश्वम् ॥

देवी हो ! कृष्णले लाई कानमा पुष्पकुण्डल ।
गिरिको चुचुरो चढ्छन् लिएर साथमा बलं ॥
पार्दै हर्षित यी कृष्ण वंशीको धुन फाल्दछन् ।
यही नै धुनले कृष्ण सारा विश्व अँगाल्दछन् ॥

(१२)

महदतिक्रमणशङ्कितचेता मन्दमन्दमनुगर्जति मेघः ।
सुहृदमभ्यवर्षत् सुमनोभिश्छायया च विदधत् प्रतपत्रम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णाको मानमर्यादा नहोस् भङ्ग भनीकन ।
वंशीका साथ विस्तारै थाल्यो बादल गर्जन ॥
बर्सायो मेघले पानी पुष्पवर्षा गरे सरी ।
फैलियो घाममा मेघ आफैँ छाता हुने गरी ॥

(१३)

विविधगोपचरणेषु विदग्धो वेणुवाद्य उरुधा निजशिक्षाः ।
तव सुतः सति यदाधरबिम्बे दत्तवेणुरनयत् स्वरजातीः ॥

हे यशोदे ! तपाईँका छोरा अति सिपालु छन् ।
गोपादिका सबै खेल सजिलैसँग जान्दछन् ॥
योभन्दा पनि ती कृष्ण वंशीवादनमा अति ।
देखिन्छन् बहुतै विज्ञ जान्दछन् स्वरजाति ती ॥
पाकेका गोलकाँक्रीझैँ राता ती ओठमा अलि ।
जोडेर बाँसुरी फुक्छन् निषाद आदि जाति ली ॥

(१४)

सवनशस्तदुपधार्य सुरेशाः शक्रशर्वपरमेष्ठिपुरोगाः ।
कवय आनतकन्धरचित्ताः कश्मलं ययुरनिश्चिततत्त्वाः ॥

मन्द्रमध्यमतारादि भेदले जब फुक्तछन् ।
सुनेर मोहनी तान ब्रह्मादि पनि झुक्तछन् ॥
बुद्धिसुद्धि हराएर भई तल्लीन ती सब ।
सारा शिर झुकाएर सुन्दछन् वेणुको रव ॥

(१५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निजपदाब्जदलैर्ध्वजवज्रनीरजाङ्कुशविचित्रललामैः ।
व्रजभुवः शमयन् खुरतोदं वर्ष्मधुर्यगतिरीडितवेणुः ॥

कृष्णका पदमा नाना ध्वजा वज्र र अङ्कुश ।
देखिन्छन् पद्म आदिका चिन्ह सुन्दर सर्वशः ॥
गाईका खुरले ध्वस्त पारेको व्रजको थलो ।
मुसार्दै गजझैं हिंड्छन् बजाई बाँसुरी भलो ॥

(१६)

व्रजति तेन वयं सविलासवीक्षणार्पितमनोभववेगाः ।
कुजगतिं गमिता न विदामः कश्मलेन कबरं वसनं वा ॥

वंशीका धुनका साथै, विलासी अवलोकन-
आदिले चित्तमा बढ्छ कामको वेग झन्झन ॥
झोक्राएर सबै बस्छौं वृक्षझैं जड बन्दछौं ।
जुरो खुस्कन्छ या वस्त्र जान्दैनौं सब मुग्ध छौं ॥

(१७)

मणिधरः क्वचिदागणयन् गा मालया दयितगन्धतुलस्याः ।
प्रणयिनोऽनुचरस्य कदांसे प्रक्षिपन् भुजमगायत यत्र ॥

तुलसीगन्धले युक्त मालाले सजिईकन ।
श्रीकृष्ण मणिमालाले गाई गन्छन् सखीजन !
गाईको गणना गर्दै साथीका काँधमा हरि-
राख्तछन् हात, वंशीमा गाउँछन् गीत माधुरी ॥

(१८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्वणितवेणुरववञ्चितचित्ताः कृष्णमन्वसत कृष्णगृहिण्यः ।
गुणगणार्णमनुगत्य हरिण्यो गोपिका इव विमुक्तगृहाशाः ॥

वंशीको धुनले मुग्ध भएर कृष्णसारका–
पत्नीहरू पछि लाग्छन् कृष्णकै, सब भै फिका ॥
मृगका गृहिणी साँच्चै गोपी जस्तै भए अब ।
छोडेर घरको आश कृष्णकै पछि छन् सब ॥

(१९)

कुन्ददामकृतकौतुकवेषो गोपगोधनवृतो यमुनायाम् ।
नन्दसूनुरनघे तव वत्सो नर्मदः प्रणयिनां विजहार ॥

हे यशोदे ! तपाईंका छोरा प्रिय जनार्दन ।
आफ्ना साथीहरूलाई आनन्द अति नै दिन ॥
कुन्दको फूलको माला लगाइ कौतुकी भई ।
खेल्दछन् हर्षका साथ यमुनातटमा गई ॥

(२०)

मन्दवायुरुपवात्यनुकूलं मानयन् मलयजस्पर्शेन ।
वन्दिनस्तमुपदेवगणा ये वाद्यगीतबलिभिः परिवव्रुः ॥

त्यो वेला मलयाद्रिको मन्द हावा चलीचली ।
सेवा गर्दछ अत्यन्त चित्तमा भावभक्ति ली ।
उपदेव र बन्दीले जस्तै स्तुति गरीकन ।
कृष्णको गर्दछन् सेवा उपहार समर्पण ॥

(२१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सलो व्रजगवां यदगध्रो वन्द्यमानचरणः पथि वृद्धैः ।
कृत्स्नगोधनमुपोह्य दिनान्ते गीतवेणुरनुगेडितकीर्तिः ॥

गोवर्धनधर श्याम गाईमा प्रेम गर्दछन् ।
सन्ध्या समय पारेर गाई ली घर फिर्दछन् ॥
ब्रह्मादि वृद्ध साराको स्वीकार्दै वन्दना हरि–
आउँदा मार्गमा कृष्ण ढिला हुन्छन् सधैँभरि ॥
साथी हो ! आउँछन् कृष्ण गाईका पछि भैकन ।
बजाइ बाँसुरी, आफ्नै सुन्दै भजन कीर्तन ॥

(२२)

उत्सवं श्रमरुचापि दृशीनामुन्नयन् खुररजश्छुरितस्रक् ।
दित्सयैति सुहृदाशिष एष देवकीजठरभूरुडुराजः ॥

साथी हो ! दिनमा कृष्ण घुमेर वनमा अति ।
थाकेर लोथ भै साह्रै फर्कन्छन् व्रज सम्प्रति ॥
गाईका खुरको धूलोबाट माला छ धूसर ।
दिन्छन् तै पनि आनन्द हामीमा श्याम सुन्दर ॥
देवकीपुत्र यी चन्द्र हाम्रै कल्याण खातिर ।
हाम्रो इच्छा पूरा गर्न आउँदै छन् यतै तिर ॥

(२३)

मदविघूर्णितलोचन ईषन्मानदः स्वसुहृदां वनमाली ।
बदरपाण्डुवदनो मृदुगण्डं मण्डयन् कनककुण्डललक्ष्म्या ॥

साथी हो ! हेर यी कृष्ण कति सौन्दर्यपूर्ण छन् ।
मदघूर्णित ती आँखा लालिमाले प्रपूर्ण छन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गलामा वनमाला छ कानमा स्वर्णकुण्डल ।
सजाएर दुवै गाला चम्किन्छन् भई झल्मल ॥

यसैले मुखअर्धांश पाकेको बयरै सरी ।
पहेँलपुर देखिन्छ लिएर दिव्य माधुरी ॥
उनी हर्षित देखिन्छन् मन्दमुस्कानकासँग ।
गरेर सबको मान बिदा हुन्छन् सबैसँग ॥

(२४)

यदुपतिर्द्विरदराजविहारो यामिनीपतिरिवैष दिनान्ते ।
मुदितवक्त्र उपयाति दुरन्तं मोचयन् व्रजगवां दिनतापम् ॥

हे सखी ! देवकीपुत्र मदयुक्त गजै सरि ।
अहिले आउँदै छन् ती हामी नै तिर सुस्तरी ॥
असैह्य दिनको ताप हाम्रो सारा हटाउन ।
साँझमा चन्द्रमा जस्तै लागे कृष्ण उदाउन ॥

(२५)

श्रीशुक उवाच-
एवं व्रजस्त्रियो राजन् कृष्णलीलानुगायतीः ।
रेमिरेऽहःसु तच्चित्तास्तन्मनस्का महोदयाः ॥

हे राजन् ! जब गोविन्द गाईहरू लिईकन ।
वनकातर्फ निस्कन्थे उनमा नै दिई मन ॥
भई युगल ती गोपी कृष्णकै गीत गाउँथे ।
यसरी विरही गोपी आफ्ना दिन बिताउँथे ॥
भागवत १०।३५।१-२६

(२६)

✵

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरहगीत

गोपिनीहरू भन्दछन्-

अहो विधातस्तव न क्वचिद् दया संयोज्य मैत्र्या प्रणयेन देहिनः ।
तांश्चाकृतार्थान् वियुनङ्क्ष्यपार्थकं विक्रीडितं तेऽर्भकचेष्टितं यथा ॥

हे भाग्य ! ऐले नगरी दया रती ।
दिन्छौ तिमी दुःख अनाथमा अति ॥
पैले तिमी प्रेम गरी मिलाउँछौ ।
आपस्तमा स्नेह निकै दिलाउँछौ ॥

त्यो प्रेम गाढा नहुँदै परस्पर ।
छुट्याउँछौ निर्दय भै तिमी तर ॥
बेकारमा दुःख दिएर पेल्दछौ ।
यो बाल्यलीला किन ? दैव खेल्दछौ ॥

(१)

यस्त्वं प्रदर्श्यासितकुन्तलावृतं मुकुन्दवक्त्रं सुकपोलमुन्नसम् ।
शोकापनोदस्मितलेशसुन्दरं करोषि पारोक्ष्यमसाधुते कृतम् ॥

देखाइ तैँले अति नै मनोहर ।
श्रीश्यामको श्यामल मूर्ति सुन्दर ॥
हे दैव ! सारै निठुरी भई तर ।
त्यो मूर्तिलाई किन ? पार्दछस् पर ॥

(२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रूरस्त्वमक्रूरसमाख्यया स्म नश्चक्षुर्हि दत्तं हरसे बताज्ञवत् ।
येनैकदेशेऽखिलसर्गसौष्ठवं त्वदीयमद्राक्ष्म वयं मधुद्विषः ॥

अक्रूरको क्यै पनि दोष हैन यो ।
सम्पूर्ण तिम्रो छल हो अवश्य यो ॥
अक्रूरको नाम गरेर यो घरी ।
लान्छस् विधाता ? किन नेत्र यी हरी ॥
समष्टिमा हुन् हरि सुन्दरोत्सव ।
हेर्थ्यौं यिनैमा सब सर्गसौष्ठव ॥

(३)

न नन्दसूनुः क्षणभङ्गसौहृदः समीक्षते नः स्वकृतातुरा बत ।
विहाय गेहान् स्वजनान् सुतान् पतींस्तद्दास्यमद्धोपगता नवप्रियः ॥

छोडेर हामी पति पुत्र सोदर ।
दासी भएथ्यौं हरिकै निरन्तर ॥
यी नन्दका पुत्र नयाँ नयाँ तिर ।
लागे हरे ! खूब भएर अस्थिर ॥
हामी दुःखी छौं हरि निम्तिमा तर ।
हेर्दैं न हेरी हरि भाग्दछन् पर ॥

(४)

सुखं प्रभाता रजनीयमाशिषः सत्याबभूवुः पुरयोषितां ध्रुवम् ।
या संप्रविष्टस्य मुखं व्रजस्पतेः पास्यन्त्यपाङ्गोत्कलितस्मितासवम् ॥

त्यो भोलिको प्रात अवश्य नै पनि ।
खुल्ने छ साँच्चै नव सूर्यझैं बनी ॥
पाएर नेत्रोत्सव कृष्णदर्शन ।
सौभाग्य मिल्ला पुरयोषिताकन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिएर मीठो नयनामृतासव ।
आनन्द मान्लान् पुरयोषिता सब ॥

(५)

तासां मुकुन्दो मधुमञ्जुभाषितैर्गृहीत चित्तः परवान् मनस्वपि ।
कथं पुनर्नः प्रतियास्यतेऽबला ग्राम्याः सलज्जस्मितविभ्रमैर्भ्रमन् ॥

श्रीकृष्ण छन् धीर अवश्य तै पनि ।
नारी उता छन् रमणी नितम्बिनी ॥
कतै तिनैका भ्रमजालमा परी ।
बस्लान् उतै वा अबदेखि ती हरि ॥
सम्झेर सारा अति आत्तिने मन ।
सम्झन्छ कल्ले अब गाउँलेकन ॥

(६)

अद्य ध्रुवं तत्र दृशो भविष्यते दाशार्हभोजान्धकवृष्णिसात्वताम् ।
महोत्सवः श्रीरमणं गुणास्पदं द्रक्ष्यन्ति ये चाध्वनि देवकीसुतम् ॥

दाशार्हभोजान्धकवृष्णिका जन ।
पाएर ती आज अपूर्व दर्शन ॥
अत्यन्त आनन्दित भै प्रतिक्षण ।
मनाउलान् उत्सव ती सबै जन ॥
हिंडेर जालान् मथुरा जसै हरि ।
गर्लान् सबै दर्शन हर्षमा परी ॥

(७)

मैतद्विधस्याकरुणस्य नाम भूदक्रूर इत्येतदतीव दारुणः ।
योऽसावनाश्वास्य सुदुःखितं जनं प्रियात्प्रियं नेष्यति पारमध्वनः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो क्रूरको नाम हरे सबै जन ।
अक्रूर भन्छन् तर यो छ दारुण ॥
हामी रुँदैछौँ विरहाग्निले गरी ।
छुट्याइ हामीसँग कृष्ण यो घरी ॥
लाँदैछ टाढा रसिला कुरा पनि ।
गर्दैन यो क्रूर रहेछ बैगुनी ॥

(८)

अनार्द्रधीरेश समास्थितो रथं तमन्वमी च त्वरयन्ति दुर्मदाः ।
गोपा अनोभिः स्थविरैरुपेक्षितं दैवं च नोऽद्य प्रतिकूलमीहते ॥

श्रीकृष्ण सारै निठुरी भईकन ।
गएर बस्छन् रथमा दिई मन ॥
यी बालसाथी पनि कृष्णका सब ।
गाडा चढी जान हतारिए अब ॥

देखेर यो हत्पत दिक्क भै अनि ।
गरे उपेक्षा अझ वृद्धले पनि ॥
रोक्दैन कोही मथुरा नजा भनी ।
छस् दैव ! आजै प्रतिकूल तैँ पनि ॥

(९)

निवारयामः समुपेत्य माधवं किं नोऽकरिष्यन् कुलवृद्धबान्धवाः ।
मुकुन्दसङ्गान्निमिषार्धदुस्त्यजाद् दैवेन विध्वंसितदीनचेतसाम् ॥

साथीहरूहो ! अब लौ उठौँ सब ।
रोकौँ समाती रथ कृष्णको अब ॥
के गर्दछन् यी कुलवृद्धबान्धव ।
जाँदैछ हाम्रो प्रिय कृष्णवल्लभ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोडेर एकै क्षण बस्न हामी-
सक्तौंन, बस्ने कुन चित्त थामी ॥
गरिस् विधाता अति नै नराम्रो ।
वज्रै खसालिस् मुटुमाथि हाम्रो ॥

(१०)

यस्यानुरागललितस्मितवल्गुमन्त्र-
लीलावलोकपरिरम्भणरासगोष्ठ्याम् ।
नीताः स्म नः क्षणमिव क्षणदा विना तं
गोप्यः कथं न्वतितरेम तमो दुरन्तम् ॥

जस्को असाध्य रसिलो स्मितपूर्ण गालो ।
लीलाविलाससँगको भरिलो अँगालो ॥
पाएर रासरसको अति दीर्घ रात ।
चाँडै गयो क्षण समान भयो प्रभात ॥

त्यो सम्झिँदा विरह चल्छ असाध्य भित्र ।
धड्कन्छ यो मुटु छिटो बहुतै विचित्र ॥
त्यो श्याम नै जब गयो अब के गरौंला ?
हे गोपि नी ! विरह यो कसरी तरौंला ?

(११)

योऽन्हः क्षये व्रजमनन्तसखः परीतो
गोपैर्विशन् खुररजश्छुरितालकस्रक् ।
वेणुं क्वणन् स्मितकटाक्षनिरीक्षणेन
चित्तं क्षिणोत्यमुमृते नु कथं भवेम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्ण दाजु अनि गौसँग गोप माझ ।
ती आउँथे व्रज सधैँ हरएक साँझ ॥
धूलाम्य भै अलक सुन्दर पुष्पमाला ।
फुक्तै सुरम्य मुरली अति मस्त चाला ॥

छड्के दिंदै नजर सस्मित हास्यसाथ ।
हर्थे सबै युवतिको मन एक साथ ॥
ऐले उनै पर भए कसको सहारा-
पाएर बाँच्नु सब छौँ अब बेसहारा ॥

(१२)

श्रीशुकदेव भन्नुहुन्छ-
एवं ब्रुवाणा विरहातुरा भृशं व्रजस्त्रियः कृष्णविषक्तमानसाः ।
विसृज्य लज्जां रुरुदुः स्म सुस्वरं गोविन्द दामोदर माधवेति ॥

राजन् ! यसोरी विरहातुरा अति ।
गोपीहरू श्रीहरिमा दिई मति ॥
रोए निकाली स्वर लाज नै नली ।
गोविन्द दामोदर आदि नाम ली ॥
भागवत-१०/३९/१९-३१

(१३)

✵

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्रमरगीत

गोपिनीहरू भन्दछन्-

मधुप कितवबन्धो मा स्पृशाङ्घ्रिं सपत्न्याः
कुचविलुलितमालाकुङ्कुमश्मश्रुभिर्नः ।
वहतु मधुपतिस्तन्मानिनीनां प्रसादं
यदुसदसि विडम्ब्यं यस्य दूतस्त्वमीदृक् ॥

हे काले ! धूर्तका साथी न छो पाउ तँ दूर जा ।
सौताका साथको स्पर्श प्रमाण साथ ली न आ ॥
मथुरापुरनारीले दिएको कुम्कुमादिको ।
श्रीकृष्णाले गरुन् याद सधैँ राखुन् गरी निको ॥

नलगुन् साथमा जाँदा सभामा यदुवंशको ।
उपहास सिधै होला छ त्रास यस अंशको ॥
तेरो मालिक जस्तो छ तँ उस्तै धूर्त कृष्ण छस् ।
फूलको रस चाखेर घुम्दछस् जा यहाँ नबस् ॥

(१)

सकृदधरसुधां स्वां मोहिनीं पाययित्वा
सुमनस इव सद्यस्तत्यजेऽस्मान् भवादृक् ।
परिचरति कथं तत्पादपद्मं तु पद्मा
ह्यपि बत हृतचेता उत्तमश्लोकजल्पैः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णले एक बाजी नै पियाइ मोहनी रस ।
भए टाढा तिमी जस्तै भई स्वार्थी र नीरस ॥
थाहा छैन उनै लक्ष्मी कसरी खुश पार्दछिन् ।
अथवा कृष्णको मीठो बोलीमा भर पर्दछिन् ॥

(२)

किमिह बहु षडङ्घ्रे गायसि त्वं यदूना-
मधिपतिमगृहाणामग्रतो नः पुराणम् ।
विजयसखसखीनां गीयतां तत्प्रसङ्गः
क्षपितकुचरुजस्ते कल्पयन्तीष्टमिष्टाः ॥

भमरा किन गर्दैछस्! बखान कृष्णको अति ।
पुराना मित्र हुन् हाम्रा जान्दछौं उनको गति ॥
बरु जा पुरवासी ती कृष्णका सँगिनीसँग ।
सबै कुरा सुना तैंले पाउलास् धेर बक्सिस ॥

(३)

दिवि भुवि च रसायां काःस्त्रियस्तद्दुरापाः
कपटरुचिरहासभ्रूविजृम्भस्य याः स्युः ।
चरणरज उपास्ते यस्य भूर्तिवयं का
अपि च कृपणपक्षे ह्युत्तमश्लोकशब्दः ॥

हाम्रो के छ कुरा काले! ती कृष्णसँग ता अब ।
त्रिलोक भरिका नारी मरी नै मेट्दछन् सब ॥
लक्ष्मीजी नै स्वयं गर्छिन् कृष्णको पादसेवन-
भने हामी त के हौं र हाम्रो भाउ छ के भन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्ण हुन् उत्तमश्लोक भन्दछन् भक्त भावुक ।
दुःखीमाथि दया राखे बन्ला त्यो नाम सार्थक ॥

(४)

विसृज शिरसि पादं वेद्म्यहं चाटुकारै-
रनुनयविदुषस्तेऽभ्येत्य दौत्यैर्मुकुन्दात् ।
स्वकृत इह विसृष्टापत्यपत्यन्यलोका
व्यसृजदकृतचेताः किं नु सन्धेयमस्मिन् ॥

हे ६ खुट्टे ! न आ हाम्रा पाउमा तँ चलाख छस् ।
बिन्तीभाउ गरी धेरै खुशी पार्न सिपालु छस् ॥
ठुस्केकासँग के कस्तो गर्नुपर्दछ सो पनि ।
कृष्णबाटै सिकेको छस् आइस् तँ दूत नै बनी ॥

तर हे भमरा ! तेरो केही लाग्दैन है अब ।
कृष्णकै निम्ति छोडेथ्यौँ पति पुत्र र बान्धव ॥
तर ती कृष्ण निर्मोही अकृतज्ञ हुँदै गए ।
पुरानु प्रीति बिर्सेर बिराना अहिले भए ॥
साँच्चै भन त हे दूत ! बिर्सेर ती कुरा सब ।
कृष्णका साथमा सन्धि गर्ने हो कसरी ? अब ॥

(५)

मृगयुरिव कपीन्द्रं विव्यधे लुब्धधर्मा
स्त्रियमकृत विरूपां स्त्रीजितः कामयानाम् ।
बलिमपि बलिमत्त्वावेष्टयद् ध्वाङ्क्षवद् य-
स्तदलमसितसख्यैर्दुस्त्यजस्तत्कथार्थः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धोकेबाज सधैं हुन् ती पहिलो जन्ममा पनि ।
लुकेर बालिको हत्या गरेथे व्याधझैं बनी ॥
कामको याचना गर्दै गई शूर्पणखा पनि ।
नाककान दिए काटी गई विरूप नै बनी ॥

भई वामन माग्नेझैं बलिका यज्ञमा गए ।
दिए सर्वस्व दाताले उल्टै ती तर बाँधिए ॥
कृष्ण त्यो काग जस्तै छ हुल बाँधेर माग्दछ ।
पहिले खान्छ, उल्टै त्यो दातामै जाइलाग्दछ ॥
कालाको के कुरा गर्ने ? काला हुन् सब दुच्छर ।
लाग्यो चस्का भयौं लट्ठ तर बिर्सन दुष्कर ॥

(६)

यदनुचरितलीलाकर्णपीयूषविप्रुट्-
सकृददनविधूतद्वन्द्वधर्मा विनष्टाः ।
सपदि गृहकुटुम्बं दीनमुत्सृज्य दीना
बहव इह विहङ्गा भिक्षुचर्या चरन्ति ॥

साँच्चै ती कृष्णका लीला, नामपीयूषका कण ।
जसका कानमा पर्छन् ती भित्र पसी तत्क्षण ॥
मनको पीर नासेर रागद्वेष हटाउँछन् ।
मनुष्य घर छोडेर हिंड्ने सम्म गराउँछन् ॥
धेरैले धनसम्पत्ति छोडेर भिक्षु भैकन ।
चारो खोजी चरालेझैं काट्तैछन् शेषजीवन ॥

(७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वयमृतमिव जिह्मव्याहृतं श्रद्दधानाः
कुलिकरुतमिवाज्ञाः कृष्णवध्वो हरिण्यः ।
ददृशुरसकृदेतत्तन्नखस्पर्शतीव्र-
स्मररुज उपमन्त्रिन् भण्यतामन्यवार्ता ॥

जसरी मृगका पत्नी व्याधाको गीतको ध्वनि ।
सुनेर दङ्ग ती हुन्छन् पर्छन् विश्वासमा अनि ॥
व्याधाका जालमा पर्छन् मारिन्छन् आखिरी तर ।
हामी त्यस्तै भएका छौं परेर कृष्णका भर ॥

कृष्णको चाप्लुसी बोली ठानी सत्य, परी भर ।
चिमोट्ता उनले हाम्रो बढ्यो कामाग्निको ज्वर ॥
त्यसैले भमरा ! धेरै कृष्णको न कुरा गर ।
कुरै गर्ने भएदेखि अर्कै विषयमा गर ॥

(८)

प्रियसख पुनरागाः प्रेयसा प्रेषितः किं
वरय किमनुरुन्धे माननीयोऽसि मेऽङ्ग ।
नयसि कथमिहास्मान् दुस्त्यजद्वन्द्वपार्श्वं
सततमुरसि सौम्य श्रीर्वधूः साकमास्ते ॥

फर्कियौ भमरा ! फेरि हाम्रो हाल भनी सब ।
हामीलाई खुशी पार्न पठाए कृष्णले अब ॥
हाम्रा अतिथि हौ खास भमरा माननीय छौ ।
के इच्छा छ ! तिमी माग हामी दिन तयार छौं ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएर जान चाहन्छौ ? लैजान्छौ कसरी सब ?
गएर छुट्न गारो छ लैजान्छौ कसरी अब ?
गएर पनि के गर्ने ? नछोडी कहिल्यै पनि ।
बस्छिन् हृदयमा लक्ष्मी साक्षात् सहचरी बनी ॥

(९)

अपि बत मधुपुर्यामार्यपुत्रोऽधुनाऽऽस्ते
स्मरति स पितृगेहान् सौम्य बन्धूंश्च गोपान् ।
क्वचिदपि स कथा नः किङ्करीणां गृणीते
भुजमगुरुसुगन्धं मूर्ध्न्यधास्यत् कदा नु ॥

भमरा ! अहिले कृष्ण मथुरा गई बस्तछन् ।
आमाबाबु र साथीको सम्झना पनि गर्दछन् ?
कैलेकहीँ कुरा चल्दा हामी किङ्करीको पनि ।
नाम ता लिनु नै होला दयालु अति नै बनी ॥
प्रिय श्रीकृष्णाको बाहु अगुरुगान्धयुक्त छ ।
कैले त्यो बाहुली हाम्रा शिरमा पर्न सक्तछ ?
भागवत १०।४७।१२-२१

(१०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपिनीहरूलाई श्रीकृष्णको सन्देश

उद्धव भन्नुहुन्छ -

श्रूयतां प्रियसन्देशो भवतीनां सुखावहः ।
यमादायागतो भद्रा अहं भर्तू रहस्करः ॥

म हुँ श्रीकृष्णको दूत स्वामीको हुँ रहस्कर ।
उनको प्रिय सन्देश ल्याएको छु मनोहर ॥
हे भद्रे प्रिय गोपी हो ! यता नै मन दीकन ।
सारै अमृतझैं मीठो प्रियसन्देश यो सुन ॥

(११)

श्रीभगवान् भन्नुहुन्छ-

भवतीनां वियोगो मे न हि सर्वात्मना क्वचित् ।
यथा भूतानि भूतेषु खं वाय्वग्निर्जलं मही ।
तथाहं च मनःप्राणभूतेन्द्रियगुणाश्रयः ॥

म हुँ कारण सर्वात्मा म छु व्याप्त सबैतिर ।
उपादान सबैको हुँ म भिन्न वस्तु के छ र ?
यसैकारणले हाम्रो वियोग कहिल्यै पनि ।
भएको सम्झनु हुन्न बस ज्ञानीगुनी बनी ॥

सारा भौतिक यी तत्त्व अप् वायु व्योम तेज भू ।
मिलीकन बनेका छन् भित्र बस्तछ आत्मभू ॥
त्यस्तै गरेर सारा यी मनप्राणेन्द्रियादिको ।
मै हुँ आश्रय यी भूत गुण इन्द्रिय आदिको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ममा छन् सब ती वस्तु तिनमा म छु सर्वदा ।
अथवा मै हुँ यो सृष्टि डोरीको सर्पझैँ सदा ॥

(१२)

आत्मन्येवात्मनाऽऽत्मनं सृजे हन्म्यनुपालये ।
आत्ममायानुभावेन भूतेन्द्रिय गुणात्मना ॥

आफ्नै प्रकृतिकाद्वारा भूत इन्द्रियमा अनि ।
विषयाकार मैँ हुन्छु बन्छु आश्रय नै पनि ॥
आफ्नै निमित्त भै आफैँ स्वयं सिर्जन गर्दछु ।
पालना अनि यो सारा आफैँमा लीन गर्दछु ॥

(१३)

आत्मा ज्ञानमयः शुद्धो व्यतिरिक्तोऽगुणान्वयः ।
सुषुप्तिस्वप्नजाग्रद्भिर्मायावृत्तिभिरीयते ॥

आत्मा माया र मायाका सिर्जनादेखि भिन्न छ ।
आत्मा ज्ञानमय शुद्ध तीनोटैं भेद शून्य छ ॥
गुणातीत छ यो आत्मा मायाका तीन वृत्तिमा ।
विश्व तैजस औ प्राज्ञ भै भास्छ जाग्रदादिमा ॥

(१४)

येनेन्द्रियार्थान् ध्यायेत मृषा स्वप्नवदुत्थितः ।
तन्निरुन्ध्यादिन्द्रियाणि विनिद्रः प्रत्यपद्यत ॥

स्वप्नमा देखिने सारा पदार्थ सरि तत्त्वतः ।
जाग्रत्मा देखिने वस्तु मिथ्या हुन् सब वस्तुतः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोकेर मनसङ्कल्प रोकी इन्द्रिय यी सब ।
जागा भई सबै हेरे ठानी स्वप्नसरी भव ॥
अन्त्यमा सब यो झूटो सारा मिथ्या भनीकन ।
साक्षात्कार गरे मेरो वीतराग बनीकन ॥

(१५)

एतदन्तः समाम्नायो योगः साङ्ख्यं मनीषिणाम् ।
त्यागस्तपो दमःसत्यं समुद्रान्ता इवापगाः ॥

मनीषिजनको ध्यान तपस्या योगसाधन ।
वेदाध्ययन सत्कर्म त्याग आत्मविवेचन ॥
यी सारा कर्मले मेरो साक्षात्कार गरीकन ।
ममा नै मिल्दछन् सारा भएर मुक्तजीवन ॥
आफ्नू नाम हराएर सारा नदी जसो गरी ।
मिल्छन् समुद्रमा, प्राणी ममा मिल्छन् त्यसैगरी ॥

(१६)

यत्त्वहं भवतीनां वै दूरे वर्ते प्रियो दृशाम्
मनसः सन्निकर्षार्थं मदनुध्यान काम्यया ॥

तिम्रा नयनको नानी तिम्रो सर्वस्व सार हुँ ।
जति टाढा बसौँ गोपी ! म तिम्रै नित्य प्यार हुँ ॥
म टाढा हुनुको खास यौटै कारण सम्झनू ।
मेरै ध्यान गरी नित्य सधैँ मन्मय नै हुनू ॥
यसो गर्‍यौ भनेदेखिन् हे गोपीजन हो ! सब ।
मेरो सन्निधि पाएर हुने छ नित्य उत्सव ॥

(१७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा दूरचरे प्रेष्ठे मन आविश्य वर्तते ।
स्त्रीणां च न तथा चेतः सन्निकृष्टेऽक्षिगोचरे ॥

जस्तै स्त्रीहरूको आफ्नू प्रेमी अत्यन्त दूर छ-
भने सर्वांशमा चित्त उसैमा नित्य लाग्दछ ॥
तर साथै भए प्रेमी उपेक्षा हुन सक्तछ ।
टाढाहुँदा भएजस्तो माया नहुन सक्तछ ॥

(१८)

मय्यावेश्य मनःकृत्स्नं विमुक्ताशेषवृत्ति यत् ।
अनुस्मरन्त्यो मां नित्यमचिरान्मामुपैष्यथ ॥

अशेषवृत्ति छोडेर सम्पूर्ण मन मैतिर-
लगाइ सम्झिएदेखिन् मिल्छौ मैसँग आखिर ॥

(१९)

या मया क्रीडतां रात्र्यां वनेऽस्मिन् व्रज आस्थिताः ।
अलब्धरासाः कल्याण्यो माऽऽपुर्मद्वीर्यचिन्तया ॥

हे मेरा प्रिय गोपी हो ! शरद्का पूर्णिमा दिन ।
रचेथेँ जुन त्यो रास क्रीडामा नै दिई मन ॥
सकेनन् जति जो जान मेरा ती प्रेयसीहरू ।
मेरा लीलाहरू सम्झी मिले मैसँग नै बरु ॥

(२०)

श्रीशुकदेव भन्नुहुन्छ-

एवं प्रियतमादिष्टमाकर्ण्य व्रजयोषितः ।
ता ऊचुरुद्धवं प्रीतास्तत्सन्देशागतस्मृतीः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी प्रियको चिट्ठी सुनेर गोपिनी सब ।
सम्झँदै कृष्णका लीला भन्छन् उद्धवकासँग ॥

(२१)

गापिनीहरू भन्दछन्-

ताः किं निशाः स्मरति यासु तदा प्रियाभि-
वृन्दावने कुमुदकुन्दशशाङ्करम्ये ॥
रेमे क्वणच्चरणनूपुररासगोष्ठ्या-
मस्माभिरीडितमनोज्ञकथः कदाचित् ॥

त्यो रातमा कुमुदिनी अनि कुन्दपुष्प ।
फूलेर मग्मग थिए सब ती सुपुष्प ॥
लागेर जून अनि चाँदनी पूर्ण सारा ।
अत्यन्त सुन्दर थियो वनको किनारा ॥

यै रातमा शुरु भयो हरिबाट लीला ।
नृत्यादि साथ अति सुन्दर रासलीला ॥
बज्थे झमाझम भई गहना समस्त ।
हुन्थ्यौं प्रफुल्ल उनकैसँग नित्य मस्त ॥

नाचथ्यौं उनैसँग उनैमय भै उनैको ।
गथ्यौं कुरा अभिनयादि सबै उनैको ॥
एकान्तमा पनि कतै गफगाफ गर्दा ।
गर्छन् कि ? ती स्मरण हे प्रिय ! काम पर्दा ॥

(२२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्धव भन्छन्-

एताः परं तनुभृतो भुवि गोपवध्वो
गोविन्द एव निखिलात्मनि रूढभावाः ।
वाञ्छन्ति यद् भवभियो मुनयो वयं च
किं ब्रह्मजन्मभिरनन्तकथारसस्य ॥

गोपीहरू सफल छन् पृथिवी भरीमा ।
अर्को कुनै जन म देख्तिन यो घरीमा ॥
सर्वात्मभाव हरिमा यिनको स्वभाव-
उत्पन्न भो अनि मिल्यो अति उच्चभाव ॥

यो उच्चभाव भयबाट अतीव भीत ।
मात्रै मुमुक्षु जन निम्ति नसंभ्फ मीत !
यो भाव ता भवभयार्ति मुनीन्द्र हामी ।
खोज्छौं सधैंभर भईकन भक्तिकामी ॥

यो प्राप्त गर्न न कुलीन न जात खास ।
संस्कार या व्रतविधान कुनै प्रयास ॥
पर्दैन गर्नु अति दुष्कर खास काम ।
श्रीकृष्णमा मन दिए सब भो तमाम ॥

लागेन यो मन भने प्रभुमा अशेष ।
जो जे भए पनि त भो अनि के विशेष ॥
ब्रह्मै भए पनि घुमेर अनन्तबार ।
के हुन्छ भक्ति नभएपछि के छ ? सार ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्वेमाः स्त्रियो वनचरीर्व्यवहारदुष्टाः
कृष्णो क्व चैष परमात्मनि रूढभावः ।
नन्वीश्वरोऽनुभजतोऽविदुषोऽपि साक्षा-
च्छ्रेयस्तनोत्यगदराज इवोपयुक्तः ॥

नारी असभ्य वनका व्यवहारदुष्टा ।
छन् कृष्णमा रत सधैँ अति भक्तिपुष्टा ॥
जो अज्ञ छन्, अबुझ छन् तर भक्तिसाथ ।
गर्छन् भने भजन कीर्तन भै अनाथ ॥

ती बन्दछन् प्रिय सधैँ प्रभुकृष्णबाट ।
ती तर्दछन् सहज नै भवसिन्धुबाट ॥
जस्तो, कुनै अमृत नै नबुझेर पान-
गर्छन् भने अमर बन्छ मनुष्य जान ॥

(२४)

नायं श्रियोऽङ्ग उ नितान्तरते प्रसादः
स्वर्योषितां नलिनगन्धरुचां कुतोऽन्याः ।
रासोत्सवेऽस्य भुजदण्डगृहीतकण्ठ-
लब्धाशिषां य उदगाद् व्रजवल्लवीनाम् ॥

त्यो रासका समयमा अति भावनामा ।
आफ्ना कृपालु भुजदण्ड लगी गलामा ॥
अत्यन्त उच्च वरदान समग्रतामा ।
श्रीकृष्णले जुन दिए व्रजवल्लवीमा ॥

लक्ष्मी स्वयं उरनिवास सधैँ गरेर ।
बस्छिन् निरन्तर जहाँ सँगिनी बनेर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो पाइनन् न त लिए सुरसुन्दरीले ।
सामान्यको कुन कुरा गरिराख्नु ऐले ॥

(२५)

आसामहो चरणरेणुजुषामहं स्यां
वृन्दावने किमपि गुल्मलतौषधीनाम् ।
या दुस्त्यजं स्वजनमार्यपथं च हित्वा
भेजुर्मुकुन्दपदवीं श्रुतिभिर्विमृग्याम् ॥

मेरो निमित्त अति उत्तम हुन्छ यो नै ।
यै ठाउँमा हुनसकौं तरु गुल्म जे नै ॥
गोप्यादिका चरणका रजबाट रक्त ।
बन्नेछु शुद्ध म सधैंभर धन्य भक्त ॥

गोपीहरू सकल हुन् अति पुण्यशीला ।
त्यागी गुणी विरत छन् सब छन् सुशीला ॥
छोड्नै छ दुष्कर अतीव गृहस्थ सारा ।
छोडेर आर्यपथ ली हरिको सहारा ॥
लागे यिनी हरि पछाडि बुझी महत्त्व ।
खोज्छन् सधैं श्रुतिहरू पनि कृष्णतत्त्व ॥

(२६)

या वै श्रियार्चितमजादिभिराप्तकामै-
र्योगेश्वरैरपि यदात्मनि रासगोष्ठ्याम् ।
कृष्णस्य तद्भगवतश्चरणारविन्दं
न्यस्तं स्तनेषु विजहुः परिरभ्य तापम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मा शङ्कर योगेश आप्तकामहरू सब।
गर्दछन् जसको ध्यान नित्य ठानेर उत्सव ॥
साक्षात् लक्ष्मी पनि गर्छिन् जसको स्तुतिपूजन।
तिनै श्रीकृष्णका पाउ रास उत्सवका क्षण ॥

गोपीले उरमा राखे, आलिङ्गन गरे अति।
फ्याँके जलन छातीको फ्याँकियो दुःख हो जति ॥

(२७)

वन्दे नन्दव्रजस्त्रीणां पादरेणुमभीक्ष्णशः।
यासां हरिकथोद्गीतं पुनाति भुवनत्रयम् ॥

नन्दका व्रजमा बस्ने गोपीचरण उद्भव।
धूलोको वन्दना गर्छु बारम्बार म उद्धव ॥
यिनले कृष्णका लीला कथा सम्झी बराबर।
गाएका गीतले पार्छन् पवित्र यो चराचर ॥

(२८)

श्रीशुकदेव भन्नुहुन्छ-
अथ गोपीरनुज्ञाप्य यशोदा नन्दमेव च।
गोपानामन्त्र्य दाशार्हो यास्यन्नारुरुहे रथम् ॥

बसेर व्रजमा धेरै महिनापछि उद्धव।
मथुरा जानका लागि बिदाबारी भए तब ॥
क्रमैले गोपिनी नन्द यशोदा गोपकासँग।
बिदा भई रथ चढी हिंडे तन्मयतासँग ॥
भागवत १०।४७ का केही श्लोकहरूको अनुवाद

(२९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदस्तुति

परीक्षित् सोध्नु हुन्छ-

ब्रह्मन् ब्रह्मण्यनिर्देश्ये निर्गुणे गुणवृत्तयः ।
कथं चरन्ति श्रुतयः साक्षात् सदसतः परे ॥

हे ब्रह्मन् ! सदसद्देखि त्यो ब्रह्म छ सधैँ पर ।
कुनै साधन पुग्दैनन् ब्रह्ममा जे सुकै गर ॥
गुणभन्दा छ त्यो टाढा वेद छन् गुणका घर ।
कसरी वेदले गर्छन् ? ब्रह्मको स्तुति नै तर ॥

(१)

श्रीशुकदेव भन्नुहुन्छ-

बुद्धीन्द्रियमनःप्राणान् जनानामसृजत् प्रभुः ।
मात्रार्थं च भवार्थं च आत्मनेऽकल्पनाय च ॥

सर्वात्मा परमात्माले गर्न कल्याण जीवको ।
गर्नु भो सृष्टि अर्थादि उपभोग्य समष्टिको ॥
मोक्षार्थ गर्नु भो सृष्टि बुद्धि प्राण र इन्द्रिय ।
गर्नु भो मनको सृष्टि राखी अति सदाशय ॥

(२)

सैषा ह्युपनिषद् ब्राह्मी पूर्वेषां पूर्वजैर्धृता ।
श्रद्धया धारयेद् यस्तां क्षेमं गच्छेदकिञ्चनः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सनकादिहरूद्वारा लिइएको अपूर्वको ।
ब्रह्मज्ञान हुने शास्त्र यो हो उपनिषद् निको ॥

जसले यसको गर्छ श्रद्धापूर्वक धारण ।
माया र यसका कार्य सारा हुन्छन् निवारण ॥
भयबाट भई टाढा परमानन्द पाउँछ ।
मुक्ति नै त्यसको हुन्छ दुःख सारा हटाउँछ ॥

(३)

अत्र ते वर्णयिष्यामि गाथां नारायणान्विताम् ।
नारदस्य च संवादमृषेर्नारायणस्य च ॥

हे राजन् ! अब भन्ने छु नारायणी कथा सुन ।
नारायण र देवर्षि बीच सम्वाद हो जुन ॥

(४)

एकदा नारदो लोकान् पर्यटन् भगवत्प्रियः ।
सनातनमृषिं द्रष्टुं ययौ नारायणाश्रमम् ॥

कुनै समयमा घुम्दै भगवत्प्रिय नारद ।
बद्रीधाम पुगे भेट्न नारायणसँगै खुद ॥

(५)

यो वै भारतवर्षेऽस्मिन् क्षेमाय स्वस्तये नृणाम् ।
धर्मज्ञानशमोपेतमाकल्पादास्थितस्तपः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बदरीधाममा जल्ले कल्पको शुरुबाट नै ।
मान्छेको हितका लागि तपस्या गर्दछन् उनै ॥

(६)

तत्रोपविष्टमृषिभिः कलापग्रामवासिभिः ।
परीतं प्रणतोऽपृच्छदिदमेव कुरूद्वह ॥

कलापग्राममा बस्ने नारायण स्वयंसँग ।
पुगी नारदले सोधे यही प्रश्न खुशीसँग ॥

(७)

तस्मै ह्यवोचद् भगवानृषीणां शृण्वतामिदम् ।
यो ब्रह्मवादः पूर्वेषां जनलोकनिवासिनाम् ॥

जनलोक निवासी ती सनकादि मुनीश्वर-
हरूले जो गरे चर्चा ब्रह्मको भै विमत्सर ॥
त्यही नै ब्रह्मको चर्चा सबैका बीचमा जुन-
नारानले गरेथे जो त्यै चर्चा अहिले सुन ॥

(८)

श्रीभगवान् भन्नुहुन्छ-
स्वायम्भुव ब्रह्मसत्रं जनलोकेऽभवत् पुरा ।
तत्रस्थानां मानसानां मुनीनामूर्ध्वरेतसाम् ॥

हे नारद ! कुनै वेला पहिले जनलोकमा ।
भएथ्यो ब्रह्मको सत्र सनकादि समूहमा ॥

(९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्वेतद्वीपं गतवति त्वयि द्रष्टुं तदीश्वरम् ।
ब्रह्मवादः सुसंवृत्तः श्रुतयो यत्र शेरते ।
तत्र हायमभूत् प्रश्नस्त्वं मां यमनुपृच्छसि ॥

गर्न अर्पण सद्भक्ति भगवान् अनिरुद्धमा ।
तपाईं जुन वेलामा जानुभो श्वेतद्वीपमा ॥
त्यसै समयमा ब्रह्मसत्रपूर्ण हुँदाभये ।
बुझ्नेनन् वेदले केही नबुझेर चुपैरहे ॥
त्यहाँ सम्पूर्णका बीच उठेको प्रश्न हो जुन ।
त्यही प्रश्न गर्‍यौ ऐले तिमी नारदले पुनः ॥

(१०)

तुल्यश्रुततपःशीलास्तुल्यस्वीयारिमध्यमाः ।
अपि चक्रुः प्रवचनमेकं शुश्रूषवोऽपरे ॥

सनकादिहरू चारै तपस्या गुण आदिमा ।
थिए बराबरै पूर्ण तथापि तिन मध्यमा ॥
प्रवक्ता एउटा हुन्थे श्रोता बन्थे अरू सब ।
यही नै रीतले हुन्थ्यो ब्रह्मचर्चा महोत्सव ॥

(११)

सनन्दन भन्नुहुन्छ-
स्वसृष्टमिदमापीय शयानं सह शक्तिभिः ।
तदन्ते बोधयाञ्चक्रुस्तल्लिङ्गैः श्रुतयः परम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू यो सृष्टि सम्पूर्ण लीन आफूसँगै गरी ।
सुत्तछन् शेषशय्यामा जब श्रीभगवान् हरि ॥
सुतेका भगवान्लाई चारै वेदहरू सब ।
गर्छन् वर्णन लीलाको उठाउन भनी तब ॥

(१२)

यथा शयानं सम्राजं वन्दिनस्तत्पराक्रमैः ।
प्रत्यूषेऽभ्येत्य सुश्लोकैर्बोधयन्त्यनुजीविनः ॥

बिहान जसरी गाइ राम्रा ठूला पराक्रम ।
जगाउन भनी राजा भाट गर्छन् परिश्रम ॥
त्यसै गरेर यी वेद भाट जस्तै बनीकन ।
गुणको गर्दछन् चर्चा नारायण उठाउन ॥

(१३)

वेदहरू स्तुति गर्दछन्–
जय जय जह्यजामजित दोषगृभीतगुणां
त्वमसि यदात्मना समवरुद्धसमस्तभगः ।
अगजगदोकसामखिलशक्त्यवबोधक ते
क्वचिदजयाऽऽत्मना च चरतोऽनुचरेन्निगमः ॥

तिमी अजित हौ नाथ ! तिम्रो होस् जय सर्वदा ।
त्रिगुणी कूट माया यो गर हे भगवन् ! बिदा ॥
उत्कर्ष होस् यसैबाट ऐश्वर्ययुक्त छौ तिमी ।
जीवलाई जगाएर उठाउँछौ सधैँ तिमी ॥

सृष्टिका शुरुमा सारा मायाका गुण लीकन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृष्टि, स्थिति र संहार गर्छौ भित्रै लुकीकन ॥
यो तिम्रो सब हो खेल मौका छोपी यही अनि ।
गर्छौं वर्णान लीलाको हामी भाट सरी बनी ॥

(१४)

बृहदुपलब्धमेतदवयन्त्यवशेषतया
यत उदयास्तमयौ विकृतेर्मृदि वाविकृतात् ।
अत ऋषयो दधुस्त्वयि मनोवचनाचरितं
कथमयथा भवन्ति भुवि दत्तपदानि नृणाम् ॥

हे नाथ ! सब यो सृष्टि ब्रह्म बाहेक क्यै पनि ।
हुँदै होइन नै भन्छन् जो छन् ब्रह्मज्ञ सद्गुणी ॥
जसरी घटको सृष्टि माटाबाट भईकन ।
माटामै आखिरी हुन्छ नामरूप विसर्जन ॥

सारा ऋषिहरू अर्पी आफ्नू वाणीसँगै मन ।
तिम्रो नै गर्दछन् नित्य नैर्गुण्य प्रतिपादन ॥
ढुङ्गो होस् अथवा माटो प्राणी टेकोस् जहाँ तर ।
टेक्छ आखिर पृथ्वीमै पृथ्वी बाहेक के छ र ?

(१५)

इति तव सूरयस्त्र्यधिपतेऽखिललोकमल-
क्षपणकथामृताब्धिमवगाह्य तपांसि जहुः ।
किमुत पुनः स्वधामविधुताशयकालगुणाः
परम भजन्ति ये पदमजस्रसुखानुभवम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवन् ! त्रिगुणी मायाद्वारा भ्रमित मानिस ।
अन्धो भएर सर्वांश यस्मै घुम्छ अहर्निश ॥
प्रभु हौ यसका स्वामी यसलाई घुमाउँछौ ।
आफ्ना भक्तहरूलाई यसबाट बचाउँछौ ॥

ज्ञानी भक्तहरू तिम्रा कथाभित्र डुबीकन ।
सारा पाप पखालेर पार्छन् निर्मल जीवन ॥
जुन ब्रह्मज्ञले आफैँ आत्मज्ञान गरीकन ।
रागद्वेष र जन्मादि सारा गर्दछ भर्जन ॥

सधैँ आनन्दको वर्षा गर्ने आनन्द ब्रह्मको ।
गरी चिन्तन आनन्द पाउँछन् ती अखण्डको ॥
त्यस्ता ज्ञानीहरू तर्छन् भएर अति निर्भय-
भने आश्चर्य के मान्ने ? मान्नु पर्दैन निश्चय ॥

(१६)

दृतय इव श्वसन्त्यसुभृतो यदि तेऽनुविधा
महदहमादयोऽण्डमसृजन् यदनुग्रहतः ।
पुरुषविधोऽन्वयोऽत्र चरमोऽन्नमयादिषु यः
सदसतः परं त्वमथ यदेष्ववशेषमृतम् ॥

प्राणी हजुरका भक्त भएर बाँच्तछन् भने ।
भयो सफल बाँचेको साँच्चै नै बाँच्नु हो भने ॥
हुन्नन् भक्त भने कोही बाँचेको पनि व्यर्थछ ।
खलातीले सरी सास फेरी बाँच्नु निरर्थछ ॥
आत्माबाट गरी प्राप्त सामर्थ्य अति भै दरो ।
अहं र महदादिले गाडे सन्सारमा जरो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समष्टि व्यष्टि सम्पूर्ण पञ्चकोषहरू अनि ।
स्थूलसूक्ष्म शरीरादि स्थिर जङ्गममा पनि ॥

मिलेको सरि देखिन्छ तर आत्मा तटस्थ छ ।
अधिष्ठान भनौं यद्वा साक्षी भैकन बस्तछ ॥
आत्माको बाध नै हुन्न तीनोटै कालमा कहीं ।
सत्यको रूपले बस्छ आत्मामात्रै जहींतहीं ॥
त्यौ सत्यरूपले बस्ने आत्मा हौ जगदीश्वर ।
तिमी नै हौ प्रभो ! साक्षात् ब्रह्मरूप परात्पर ॥

(१७)

उदरमुपासते य ऋषिवर्त्मसु कूर्पदृशः
परिसरपद्धतिं हृदयमारुणयो दहरम् ।
तत उदगादनन्त तव धाम शिरः परमं
पुनरिह यत् समेत्य न पतन्ति कृतान्तमुखे ॥

ऋषिका वंशमा जो छन् रजोगुण समुद्भव ।
अन्तःस्करणको शुद्धि हुदैन तिनको तब ॥
त्यस्ता साधकले गर्छन् पेटको मणिपुरमा-
उपासना सधैं सम्झी ब्रह्मको यस रूपमा ॥

शुद्धान्त चित्तका मान्छे अरुणादिहरू सब ।
नाडीहरू जहाँबाट फैलन्छन् भई उद्भव ॥
त्यही नै हृदयाकाश जुन हो केन्द्र भन्दछन् ।
हृदयाकाशमा सूक्ष्म ब्रह्मको ध्यान गर्दछन् ॥

अद्वैत ब्रह्ममा लाने सुषुम्ना नाडी हो जुन ।
हृदयैबाट नै जान्छ ब्रह्मको रन्ध्रमा छुन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले यसरी गर्छ ब्रहमत्व प्राप्ति सर्वशः ।
उसले पर्नु पर्दैन जन्मेर यमका वश ॥

(१८)

स्वकृतविचित्रयोनिषु विशन्निव हेतुतया
तरतमतश्चकास्स्यनलवत् स्वकृतानुकृतिः ।
अथ वितथास्वमूष्ववितथं तव धाम समं
विरजधियोऽन्वयन्त्यभिविपण्यव एकरसम् ॥

भगवन् ! सिर्जना तिम्रै जति छन् योनि यी सब ।
उपादान भई बस्छौ सबैका साथमा तब ॥
जसरी अग्निले भेद नराखीकन काठमा ।
उस्तै आकार भै बस्छन् वाङ्गो सोझो समस्तमा ॥

त्यस्तै हजुर आफ्ना नै सम्पूर्ण जीवसृष्टिमा ।
त्यसै आकारले बस्छौ अज्ञका द्वैत दृष्टिमा ॥
यसैकारण तत्वज्ञ सारा बाध गरीकन ।
परब्रहम उनैको नै गर्दछन् नित्य चिन्तन ॥

(१९)

स्वकृतपुरेष्वमीष्वबहिरन्तरसंवरणं
तव पुरुषं वदन्त्यखिलशक्तिधृतोंऽशकृतम् ।
इति नृगतिं विविच्य कवयो निगमावपनं
भवत उपासतेऽङ्घ्रिमभवं भुवि विश्वसिताः ॥

आफ्ना कर्महरूद्वारा उपार्जित शरीरमा ।
जीवात्मा भई जो बस्छ कर्ताभोक्तास्वरूपमा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पूर्ण भेदले शून्य तिमी नै हौ परात्पर ।
जीव हो प्रभुकै अंश भन्छन् शास्त्रहरू तर ॥

जीवात्मा सबको यस्तो बुझी स्वरूप निर्मल ।
मुमुक्षु जनले गर्छन् विचार मोक्षको फल ॥
प्राप्त गर्न यहाँ तिम्रै पाउका खेतमा सदा ।
रोप्नु पर्दछ निष्काम बीउ सर्वांश सर्वदा ॥

(२०)

दुरवगमात्मतत्त्वनिगमाय तवात्ततनो-
श्चरितमहामृताब्धिपरिवर्तपरिश्रमणाः ।
न परिलषन्ति केचिदपवर्गमपीश्वर ते
चरणसरोजहंसकुलसङ्गविसृष्टगृहाः ॥

गराउन भनी ज्ञान दुर्बोध आत्मतत्वको ।
अवतार लिनु हुन्छ गर्दै लीला अपारको ॥
जिज्ञासु भक्तले तिम्रा लीला अमृतको रस ।
पिएर तर्दछन् पार नपरी कालका वश ॥
सायुज्य मुक्त ती हुन्छन् कोही भक्त भने तर ।
मुक्तिको पनि गर्दैनन् इच्छा हे जगदीश्वर !.

(२१)

त्वदनुपथं कुलायमिदमात्मसुहृत्प्रियवच्-
चरति तथोन्मुखे त्वयि हिते प्रिय आत्मनि च ।
न बत रमन्त्यहो असदुपासनयाऽऽत्महनो
यदनुशया भ्रमन्त्युरुभये कुशरीरभृतः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनाशी देहले चाहे सेवा गर्न हजूरको ।
सक्छ आत्मा सुहृद् जस्तै उद्धार गर्न व्यक्तिको ॥
भक्तकै हितका निम्ति छौ सधैँ प्रभु तत्पर ।
भक्तमा गर्दछौ प्रेम दिन्छौ दृष्टि निरन्तर ॥
जीवात्माहरू गर्दैनन् तिम्रो भक्ति अझै भने ।
अभागी हुन् हरे ! ती ता लाग्छन् सन्सारमै भने ॥

(२२)

निभृतमरुन्मनोऽक्षदृढयोगयुजो हृदि यन्-
मुनय उपासते तदरयोऽपि ययुः स्मरणात् ।
स्त्रिय उरगेन्द्रभोगभुजदण्डविषक्तधियो
वयमपि ते समाः समदृशोऽङ्घ्रिसरोजसुधाः ॥

असत् पदार्थमा लागी वासनाग्रस्त भैकन ।
विभिन्न योनिमा घुम्दै पर्छ मर्न र जन्मन ॥
भगवन् ! सम्झना तिम्रो जल्ले गर्छ निरन्तर ।
भवबन्धन तोडेर त्यो तर्छ भवसागर ॥

योगी हृदयमा गर्छन् ध्यान, हामी सधैँभर-
गर्छौं चिन्तन, गोपीले काममा भई तत्पर ॥
गर्थे स्मरण, वैरीले शत्रुभाव लिईकन-
गर्छन् चिन्तन, जेले होस् दिई हजूरमै मन ॥
गरे स्मरण साराले अन्त्यमा ती सबै जन-
तरे दुस्तर सन्सार, गए मोक्ष भईकन ॥

(२३)

क इह नु वेद बतावरजन्मलयोऽग्रसरं
यत उदगादृषिर्यमनु देवगणा उभये ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर्हि न सन्न चासदुभयं न च कालजवः
किमपि न तत्र शास्त्रमवकृष्य शयीत यदा ॥

तिमी छौ भगवन् ! सृष्टि हुनुभन्दा अगाडिका ।
मृत्युधर्मा सबै प्राणी आएका हुन् पछाडिका ॥
कसरी जान्नु यस्ताले जस्को छैन कुनै गति ।
जन्मिए पहिले ब्रह्मा चौधै भुवनका पति ॥

आध्यात्मिकसँगै फेरि भेद भौतिकले गरी ।
पछाडि जन्मिए सारा द्यौताहरू दुई थरी ॥
सुत्तछौ जब हे नाथ ! समेटी सब शेषमा ।
जान्ने साधन नै हुन्नन् रहँदैनन् विशेषमा ॥

माया र उसका कार्य गुण कालात्म क्षोभक ।
साराको हुन्न अस्तित्व कहाँ हुन् इन्द्रियादिक ॥
वेदको पनि अस्तित्व रहन्न जहिले जहाँ ।
जीवात्मा कसरी जान्ला कुन साधनले कहाँ ?

(२४)

जनिमसतः सतो मृतिमुतात्मनि ये च भिदां
विपणमृतं स्मरन्त्युपदिशन्ति त आरुपितैः ।
त्रिगुणमयः पुमानिति भिदा यदबोधकृता
त्वयि न ततः परत्र स भवेदवबोधरसे ॥

कोही भन्छन् असत् नै हो जगत्को सृष्टि कारक ।
भन्छन् सद्दुःखको नाश कोही हो मोक्ष द्वारक ॥
कसैले मान्दछन् फेरि आत्माहरू अनेकन ।
मान्छन् क्वै कर्मले प्राप्त लोक सत्य भनीकन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी सारा मत या वाद देखिन्छन् भ्रममूलक ।
गरी आरोप सर्वांश बनेका उपदेशक ॥
तिमी छौ त्रिगुणातीत मान्छे त्रिगुणयुक्त छ ।
तिमी हौ ज्ञानका रूप जो सधैँ भेदमुक्त छ ॥

(२५)

सदिव मनस्त्रिवृत्त्वयि विभात्यसदामनुजात्
सदभि मृशन्त्यशेषमिदमात्मतयाऽऽत्मविदः ।
न हि विकृतिं त्यजन्ति कनकस्य तदात्मतया
स्वकृतमनुप्रविष्टमिदमात्मतयावसितम् ॥

त्रिगुणात्मक सन्सार साथै पुरुष यो पनि ।
मनोविलास मात्रै हो छैन तात्त्विक क्यै पनि ॥
यी दुवै तत्वले प्राप्त सत्ता हजुरको गरी ।
असत् भए पनि सत्झैँ हुन्छन् प्रतीत बेसरी ॥

आत्मज्ञानीहरू भोक्ता भोग्यका रूपमा पनि ।
जगत् ठानेर सम्झन्छन् आत्मा नै सब हो भनी ॥
जसरी सुनका बाला अन्ती कुण्डल जे पनि ।
बुझ्नेले सब नै लिन्छन् यी सारा सुन हुन् भनी ॥

(२६)

तव परि ये चरन्त्यखिलसत्त्वनिकेततया
त उत पदाऽऽक्रमन्त्यविगणय्य शिरो निर्ऋतेः ।
परिवयसे पशूनिव गिरा विबुधानपि तां-
स्त्वयि कृतसौहृदाः खलु पुनन्ति न ये विमुखाः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जल्ले सम्पूर्ण प्राणीको निवासस्थान हो भनी ।
गर्छन् भजन सद्भक्ति प्रभुका दास नै बनी ॥
तिनले मृत्युको माथ टेकेर मुक्ति पाउँछन् ।
तिनले दुष्कृति कर्म आफ्ना सारा हटाउँछन् ॥

तर जोछन् तपाईका भक्तिदेखि सधैं पर ।
विद्वान् भए पनि पर्छन् कर्मबन्धनमा तर ॥
वेदका वाक्यका डोरीद्वारा बन्धित भैकन ।
यही सन्सारमा घुम्छन् सक्तैनन् काट्न बन्धन ॥

तिम्रा प्रेमीहरू जो छन् आफैं पवित्र भैकन ।
पार्छन् पवित्र ती सारा तर्दछन् मोक्ष भैकन ॥
तिम्रा विमुख जो जो छन् तिम्रा सत्सङ्गले पर ।
तर्न ती कसरी सक्लान् जो छ यो भव दुस्तर ॥

(२७)

त्वमकरणः स्वराडखिलकारकशक्तिधर-
स्तव बलिमुद्वहन्ति समदन्त्यजयानिमिषाः ।
वर्षभुजोऽखिलक्षितिपतेरिव विश्वसृजो
विदधति यत्र ये त्वधिकृता भवतश्चकिताः ॥

छैनन् करण हे नाथ ! तिमीमा तर ती सब ।
तिमीबाटै भएका हुन् सारा करण उद्भव ॥
नियन्त्रक तिमी नै हौ सञ्चालक सबै तिमी
विनाकरणले गर्छौ सारा कर्महरू तिमी ॥

इन्द्रादि देवता सारा तिम्रा नै वशमा परी ।
आज्ञाको पालना गर्छन् साना राजाहरू सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसरी चक्रवर्तीका वशमा भै भुरेहरू ।
उठाइ कर सम्राट्मा बुझाउँछन् खुरूखुरू ।
त्यसै गरेर इन्द्रादि यज्ञभाग लिईकन ।
गर्दछन् त्यसको भाग तिमीमा नै समर्पण ॥

(२८)

स्थिरचरजातयः स्युरजयोत्थनिमित्तयुजो
विहर उदीक्षया यदि परस्य विमुक्त ततः ।
न हि परमस्य कश्चिदपरो न परश्च भवेद्
वियत इवापदस्य तव शून्यतुलां दधतः ॥

हे विमुक्त ! जसै गर्छौ क्रीडा मायासँगै लिई ।
गर्छौ सिरजना प्राणी पूर्व कर्महरू दिई ॥
तिमी ता शून्य जस्तै छौ वाणी हृत्देखि छौ पर ।
सम छौ सबमा नाथ ! टाढा नजिक को छ र ?

(२९)

अपरिमिता ध्रुवास्तनुभृतो यदि सर्वगता-
स्तर्हि न शास्यतेति नियमो ध्रुव नेतरथा ।
अजनि च यन्मयं तदविमुच्य नियन्तृ भवेत्
सममनुजानतां यदमतं मतदुष्टतया ॥

जगत्मा जति छन् जीव हजूरै सरि नै सब ।
सर्वव्यापक औ नित्य बनेमा हुन्छ के तब ॥
तिमी समान नै होलान् सब, शासक शासित-
न होला क्वै र बन्नेछ सारा उद्दण्ड भ्रंशित ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्ने छैनौ तिमी गर्न नियन्त्रण र शासन ।
बद्‌ला उद्‌दण्डता साथै होला अति कुशासन ॥
यसैकारणले नाथ ! तिमी उच्च नियन्त्रक ।
भएमामात्र नै चल्छ तिम्रो शासनको हक ॥

सम्पूर्ण जीवको सृष्टि एकता र विभिन्नता ।
तिमीबाटै भएको छ, सम छौ सबका पिता ॥
तिमी अगम्य छौ नाथ ! बुद्धिभन्दा तिमी पर ।
जानेको जसले भन्छ जान्दैन त्यसले तर ॥

बुद्धिले जति जानिन्छ त्यो हो विषय केवल ।
बुद्धिको भिन्नता जस्तै बन्छन् भिन्न परस्पर ॥
कसैले ब्रह्म जान्दैन जानिने मत दुष्ट हो ।
जानिने ब्रह्म नै हैन यही वाक्य प्रपुष्ट हो ॥

(३०)

न घटत उद्भवः प्रकृतिपूरुषयोरजयो-
रुभययुजा भवन्त्यसुभृतो जलबुद्‌बुदवत् ।
त्वयि त इमे ततो विविधनामगुणैः परमे
सरित इवार्णवे मधुनि लिल्युरशेषरसाः ॥

अजन्मा छन् सधैँ नाथ ! पुरुष प्रकृति पनि ।
जीवको सिर्जना गर्छन् दुवै मिलेर तै पनि ॥
जलबुद्‌बुदझैँ हुन्छ जन्म आखिरमा गई ।
तिमीमै मिल्दछन् जीव एकाकार सरी भई ॥

अध्यस्त यी दुईबाट उत्पन्न जीव यी सब ।
सुषुप्ति अनि संहार हुँदा उपाधि वैभव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका प्रभुका साथ गएर सब मिल्दछन् ।
जसरी महमा सारा फूलका रस मिल्दछन् ॥
जीवको मुक्तिको वेला निरुपाधिक नाथमा ।
मिल्दछन् जसरी सारा नदी मिल्छन् समुद्रमा ॥

(३१)

नृषु तव मायया भ्रमममीष्ववगत्य भृशं
त्वयि सुधियोऽभवे दधति भावमनुप्रभवम् ।
कथमनुवर्ततां भवभयं तव यद् भ्रुकुटिः
सृजति मुहुस्त्रिणेमिरभवच्छरणेषु भयम् ॥

माया हजुरकी पार्छे भ्रम मानिसमा सदा ।
भनी बुझ्नेहरू गर्छन् तिम्रो नै भक्ति सर्वदा ॥
तिम्रो शरणमा जो जो आउँछन् तीहरूकन ।
छुँदैन भवभीतिले गर्दछौ नित्य रक्षण ॥

चिसो तातो र वर्षा यी गरेर आँखिभौं जुन ।
बाडिएको छ तिम्रो नै कालका रूपमा तन ॥
त्यल्ले भक्तहरूलाई छुँदैन कहिल्यै पनि ।
पर्दछन् यसका फन्दा अभक्त जहिल्यै पनि ॥

(३२)

विजितहृषीकवायुभिरदान्तमनस्तुरगं
य इह यतन्ति यन्तुमतिलोलमुपायखिदः ।
व्यसनशतान्विताः समवहाय गुरोश्चरणं
वणिज इवाज सन्त्यकृतकर्णधरा जलधौ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोडेर गुरुका पाउ अरू साधन लीकन ।
रोक्नै नसकिने कोही रोक्न खोज्छ भने मन ॥
जहाज जसरी माझीविना बीच समुद्रमा ।
डुब्छ, त्यस्तै गरी मान्छे डुब्छ दुःखसमुद्रमा ॥

(३३)

स्वजनसुतात्मदारधनधामधरासुरथै-
स्त्वयि सति किं नृणां श्रयत आत्मनि सर्वरसे ।
इति सदजानतां मिथुनतो रतये चरतां
सुखयति को न्विह स्वविहते स्वनिरस्तभगे ॥

अखण्ड अनि आनन्दस्वरूप शरणागत-
जनका प्रभु हौ आत्मा तिमी हौ खास तागत ॥
हे प्रभो ! जब छौ साथ तिमी आत्मा तिमी मन ।
पुत्र स्वजन देहादि यिनको के प्रयोजन ?

बिर्सेर सब यो सत्य फसेर स्त्रीसुखादिमा ।
भएका छन् सधैं मस्त मायिक तुच्छ वस्तुमा ॥
सन्सारमा कहाँ मिल्छ नित्य शाश्वत चिन्मय-
वस्तु, जस्बाट पाइन्छ स्थायी सुख निरामय ॥

(३४)

भुवि पुरुपुण्यतीर्थसदनान्यृषयो विमदा-
स्त उत भवत्पदाम्बुजहृदोऽघभिदङ्घ्रिजलाः ।
दधति सकृन्मनस्त्वयि य आत्मनि नित्यसुखे
न पुनरुपासते पुरुषसारहरावसथान् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवन्! जति छन् सन्त ऐश्वर्य आदिले पर।
तिनै हुन् यस धर्तीका पवित्र तीर्थ सुन्दर॥
जल्ले हृदयमा राख्छन् तिम्रा पाउ निरन्तर।
त्यसै कारणले बन्छन् पापहर्ता विमत्सर॥

नित्य आनन्दका मूर्ति आत्मा हौ सबका तिमी।
सम्झना गर्छ जो दिन्छौ भुक्ति मुक्ति दुवै तिमी॥
देह गेहहरू हर्छन् विवेकादि सबै गुण।
यसैले सन्तले गर्छन् तिम्रै भजन कीर्तन॥

(३५)

सत इदमुत्थितं सदिति चेन्ननु तर्कहतं
व्यभिचरति क्व च क्व च मृषा न तथोभययुक्।
व्यवहृतये विकल्प इषितोऽन्धपरम्परया
भ्रमयति भारती त उरुवृत्तिभिरुक्थजडान्॥

सद्ब्रह्मबाट उत्पन्न यो जगत् सत्य हो भनी-
भन्नुमा तर्कले सिद्ध देखिन्न कहिल्यै पनि॥
व्यभिचार कहीं हुन्छ सत्यबाट असत्यको-
उत्पत्ति पनि देखिन्छ मिथ्या कारण कार्यको॥

मिथ्या हो दृश्य सन्सार तर यो व्यवहारमा-
प्रतीति सत्यझैं हुन्छ सारा अज्ञान कालमा॥
नबुझी सब यो तथ्य जल्ले यो सत्य मान्दछ।
तिम्रो नै वेदवाणीका कर्मकासाथ घुम्दछ॥

(३६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न यदिदमग्र आस न भविष्यदतो निधना-
दनुमितमन्तरा त्वयि विभाति मृषैकरसे ।
अत उपमीयते द्रविणजातिविकल्पपथै-
र्वितथमनोविलासमृतमित्यवयन्त्यबुधाः ॥

सन्सार सृष्टिका पैले सृष्टिका पछि नै पनि ।
थिएन र हुँदै हुन्न मिथ्या नै हो सधैं अनि ॥
बीचमा झूट सन्सार सत्ता पाइ हजूरको ।
प्रतीति हुन्छ साँचोझैं दृष्टिमा यो अबुद्धको ॥
मनोविलास हो सारा जल्ले यो सत्य ठान्दछ ।
त्यो हो अबुझ अज्ञानी यही नै शास्त्र भन्दछ ॥

(३७)

स यदजया त्वजामनुशयीत गुणांश्च जुषन्
भजति सरूपतां तदनु मृत्युमपेतभगः ।
त्वमुत जहासि तामहिरिव त्वचमात्तभगो
महसि महीयसेऽष्टगुणितेऽपरिमेयभगः ॥

भगवन्! जब यो जीव मायाकावश पर्दछ ।
स्वरूपभूत आनन्द ढाकिन्छ पर सर्दछ ॥
गुणका वृत्तिका साथै देह इन्द्रियकासँग ।
फँसेर उनकै साथ रमाउँछ मजासँग ॥

आफ्नू स्वरूप बिर्सेर सन्सार घुम्न थाल्दछ ।
भएर पूर्ण अध्यस्त यसैमा झुम्न थाल्दछ ॥
तपाई तर हेनाथ ! सर्पले काँचुली सरी ।
फ्याँकेर जड यो माया बस्नु हुन्छ सधैंभरि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐश्वर्य सब छन् प्राप्त अथाह प्रभुमा सदा ।
अणिमादिक सम्पत्का साथमा राज सर्वदा ॥

(३८)

यदि न समुद्धरन्ति यतयो हृदि कामजटा
दुरधिगमोऽसतां हृदि गतोऽस्मृतकण्ठमणिः ।
असुतृपयोगिनामुभयतोऽप्यसुखं भगवन्-
नपगतान्तकादनधिरूढपदाद् भवतः ॥

योगीले जहिलेसम्म अन्तर्हृदयमा स्थित-
वासना नाश गर्दैनन् उखेलेर जरैसित ॥
त्यस्ता कुत्सित योगीका भित्रै तिमी भए पनि ।
सधैँ अप्राप्य नै हुन्छौ गलाको मणिझैँ बनी ॥
ती योगी जनका लागि अप्राप्य मात्र होइन ।
तिमी काल दुवैबाट भय हुन्छ तिनीकन ॥

(३९)

त्वदवगमी न वेत्ति भवदुत्थशुभाशुभयो-
र्गुणविगुणान्वयांस्तर्हि देहभृतां च गिरः ।
अनुयुगमन्वहं सगुण गीतपरम्परया
श्रवणभृतो यतस्त्वमपवर्गगतिर्मनुजैः ॥

योगीले प्रभुको खास स्वरूप जब जान्दछ ।
शुभाशुभ सबै कर्म फल झन् तुच्छ मान्दछ ॥
वेदको वाक्य छोडेर गरी भक्ति निरन्तर ।
अनासक्त बनी भक्त कर्ममा हुन्न तत्पर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्येक युगमा प्राप्य सम्प्रदायानुसारको ।
सुनी हजूरको कीर्ति कथा शास्त्रानुसारको ॥
चित्तमा धारणा गर्ने भक्तलाई सधैंभर ।
दिन कैवल्य सन्मुक्ति सधैं छौ नाथ ! तत्पर ॥

(४०)

द्युपतय एव ते न ययुरन्तमनन्ततया
त्वमपि यदन्तराण्डनिचया ननु सावरणाः ।
ख इव रजांसि वान्ति वयसा सह यच्छ्रुतय-
स्त्वयि हि फलन्त्यतन्निरसनेन भवन्निधनाः ॥

भगवन् ! प्रभुको शक्ति स्वर्गका देवता पनि ।
जान्दैनन्, प्रभु आफैं नै जान्दैनौं यत्ति हो भनी ॥
तिम्रो ऐश्वर्यको सीमा छँदै छैन अनन्त छ ।
यस्तो अनन्तको अन्त कसले अनि जान्दछ ॥

आकाशमा धुलो जस्तै तिम्रो भित्र अनन्त ती ।
ब्रह्माण्ड घुम्दछन् सारा बनेर अणु मात्र ती ॥
तिम्रो ज्ञान गराएर कृतकृत्य सधैं हुने ।
वेदको काम नै त्यै हो भित्रको मल जो धुने ॥
वेदले प्रभु बाहेक केही छैन भनीकन ।
तात्पर्यवृत्तिकाद्वारा बन्दछन् ती समर्पण ॥

(४१)

श्रीभगवान् भन्नुहुन्छ-
इत्येतद् ब्रह्मणः पुत्रा आश्रुत्यात्मानुशासनम् ।
सनन्दनमथानर्चुः सिद्धा ज्ञात्वाऽऽत्मनो गतिम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी सनकादिको जीवब्रह्मैक्य भाषण ।
सुनेर, सबले पूजा गरे खुशी भईकन ॥

(४२)

इत्यशेषसमाम्नायपुराणोपनिषद्रसः ।
समुद्‌धृतः पूर्वजातैर्व्योमयानैर्महात्मभिः ॥

सनकादि मुनि श्रेष्ठ जेठा हुन् सबमा सब ।
बताए तिनले सारा शास्त्रको सार वैभव ॥

(४३)

त्वं चैतद् ब्रह्मदायाद श्रद्धयाऽऽत्मानुशासनम् ।
धारयंश्चर गां कामं कामानां भर्जनं नृणाम् ॥

हे नारद ! तिमी खास ब्रह्माकै एक पुत्र हौ ।
सनकादिहरू जस्तै ज्ञानका हकदार हौ ॥
श्रद्धाका साथ देवर्षे ! ब्रह्मविद्या लिईकन ।
मान्छेका वासना पाप गरेर सब भर्जन ॥
स्वच्छन्दभावका साथ घुमेर धरती भरि ।
गर जीवन साफल्य होलान् खुश सधैं हरि ॥

(४४)

श्रीशुकदेव भन्नुहुन्छ–
एवं स ऋषिणाऽऽदिष्टं गृहीत्वा श्रद्धयाऽऽत्मवान् ।
पूर्णः श्रुतधरो राजन्नाह वीरव्रतो मुनिः ॥

हे राजन् ! मुनि देवर्षि हुन् ज्ञानी पूर्ण नैष्ठिक ।
जे सुन्थे सब सम्झन्थे ब्रह्मचारी थिए ठिक ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायण स्वयंबाट उपदेश सबै सुनी ।
श्रद्धापूर्वक ती थाले भन्न फेरि उनै मुनि ॥

(४५)

नारदजी भन्नुहुन्छ-

नमस्तस्मै भगवते कृष्णायामलकीर्तये ।
यो धत्ते सर्वभूतानामभवायोशतीः कलाः ॥

भगवन् ! प्रभु हौ कृष्ण सच्चिदानन्द विग्रह ।
पवित्र कीर्तिले युक्त कल्याण अनि निग्रह ॥
गर्दछौ सबको नाथ ! मोक्षका लागि नै भनी ।
अवतार तिमी लिन्छौ कमनीय सधैँ बनी ॥

(४६)

श्रीशुकदेव भन्नुहुन्छ-

इत्याद्यमृषिमानम्य तच्छिष्यांश्च महात्मनः ।
ततोऽगादाश्रमं साक्षात् पितुर्द्वैपायनस्य मे ॥

राजन् ! यसरी देवर्षि सँगै ऋर्षिहरू पनि ।
प्रभुको शिष्यका साथ नमस्कार गरी अनि ॥
गरे प्रस्थान सोझै नै नहेरेर कतैतिर ।
मेरा पिता जहाँ बस्थे सोही आश्रमकातिर ॥

(४७)

सभाजितो भगवता कृतासनपरिग्रहः ।
तस्मै तद् वर्णयामास नारायणमुखाच्छ्रुतम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यासले पनि अत्यन्त खुशी भै पूजनादिक-
गरे नारदको राजन् ! भएर अति भावुक ॥
बसी नारदले थाले भन्न श्रीव्याससकासँग-
सुनेथे जुन वेदान्त स्वयं श्रीभगवान्सँग ॥

(४८)

इत्येतद् वर्णितं राजन् यन्नः प्रश्नः कृतस्त्वया ।
यथा ब्रह्मण्यनिर्देश्ये निर्गुणेऽपि मनश्चरेत् ॥

राजन् ! जो छ निराकार मनवाणी अगोचर ।
समस्त गुणले दूर ब्रह्मको श्रुतिले तर ॥
सक्छन् कसरी गर्न गुणको खास वर्णन ।
जसमा पुग्न सक्तैनन् वाणीका साथमा मन ।
भन्ने तिम्रो थियो प्रश्न त्यसको सब उत्तर ।
दिएँ सङ्क्षेपमा मैले श्रुतिसम्वाद सुन्दर ॥

(४९)

योऽस्योऽत्प्रेक्षक आदिमध्यनिधने योऽव्यक्तजीवेश्वरो
यः सृष्ट्वेदमनुप्रविश्य ऋषिणा चक्रे पुरः शास्ति ताः ।
यं संपद्य जहात्यजामनुशयी सुप्तः कुलायं यथा
तं कैवल्यनिरस्तयोनिमभयं ध्यायेदजस्रं हरिम् ॥

हे राजन् ! जुन विश्वको सिरजना सङ्कल्पले गर्दछन् ।
पैलो मध्य र अन्त्यसम्म सबमा ढाकेर नै बस्तछन् ॥

स्वामी हुन् जननी र जीव दुइकै, सृष्टि गरी यो सब ।
पस्छन् साक्ष्य भएर भित्र सबमा भै देहको वैभव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिन्छन् पूर्ण अधीन, यो जीव पनि बिर्सेर सारा अरू ।
पाई पूर्ण सुषुप्ति निर्भय बनी सुत्ने न ली क्यै बरू ॥
पाइ आश्रय नाथको स्वतनुको छोडेर वास्ता पनि ।
मायाबाट हटेर यो अनुशयी बस्ने भई निर्गुणी ॥

ती हुन् केवल शुद्ध चिन्मय उनै संवेद्य विश्वात्मक ।
जस्मा कारण कार्य या प्रकृतिको देखिन्न केही हक ॥
सारा कारण कार्यदेखि पर भै भीति नहुने स्थल ।
गर्नै पर्दछ चिन्तना सकलले त्यै तत्त्वको हर्पल ॥

भागवत १०।८७।१-५०

(५०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकको सङ्क्षिप्त परिचय

जन्म : सम्वत् १९९५ साल वैशाख

जन्मस्थान : रावालामीडाँडा, खोटाङ जिल्ला

शिक्षा :
१. शास्त्री (शाङ्कर वेदान्त) त्रि.वि.वि.
२. बी.ए. (अङ्ग्रेजी) ”
३. बी.एल्. (विधिशास्त्र) ”
४. एम्.ए. (नेपाली) ”
५. Post Graduate Studies in Public Administration in Manchester University in Great Britain.
६. Study of Victimology and Victims Rights in Japan.

यसैगरी अमेरिकाका र अष्ट्रेलियाका विभिन्न विश्वविद्यालयहरूमा प्रशासन र शिक्षा सम्वन्धी विषयमा अध्ययन गरेको ।

भ्रमण : संयुक्तराज्य अमेरिका, वेलायत, जर्मनी, फ्रान्स, अष्ट्रिया, नेदरल्याण्ड्स, थाइल्याण्ड, फिलिप्पिन्स, भियटनाम, सिङ्गापुर, कोरिया, गणतन्त्र चीन, हङ्कङ्ग, इण्डोनेशिया, जापान, अष्ट्रेलिया आदि देशहरूको भ्रमण गरेको ।

प्रकाशन :

१.	“उसैको लागि” र “फेरि उसैको लागि” एक अध्ययन, समीक्षात्मक ग्रन्थ	२०२६
२.	ऋतुमन्थन, समीक्षात्मक ग्रन्थ	२०४४
३.	सिर्जनाका फूलहरू, कवितासङ्ग्रह	२०५१
४.	वहादुर शाह, खण्डकाव्य	२०५२
५.	श्रद्धाञ्जलि, खण्डकाव्य	२०५२
६.	गीत तथा भजनहरू	२०५२
७.	अमरसिंहको चिट्ठी, खण्डकाव्य (ने.रा.प्र.प्र.)	२०५३
८.	क्रान्तिदूत, खण्डकाव्य	२०५३
९.	विविधयात्रा, कवितासङ्ग्रह (साझा प्रकाशन)	२०५५
१०.	यात्रैयात्रा, यात्राकवितासङ्ग्रह	२०५८
११.	पत्रैपत्र, पत्रात्मककवितासङ्ग्रह	२०५८
१२.	पृथ्वीविजय, ऐतिहासिक काव्य	२०६२
१३.	ज्ञान र भक्ति (श्रीराजर्षिजनकस्मृति कोषवाट प्रकाशित)	२०६३

प्रकाशोन्मुख :
१. यात्रावृत्तान्त (तीर्थयात्रा र अन्य यात्रा सम्वन्धी विवरण)
२. कवि र कविता (कवितासङ्ग्रह)
३. अनुस्मृति (जीवन वृत्तान्त)

रूचि : वेदान्त अध्ययन, श्रवण र लेखन । विभिन्न सामाजिक तथा धार्मिक संस्थाहरूमा संलग्न भई आत्मिक शान्तिका लागि काम गर्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal